# नेपाल समाचारपत्र

नेपाली मनको नेपाली पत्रिका

NEPAL SAMACHARPATRA

बिहीबार साउन ३१, २०७५ | Thursday, August 16, 2018 | www.newsofnepal.com | नेसं ११३८ गुँलाथ्व ५ | वर्ष २४, अंक २१८ | पृष्ठ १२ | मूल्य रु १०/–



२ { सामुदायिक वनबाट राजनीतिक छलाङ

३ { मंसिरबाट दाल भात तरकारी

५ { मानव तस्कर विमानस्थलबाट पक्राउ

९ { नागदहलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न जोड


# सिंहदरबार प्रवेशमा कडाइ

मधुसूदन रायमाझी, काठमाडौं

देशको प्रमुख प्रशासनिक निकाय सिंहदरबार प्रवेशमा थप कडाइ गरिने भएको छ। सिंहदरबारभित्र सामान्य काम लिएर पनि प्रवेश गर्नेको संख्या बढेपछि एकद्वार प्रणालीमार्फत सिंहदरबार प्रवेश गर्ने व्यवस्था गर्न लागिएको हो।

सिंहदरबारको अधिकार गाउँ-गाउँमा पुगेको भने पनि हाल दैनिक २५ सयभन्दा बढी नागरिक विभिन्न काम लिएर सिंहदरबार प्रवेश गर्ने गरेको प्रहरीको तथ्यांक छ। सिंहदरबारको चारवटै गेटमा डिजिटल गेट निर्माण गर्ने गृह मन्त्रालयअन्तर्गत रहेको सिंहदरबार सुरक्षा समन्वय समितिले गृहकार्य अगाडि बढाएको छ।

सिंहदरबारमा रहेको चार वटा गेटमध्ये दक्षिण गेटबाट मात्र हाल सर्वसाधारणका लागि खुला गरिएको छ। दक्षिण गेटमा सिंहदरबार प्रवेश गर्नेको भीड लाग्ने गरेको छ। स्थानीय र प्रदेश सरकार गठन भएर सञ्चालनमा आए पनि सिंहदरबारमा प्रवेशमा भने सर्वसाधारणको भीड कम हुन सकेको छैन।

सिंहदरबार सुरक्षा समन्वय समितिले चारवटै गेटमा डिजिटल गेट निर्माण गर्ने, एकद्वार प्रणालीबाट प्रवेश पास वितरण गर्ने र आवश्यक मानिस मात्र प्रवेश गर्ने गरी व्यवस्थापन गर्न लागेको हो। सिंहदरबारभित्र हाल प्रधानमन्त्री कार्यालयमा डिजिटल गेट सञ्चालनमा ल्याइएको छ। सिंहदरबारलाई प्रविधिमैत्री र सुरक्षित बनाउनका लागि समन्वय समितिले गेटमा ब्यागेज एक्सरे मेसिन जडान गर्ने, गाडी चेक गर्न भेइकल स्क्यानर भेकल मिरर जडान गर्ने तयारी गरेको छ।



गृह मन्त्रालयका सूचना अधिकारी एकदेव अधिकारीले सिंहदरबारलाई सुरक्षित र व्यवस्थित बनाउन प्रविधिमैत्री बनाउन लागिएको बताउनुभयो। उहाँले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'सिंहदरबारभित्रको शान्ति सुरक्षा व्यवस्थित गर्न चारवटै गेटमा डिजिटल गेट राख्ने गृहकार्य भइरहेको छ, छिट्टै नै सिंहदरबार प्रविधिमैत्री बन्छ।'

सिंहदरबार सुरक्षा समन्वय समितिले तत्कालीन, अल्पकालीन र दीर्घकालीनरूपमा सिंहदरबारलाई कसरी प्रविधिमैत्री बनाएर लैजान सकिन्छ भन्ने विषयमा छलफल गरिरहेको छ। उहाँका अनुसार समितिले सिंहदरबारभित्र अनावश्यकरूपमा सर्वसाधारण प्रवेश गर्दा मन्त्री र सचिवको कार्यतालिका नै प्रभावित हुने गरेकाले आगामी दिनमा दिन नै तोकेर मन्त्री र सचिवले सर्वसाधारणसँग भेट गर्ने व्यवस्था मिलाइने गृहकार्य भइरहेको छ। सिंहदरबारभित्र विकास निर्माणको योजना माग्ने, मागपत्र, ज्ञापनपत्रलगायतका विषय लिएर सरोकारवाला निकाय र सर्वसाधारण दैनिकरूपमा आउँदा नीति निर्माण तहमा नै असहज भएको बताउँदै अधिकारीले कार्यतालिका निर्माण गरेर नै भेटघाटको व्यवस्था गर्न लागिएको बताउनुभयो।

प्रविधिमैत्री सिंहदरबार बनाउन सरकारले यस आर्थिक वर्षमा बजेट नै विनियोजन गरेको छ। सर्वसाधारण नागरिकले प्रधानमन्त्री कार्यालय र गृह मन्त्रालयबाट मात्र अब प्रवेश पास पाउने भएका छन्। हाल प्रत्येक मन्त्रालयले गेटमा प्रवेश पास पठाउँदै आएका छन्। सिंहदरबार प्रवेश गर्नका लागि कर्मचारीको पनि डिजिटल कार्ड हुनुका साथै सर्वसाधारणका लागि छुट्टै पास हुने बताउँदै अधिकारीले भन्नुभयो- 'डिजिटल कार्डको कन्ट्रोल एउटा केन्द्रबाट मात्र हुन्छ, डिजिटल रेकर्ड राख्दा बदमासी गर्नेलाई तत्काल नै पक्राउ गर्न सकिन्छ।'

(क्रमशः पृष्ठ ९ मा)

- दक्षिण गेटबाट भित्रने, पूर्वी गेटबाट बाहिरिने
- सुरक्षाको गेट सर्वसाधारणलाई बन्द
- प्रविधिमैत्री सिंहदरबार बनाइने
- चारवटै गेटमा डिजिटल गेट राख्ने
- भीड घटाउन एकद्वार प्रवेश पास
- गृह र प्रधानमन्त्री कार्यालयले मात्र पास दिन सक्ने

समृद्ध नेपालको नमुना चिलिङ्दिन

# एउटै वडामा १२ करोडको अकबरे

गणेश साम्पाङ, पाँचथर

पाँचथरको फालगुनन्द गाउँपालिका-१ साविकको चिलिङ्दिन गाविसलाई केही वर्षअघिसम्म विपन्न गाविसका रूपमा चिनिन्थ्यो तर अहिले त्यही गाविसका बासिन्दा सम्पन्न तथा भाग्यमानी भएका छन्।

'७/८ वर्षअघि यो गाउँमा मकै, कोदो, धान खेती हुन्थ्यो। बजारमा बिक्री गर्ने कुनै वस्तु थिएन, स्थानीयबासीको आयस्रोतको बाटो थिएन। तर, अहिले त्यही वडाका स्थानीय व्यावसायिकरूपमा अकबरे खोर्सानी बिक्रीबाट राम्रो फाइदा लिइरहेका छन्।' -सोही वडाका वडा सदस्य कवीन्द्रप्रसाद लावती भन्छन्।

केही वर्षअघिदेखि शुरू गरिएको अकबरे खुर्सानी खेतीले अहिले व्यावसायिकता पाएको छ। 'सबै परिवारले अकबरे खुर्सानी खेती गरेका छन्। नहुनेले पनि १/२ रोपनीमा अकबरे लगाएका छन्।' -स्थानीय कृषक भीमकुमार नेम्वाङ भन्नुहुन्छ। अकबरे खुर्सानी खेती नगर्दासम्म आफ्नो अवस्था निकै नाजुक भएको र अहिले २/३ रोपनी जमिनमा अकबरेको खेती गरेको स्थानीय कृषक रेवतकुमार नेम्वाङले बताउनुभयो। उहाँले भन्नुभयो- 'अहिले एक सिजनमा २ लाख बढी हुन्छ, केही गर्न नसके पनि अहिले छोरालाई काठमाडौंको निजी क्याम्पसमा पढाउँदै छु।'

रेवतले जस्तै रत्न नेम्वाङले पनि अकबरे खुर्सानीकै कमाइबाट आफ्ना छोराछोरीलाई बिर्तामोडमा पढाइरहनुभएको छ। अकबरेको कमाइले सम्पत्ति जोड्ने थुप्रै छन्। थोरै कमाउनेले पनि एक सिजनमा १ लाखदेखि ४ लाखसम्म कमाउने गरेका छन्। अकबरेको कमाइले छोराछोरीलाई उच्च शिक्षा पढाउने तथा राम्रो घर बनाउने गाउँमा थुप्रै भएको वडा अध्यक्ष लावतीले बताउनुभयो।



गाउँमा अकबरे खुर्सानीको उत्पादन बढ्दै गएपछि सबै कृषकलाई सहकारीमा संगठित गरी व्यावसायिकरूपमा उत्पादन गरेको सिरीजंगा साना किसान सहकारी संस्थाका अध्यक्ष तारावीर नेम्वाङले बताउनुभयो। 'अकबरेको उत्पादन शुरू भएपछि जिल्लाको एक गाउँ एक उत्पादन कार्यक्रममा चिलिङ्दिनको अकबरे परेको छ, यसले कृषकको आयस्रोत मात्र होइन पाँचथर जिल्लाको नेतृत्व नै गरेको छ।' -अध्यक्ष नेम्वाङको दाबी छ।

जिल्लाकै एक गाउँ एक उत्पादनमा पाँचथरमा अकबरे परेपछि यस खेतीलाई व्यावसायिक बनाउन सेवा केन्द्रमार्फत प्राविधिक सहयोग र आवश्यक सल्लाह सुझाव दिइरहेको जिल्ला कृषि विकास कार्यालय पाँचथरका प्रमुख कमलेशकुमार तिवारीले बताउनुभयो।

उत्पादन बढेसँगै स्थानीय बजारले थेग्न नसकेपछि इटहरीको एक उद्योगले वार्षिक २० देखि ३० टनसम्म अकबरे खोर्सानी किन्ने गरेको छ। यसपटक पनि सम्झौता हुन लागेको अध्यक्ष नेम्वाङले जानकारी दिनुभयो। बजारमा २ सयदेखि ३ सयसम्ममा पाइने अकबरे चिलिङ्दिन र आसपासमा गरी एक सिजनमा ५० टनभन्दा बढी उत्पादन हुने गरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

सडक निर्माणमा दुर्दशा

# बनेन चोभार–दक्षिणकाली सडक

सुरेश तामाङ, काठमाडौं

थप गरेको म्याद गुज्रे पनि चोभार-दक्षिणकाली-सिस्नेरी सडक विस्तारको काम अझै सकिने छाँटकाँट छैन।

संघीय राजधानीसँग प्रदेश नम्बर ३ को राजधानी जोड्ने यस सडक खण्डको चोभार-दक्षिणकाली-सिस्नेरी २१ किलोमिटर सडक खण्ड चौडा गरी दुई लेनको बनाउन २०७२ असारमा सम्झौता भएको थियो।

सम्झौताअनुसार २ वर्षभित्र सडक चौडा गर्ने, नाली खोल्ने, पर्खाल लगाउने, ग्राबेलिङ गर्नेलगायतका काम सम्पन्न गरिसक्नुपर्ने थियो। विभिन्न बाधा-व्यवधानले गर्दा सम्झौताअनुसार समयमै काम सम्पन्न नभएपछि गत जेठसम्म म्याद थप गरिएको थियो।

थप गरिएको म्याद गुज्रिसक्दासमेत सन्तोषजनक काम हुन नसकेपछि ठेकेदार पक्षले आफैंले दशैंभित्र काम सम्पन्न गरिसक्ने प्रतिबद्धता जनाएको डिभिजन सडक कार्यालय काठमाडौं-१ का इन्जिनियर अशोक शाक्यले बताउनुभयो।

'काम लगभग अन्तिम चरणमा पुगेको छ। ८० प्रतिशतसम्म काम सम्पन्न भयो होला,' इन्जिनियर शाक्यले भन्नुभयो- 'लिखित सहमति अहिलेसम्म भएको छैन। म्याद पनि सकिएको र काम पनि अन्तिम चरणमा पुगेकाले दशैंसम्म काम सम्पन्न गर्ने ठेकेदारबाट प्रतिबद्धता आएको छ।'

काठमाडौंबाट हेटौंडा हुँदै वीरगन्ज, सिमरा, कलैयालगायतका मध्य तराई जाने सयौं टाटासुमो दैनिक यही बाटो आवत-जावत गर्ने गरेका छन्। सडक विस्तारको काम सुस्त बन्दा यो सडक हुँदै जाने यात्रुले सास्ती व्यहोर्नुपरेको छ।

(क्रमशः पृष्ठ ९ मा)

# बिमस्टेक पाहुनालाई 'रिट्रिट' गोकर्णमा

काठमाडौं, (नेस)

बहुपक्षीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बंगालको खाडीको प्रयास (बिमस्टेक) को चौथो शिखर सम्मेलनमा काठमाडौं आउने राष्ट्र प्रमुख र सरकार प्रमुखको 'रिट्रिट भिजिट' गोकर्णस्थित गोकर्ण फरेस्ट रिसोर्टमा हुने भएको छ।

सम्मेलनको दोस्रो दिन आगामी भदौ १५ गते बिहानको 'रिट्रिट' नेपालले सो रिसोर्टमा दिने तयारी बढाएको छ। सदस्य राष्ट्र प्रमुख र सरकार प्रमुखले आगामी १५ गतेको ब्रेकफास्ट, चिया र कफीसहित गल्फको मज्जा गोकर्णमा लिनेछन्। 'मौसमका कारणले पाहुनालाई टाढा लाने सम्भावना नभएकाले नजिकको गन्तव्य खोज्दै छौं, सम्भवतः रिट्रिट गोकर्णमै हुन्छ।' -परराष्ट्र मन्त्रालयका एक उच्च अधिकारीले नेपाल समाचारपत्रसँग भने।

(क्रमशः पृष्ठ ९ मा)

# ८३ सम्पदाको पुनर्निर्माण सकियो

ईश्वरराज ढकाल, काठमाडौं

विश्व सम्पदा क्षेत्रमा सूचीकृत क्षतिग्रस्त उपत्यकाका ७ क्षेत्रका १ सय ५० सम्पदामध्ये ८३ वटाको पुनर्निर्माण सम्पन्न भएको छ। २०७२ सालको शक्तिशाली भूकम्पले क्षतिग्रस्त भएका ती सम्पदा ३ वर्षमा पुनर्निर्माण भएका हुन्।

पुरातत्त्व विभागका अनुसार सबैभन्दा बढी क्षति भएको काठमाडौंमा हालसम्म १५ सम्पदा पुनर्निर्माण सम्पन्न भएका छन्। पाटनमा १० र भक्तपुरमा १२ तथा पशुपति क्षेत्रका १० सम्पदाको पुनर्निर्माण सम्पन्न भएको छ। सबै सम्पदा क्षेत्रमा सम्पदा पुनर्निर्माण कार्य द्रुत गतिमा भइरहेको विभागले बताएको छ।

विभागका महानिर्देशक भेषनारायण दाहालले निरन्तररूपमा काम भए आगामी २ वर्षभित्र विश्व सम्पदा क्षेत्रका सबै सम्पदा पुनर्निर्माण भइसक्ने दाबी गर्नुभयो।

विश्व सम्पदा क्षेत्रमध्ये पाटन र भक्तपुरमा सबैभन्दा छिटो काम भएको छ। पाटनका अधिकांश सम्पदा पुनर्निर्माण अन्तिम चरणमा पुगेको छ। पाटनको भीमसेन मन्दिर स्थानीयको सहयोगमा पुनर्निर्माण भइरहेको छ।

विश्व सम्पदा क्षेत्रअन्तर्गत उपत्यकामा तीन दरबार क्षेत्र, चाँगुनारायण, स्वयम्भु, बौद्धनाथ र पशुपति क्षेत्र छन्। विभागका प्रवक्ता प्रमुख पुरातत्त्व अधिकृत रामबहादुर कुँवरले हनुमानढोका दरबार क्षेत्रका तलेजु, शिव मन्दिर, कागेश्वर, गद्दी बैठक, ठूलो नगरा, सरस्वती, देगु तलेजुलगायतमा सम्पदा पुनर्निर्माण भइसकेको बताउनुभयो।

त्यसै गरी लक्ष्मीनारायण, प्रताप मल्लको शालिक, पाटनको तलेजु आगम छें, मल्ल राजा योगनरेन्द्र मल्लको स्तम्भ, मणिमण्डप, भक्तपुरको खौम गेट, बद्रीनाथ, केदारनाथ, दुईवटा नारायण, शिव मन्दिरको पनि पुनर्निर्माण सम्पन्न भइसकेको छ।

> उपत्यकाका ७ विश्व सम्पदा

उहाँका अनुसार बौद्धनाथ क्षेत्र सबैभन्दा छिटो निर्माण भएको हो। स्थानीय र बौद्धनाथ विकास समितिको सहयोगमा बौद्धनाथको पुनर्निर्माण भएको थियो। पशुपति क्षेत्र विकास समितिको सहयोगमा पशुपतिनाथ क्षेत्रका १०, चाँगुनारायण क्षेत्रको चाँगुनारायण र तिलेश्वर, स्वयम्भुको प्रतापपुर, अनन्तपुर, आनन्दकुटी महाविहार, टासी गोयाङ गुम्बाको पुनर्निर्माण सम्पन्न भइसकेको छ। स्वयम्भुको स्वयम्भु महासमितिले पुनर्निर्माण गर्दै आइरहेको छ।

विश्व सम्पदा क्षेत्रमा ध्वस्त भएका पाटनका अधिकांश सम्पदा पुनर्निर्माण सम्पन्न हुने क्रममा रहेको विभागले जनाएको छ। विभागका महानिर्देशक दाहालले देशभर भूकम्पले क्षतिग्रस्त भएका सम्पदामध्ये ३ सय ९३ को पुनर्निर्माण भइरहेको र अन्य सम्पदा टेन्डर प्रक्रियामा जाने तयारी भइरहेको बताउनुभयो।

'भूकम्पले अतिप्रभावित र प्रभावित अन्य जिल्लाका करिब १ हजार सम्पदामा क्षति पुगेका छन्। तीमध्ये अधिकांश निर्माणको चरणमा रहेको छ।' -उहाँले भन्नुभयो।

(क्रमशः पृष्ठ ९ मा)




# महानगर

सामुदायिक वनको नेपाल मोडललाई ढिलै गरी अनुशरण गरेका चीन, म्यानमार, थाइल्यान्ड, लाओस, कम्बोडियाजस्ता मुलुकले वनबाटै आर्थिक समृद्धि हासिल गरेका, समुदायलाई सबल/सक्षम बनाएका उदारहण छन्।



# सामुदायिक वनबाट राजनीतिक छलाङ

टीका बन्धन

नेपालको सामुदायिक वनको अभ्यास विश्वमै सफल र उदाहरणीय मोडेल मानिन्छ। २०३० सालमा सिन्धुपाल्चोकको ठोकर्पा वनलाई सामुदायिक शैलीमा संरक्षण शुरू गरेयताको साढे ४ दशकको अवधिमा मुलुकभर २२ हजार २ सय ६६ सामुदायिक वन छन्। देशभरको कुल वन क्षेत्रको ३३ प्रतिशत सामुदायिक वनले ओगटेको छ। यो अभ्यासमा २९ लाख ७ हजार ८ सय ७१ घरधुरी प्रत्यक्ष/अप्रत्यक्ष आबद्ध भएका वन तथा भू-संरक्षण विभागको तथ्यांक छ। सामुदायिक वनको क्षेत्र र समूह थपिँदै गर्दा विगतमा उजाड बनेका डाँडापाखामा हरियाली छाएको छ भने रैथाने र लोपोन्मुख वनस्पतिका विविध प्रजाति र पानीका स्रोत संरक्षणसँगै उपभोक्ताले वन पैदावर उपभोग गर्न पाएका छन्।

वन डढेलो नियन्त्रण, वन पैदावर, रुख बिरुवाको अवैध चोरी कटानी र ओसारपसार नियन्त्रण भएको सामुदायिक वन अभियन्ता बताउँछन्। समूहको निर्णय प्रक्रियामा विपन्न वर्गको पहुँच, उनीहरूको आय आर्जनमा सामुदायिक वनको हिस्सासमेत छुट्याउने अभ्यासले पिछडिएका वर्ग र समुदायका लागि ठूलो टेवा मिलेको बताइन्छ। तर वन क्षेत्र संरक्षणमुखी बन्दा उपभोक्ताले अझै लाभ लिन नसकेको, स्वदेशी वनबाट वार्षिक १५ करोड घनमिटरभन्दा काठ उत्पादन गर्न सकिने सम्भावना हुँदाहुँदै पनि विदेशबाट काठ आयात गर्नुपर्ने बाध्यता रहेको चर्चासमेत हुने गर्छ। स्वदेशी उत्पादन बजारमा पुर्‍याउने सरल र सहज प्रक्रिया नहुँदा नेपाली बजारमा विदेशी काठ भित्रिरहेको अवस्थामा सामुदायिक र पारिवारिक निजी वनको उत्पादनलाई सहज ढंगले बजार पुग्ने वातावरण बनाइनुपर्ने वनकर्मी बताउने गर्छन्।

सामुदायिक वनको नेपाल मोडललाई ढिलै गरी अनुशरण गरेका चीन, म्यानमार, थाइल्यान्ड, लाओस, कम्बोडियाजस्ता मुलुकले वनबाटै आर्थिक समृद्धि हासिल गरेका, समुदायलाई सबल/सक्षम बनाएका उदारहण छन्। तर नेपालले लक्ष्यअनुसार उपलब्धि हासिल गर्न नसकेको विगतमा सामुदायिक वनसँग जोडिएका वर्तमान राजनीतिकर्मी बताउँछन्। सामुदायिक वन अभियान र सामुदायिक वनकै पृष्ठभूमिबाट प्रदेश र प्रतिनिधिसभाका सदस्य बनेका छन्। मोरङका घनश्याम खतिवडा तत्कालीन नेकपा एमालेबाट र सोही पार्टीबाट डडेल्धुराकी निरा जैरु प्रतिनिधिसभाका सांसद निर्वाचित भएकी छिन्। विभिन्न प्रदेशमा १६ जना प्रदेश सांसद चुनिएका छन्। गतवर्ष सम्पन्न स्थानीय तहको निर्वाचनपश्चात् उप-महानगरपालिकातर्फ प्रमुखमा १ जना, उप-महानगरकै उप-प्रमुख १ र वडाध्यक्ष ८ जना निर्वाचित भएका छन् भने १६ जना सदस्य छन्।

नगरपालिकातर्फ सबैभन्दा बढी ३ सय ८५ जना जनप्रतिनिधि सामुदायिक वन पृष्ठभूमिका छन्। नगरपालिकातर्फ १५ जना मेयर, २६ उपमेयर, १ सय ५४ वडाध्यक्ष र १ सय ९० सदस्य छन्। गाउँपालिकातर्फ ३ सय ७९ जना विभिन्न तहको जिम्मेवारीमा रहेका छन्। गाउँपालिका अध्यक्षमा १५ जना, उपाध्यक्षमा २३, वडाध्यक्षमा १ सय २५ र वडा सदस्यमा २ सय १६ जना प्रतिनिधि निर्वाचित भएका सामुदायिक वन उपभोक्ता महासंघ नेपाल (फेकोफोन) ले जनाएको छ। अहिले आफूहरू राजनीतिक जिम्मेवारीमा रहे पनि सामुदायिक वनको अभियान ओझेल नपर्ने/नपार्ने र सधैं समूहको हित अनि उपभोक्तामैत्री नीति निर्माणमा क्रियाशील रहने उनीहरूको तर्क छ।



## रमा आलेमगर, सांसद प्रदेश-३

उद्योग, पर्यटन, वन तथा वातावरण समिति सभापति

२०५१ मा काठमाडौंको थानकोटस्थित सेतीदेवी महिला सामुदायिक वन समूहकी सचिव रहेकी मगर प्राकृतिक स्रोत साधनमा महिला अधिकारका लागि क्रियाशील संस्था हिमवन्ती नेपालकी काठमाडौं जिल्ला सचिव बनेकी थिइन्। सोही संस्थाको केन्द्रीय सचिवको जिम्मेवारी सम्हालेकी उनी ८ वर्ष अघिदेखि हिमवन्तीकी केन्द्रीय अध्यक्ष बन्न सफल भइन्। गतवर्ष प्रदेश-३ की सांसद निर्वाचित भएपछि उनको राजनैतिक व्यस्तता बढेको छ। आले हाल प्रदेश-३ को उद्योग, पर्यटन, वन तथा वातावरण समिति सभापति हुन्। संसद बने पनि वन वातावरणका मुद्दालाई आफूले प्राथमिकतामा राखेको बताउँदै उनले भनिन्- 'सामुदायिक वन र समग्र वन क्षेत्रले मुलुकको आर्थिक उन्नतीमा टेवा पुर्‍याउँछ भन्ने कुरालाई संसद्मा उठाइरहेकी छु।' सोहीअनुसारका नीति, कार्यक्रम र ऐन कानून बनाउन आफू क्रियाशील रहेको उनले बताइन्।

## प्रदेशसभा तथा प्रतिनिधिसभामा सामुदायिक वनकर्मी

| जिल्ला | प्रदेश र प्रतिनिधिसभा | विजयी उम्मेद्वार | महासंघमा संलग्नता |
|---|---|---|---|
| झापा | प्रदेशसभा | एकराज कार्की | साव पूर्वअध्यक्ष |
| तेह्रथुम | प्रदेशसभा | तेजमान कन्दङवा | साव पूर्वअध्यक्ष |
| मोरङ | प्रतिनिधिसभा | घनश्याम खतिवडा | साव सल्लाहकार |
| | प्रदेशसभा | उपेन्द्र घिमिरे | जिल्ला सल्लाहकार |
| उदयपुर | प्रदेशसभा | नारायण बुर्जामगर प्रदेश २(१) | जिल्लाध्यक्ष |
| | | कला घले विष्ट प्रदेश २ (२) | समूहका अध्यक्ष |
| रामेछाप | प्रदेशसभा | कैलाशप्रसाद ढुंगेल | साव पूर्वअध्यक्ष |
| महोत्तरी | प्रदेशसभा | शारदादेवी थापा | जिल्ला उपाध्यक्ष |
| सर्लाही | प्रदेशसभा | बेची लुंगेली | साव सल्लाहकार |
| काठमाडौं | प्रदेशसभा | प्रकाश श्रेष्ठ | साव सचिव |
| | प्रदेशसभा | रमा आलेमगर | साव पूर्वसचिव |
| पाल्पा | प्रदेशसभा | नारायण आचार्य | जिल्लाका पूर्वसदस्य |
| बाँके | प्रदेशसभा | आरती पौडेल | संस्थापक जिल्ला सदस्य |
| सुर्खेत | प्रदेशसभा | पद्मा खड्का | इलाका सदस्य |
| कैलाली | प्रदेशसभा | कृष्णप्रसाद सुवेदी | जिल्लाका पूर्वसदस्य |
| | | चुनकुमारी चौधरी | राकास पूर्वसदस्य |
| कञ्चनपुर | प्रदेशसभा | महेशदत्त जोशी | रेपो महासंघ अध्यक्ष |
| डडेल्धुरा | प्रतिनिधिसभा | निरा जैरु | स्थायी समिति सदस्य केन्द्रीय महासंघ |

मोरङबाट प्रतिनिधिसभामा निर्वाचित घनश्याम खतिवडा लामो समयसम्म सामुदायिक र सामाजिक गतिविधिमा संलग्न थिए। उनको पहलमा उत्तरी मोरङका अधिकांश भेगमा २०४९/५० पछि सामुदायिक वनको अभियान शुरू भएको हो। सामुदायिक वनको महत्त्व बुझाउन सहकारी अभियानमा खतिवडा लामो समय क्रियाशील रहे। लेटाङको पहिलो सामुदायिक वन समूह राजारानी वन समूह हो। २०५४ मा स्थापना भएको चिसाङ सामुदायिक वन उपभोक्ता समूहका उनी संस्थापक सचिव हुन्। उत्तरी मोरङका राष्ट्रिय वनसँग जोडिएका विभिन्न २२ वटा गाविसलाई सामुदायिक वनमा रूपान्तरण गर्न खतिवडासहित अन्य अगुवाहरू क्रियाशील थिए। '२०५४ सालपछि हामीले आसपासका विभिन्न २२ वटा गाविसका अध्यक्ष सम्मिलित सामुदायिक वन सरोकार समिति गठन गरेका थियौं, त्यसपछि मात्रै उत्तरी मोरङमा सामुदायिक वनको अभियान सफल हुन थालेको हो' -उनले भने। सो भेगमा सामुदायिक वन अभियान सफल बनाउन खतिवडासहित पूर्वसांसद डिगबहादुर लिम्बु, आनन्द सागर तिमल्सिना, नीर विक्रम किराँती, चन्द्र गौतम, शिव बराललगायतको योगदान स्मरणीय मानिन्छ।

तत्कालीन लेटाङ गाविसका पूर्वअध्यक्ष रहेका सांसद खतिवडा स्थानीय चिसाङ सामुदायिक वन उपभोक्ता समितिका उपभोक्ता हुन् भने अहिले सामुदायिक वन जिल्ला समन्वय समिति मोरङका सल्लाहकार छन्। प्रतिनिधिसभाको कृषि, सहकारी, प्राकृतिक स्रोत साधन समितिका सदस्यसमेत रहेका खतिवडा सामुदायिक वनमार्फत समुदायको अधिकार सबल र सक्षम बनाउनपर्ने बताउँछन्। 'जसले वन जंगल संरक्षण गरेको छ, हुर्काएको बढाएको छ, उसले त्यहाँको उत्पादन पनि उपभोग गर्न पाउनुपर्छ। घरनजिकै स्रोत साधन हुँदाहुँदै अभाव महसुस गर्ने वातावरण बनाइनु हुँदैन' -उनले भने।



## घनश्याम खतिवडा

सांसद प्रतिनिधिसभा



## घनश्याम पाण्डे

मेयर तुल्सीपुर उप-महानगरपालिका, दाङ

२०४५/४६ सालदेखि दाङको तुल्सीपुरस्थित अप्सरा सामुदायिक वन संरक्षण, वृक्षरोपणजस्ता कार्यमा संलग्न रहेका घनश्याम पाण्डे २०५४ मा भएको स्थानीय तहको निर्वाचनपश्चात् तत्कालीन तुल्सीपुर नगरपालिकाका उपमेयर निर्वाचित भएका थिए। तत्कालीन नगरको वन वातावरण समितिका संयोजकसमेत रहेका पाण्डेको पहलमा अप्सरा वन समुदायलाई हस्तान्तरण गरिएको थियो भने नगरभित्रका धेरै वन सामुदायिकमा परिणत भए। उनी २०५८ मा सामुदायिक वन उपभोक्ता महासंघ (फेकोफोन) का केन्द्रीय सदस्यमा निर्वाचित भए। पाण्डे २०६३ मा फेकोफोनका केन्द्रीय अध्यक्ष निर्वाचित भए। सो बेला मुलुकभर करिब ३ हजार २ सय सामुदायिक वन समूह थिए। आफू फेकोफोन केन्द्रीय अध्यक्ष भएपछि राष्ट्रव्यापीरूपमा सामुदायिक वन विस्तार भएको स्मरण गर्दै उनी भन्छन्- 'मेरो कार्यकालमा तराईका धेरै भू-भागमा सामुदायिक वन विस्तार भएको थियो। प्राकृतिक स्रोतका मुद्दाले फराकिलो पहिचान पाएको छ।' नगरका राष्ट्रिय वनलाई सामुदायिकमा बदल्ने, दिगो वन व्यवस्थापन र वन उद्यमलाई जोड दिँदै आएका पाण्डे तुल्सीपुर नगरलाई हरित रोजगारमैत्री नगरका रूपमा विकास गर्ने लक्ष्य अघि सारेको बताउँछन्। उनी २०६६ मा विश्व सामुदायिक वन सन्जालका अध्यक्षमा समेत निर्वाचित भएका थिए।

२०५१ असारमा डडेल्धुराको तत्कालीन खलंगा गाविसको स्थानीय ऋषिखोला महिला सामुदायिक वन समूहबाट सामुदायिक वन अभियानमा जोडिएकी हुन् जैरु। २०५४ मा उनी वन उपभोक्ता महासंघकी जिल्ला सचिव बनिन् भने त्यसपछि दुई कार्यकाल जिल्ला कोषाध्क्षको भूमिकामा थिइन्। फेकोफोनको चौथो र पाँचौं महाधिवेशनबाट दुई कार्यकाल केन्द्रीय सदस्य निर्वाचित भएर सचिवालय सदस्यसमेत भइन्। गतवर्ष तत्कालीन एमालेबाट प्रतिनिधिसभा सदस्य छानिएपछि र (नेकपा) को केन्द्रीय सदस्य बनेपछि जैरुको राजनीतिक व्यस्तता बढेको छ। राजनीतिक व्यस्तता बढे पनि उनी फोकोफोनको प्रदेश-७ की संयोजकको भूमिकामा छिन्। जैरु भन्छिन्- 'समयसँगै म राजनीतिमा व्यस्त भए, फेकोफोनको प्रदेश जिम्मेवारी अरू साथीलाई हस्तान्तरण गर्दै छु।'

तर सामुदायिक वन अभियान र प्राकृतिक स्रोत बाँडफाँडको अभियानबाट आफू अलग नहुने, संसद् भएपछि यो विषयमा आफ्नो जिम्मेवारी झनै बढेको उनले बताइन्। प्राकृतिक स्रोतको बाँडफाँड केन्द्र र प्रदेशमा सीमित गर्दै स्थानीय तहलाई त्यस्तो अवसरबाट टाढा राख्ने तयारी भइरहेका बेला वन मन्त्रालय र अन्य सरोकारवाला निकायलाई खबरदारी गर्ने र झकझक्याउने काम गरिरहेको उनको भनाइ छ। 'स्थानीय तहलाई न्यायोचित ढंगले प्राकृतिक स्रोतको बाँडफाँड गरिनुपर्छ। स्थानीय तहले अधिकार पाउनुपर्छ', जैरु भन्छिन्- 'जनताको हक स्थापित हुनुपर्छ, गरिब, विपन्न र भूमिहीन पहिलो प्राथमिकतामा समेटिनुपर्छ।' संसद् र अन्य निकायमा आफू यस्तै दबाबका साथ प्रस्तुत हुने उनी बताउँछिन्।



## निरा जैरु

सांसद प्रतिनिधिसभा



## मञ्जु मलासी

मेयर दिपायल-सिलगढी नगरपालिका, डोटी

मलासी हाल डोटीको दिपायल-सिलगढी नगरकी मेयरको भूमिकामा रहे पनि विगत अढाइ दशकयता सामुदायिक वन अभियानमा जोडिएकी छिन्। उनी २०५० मा त्यहाँको स्थानीय चिसापानी महिला सामुदायिक वन समूहकी उपभोक्ता थिइन्। केही वर्षपछि सोही समूहको सचिव रहेर सामुदायिक वन समूहका गतिविधिलाई फराकिलो रूपमा बुझ्ने अवसर पाएकी मलासी २०६० मा सामुदायिक वन जिल्ला महासंघकी अध्यक्ष बनिन्। सो जिम्मेवारीमा निर्वाचित हुँदा उनले निकै चर्चामा छाएकी थिइन्। २०६३ पछि २ पटक फेकोफोनकी केन्द्रीय सदस्य निर्वाचित बनेकी मलासी हाल फेकोफोनकी केन्द्रीय कोषाध्यक्ष छिन्। अहिले आफू मेयरको भूमिकामा रहे पनि सामुदायिक वन अभियान प्राथमिकतामा रहेको, आफ्नो नगरलाई हरित र वातावरणमैत्री नगरका रूपमा विकास गर्ने उनले बताइन्।

पोख्रेल फेकोफोनका संस्थापक सदस्य हुन्। २०५२ मा महासंघ स्थापना भएपछि उनी निरन्तर ३ कार्यकाल केन्द्रीय सदस्य रहे। उनको गृह जिल्ला झापा २०४९ अघि कन्काईमा मात्रै सामुदायिक वन समूह गठन भएको थियो। त्यो पनि तत्कालीन मन्त्री परिषद्को विशेष निर्णयबाट। आफू महासंघमा आबद्ध भएपछि झापामा वन समूह समुदायलाई हस्तान्तरण हुन थालेको र यस काममा झापाका तत्कालीन जिल्ला वन अधिकृतहरू अम्बिका गौतम, श्री बराल, बुद्धि रिजाललगायतको भूमिका पनि महत्त्वपूर्ण रहेको पोख्रेल स्मरण गर्छन्।

'वन समूह गठन भएका थिए, तर समुदायलाई हस्तान्तरण गर्ने वातावरण बनेको थिएन। त्यस्तो अवस्थामा उहाँहरूले सकारात्मक भूमिका निर्वाह गर्नुभएको छ। म र फेकोफोनको टिम पनि जुटेको थियो' -उनले भने। अहिले झापामा सम्पूर्ण सरकारी वन समुदायलाई हस्तान्तरण भएको र सफल वन अभियन्ताहरूको उदय भएको उनी बताउँछन्। आफू अहिले नगरको मेयर भए पनि वन समूहसँग निकट रहेर नगरको आर्थिक आयआर्जनका योजना बनाउन जुटिरहेको उनले बताए। प्राकृतिक स्रोत बाँडफाँडमा हुन सक्ने संभावित द्वन्द्व न्यूनीकरण र पर्यापर्यटनका पूर्वाधार विकास, अनि शुल्क संकलनमा कन्काई नगरको भूमिका जोडिएको छ। पोख्रेल भन्छन्- 'वन उपभोक्ता समूहको सहभागितामा पर्यापर्यटनका गतिविधि विस्तार भइरहेका छन्। आम्दानीको ठूलो हिस्सा समूहलाई नै जान्छ। समूह सबल बनाउन सहजीकरण गरिहेका छौं।'



## राजेन्द्र पोख्रेल

मेयर कन्काई नगरपालिका झापा



## तीजको लहर आयो बरिलै...

अभिनेतृ रूपा राना एक तीज गीतको म्युजिक भिडियोको सुटिङमा।

## मिसन इन्टरटेनमेन्ट

गायक प्रमोद खरेल, हास्यकलाकार केदार घिमिरे 'माग्ने बूढा' र गायिका टीका प्रसाईं कार्यक्रमका लागि सिक्किमतिर जाँदै।



# मंसिरबाट दाल भात तरकारी

गत वर्ष *शत्रु गते* नामक सुपर डुपर हिट भएपछि मह सञ्चारले निर्माण गर्न लागेको अर्को कमेडी फिल्म *दाल भात तरकारी*को कलाकारसहित औपचारिक घोषणा गरिएको छ।

मह सञ्चारको ब्यानरमा किरण केसी प्रस्तुतकर्ता रहने फिल्ममा मदनकृष्ण श्रेष्ठ, हरिवंश आचार्य, किरण केसी, शिवहरि पौडेल, राजाराम पौडेल, निरुता सिंह, प्रियंका कार्की, पुष्पल खड्का, स्वस्तिमा खड्का, वर्षा राउत, वसुन्धारा भुसाल, शिशिर बाङ्देल, विल्सनविक्रम राई, यमन श्रेष्ठलगायतका कलाकारले अभिनय गर्ने जानकारी बुधबार राजधानीमा आयोजित पत्रकार सम्मेलनमा गराइएको छ।



मंसिर पहिलो साताबाट छायांकन गरिने फिल्म आगामी २०७६ को वैशाख १३ गते अल नेपाल रिलिज हुने घोषणासमेत गरिएको छ। फिल्मले हरेक मानिसले दाल भात तरकारी खानका लागि गर्ने संघर्षको कथा बोल्ने निर्देशक सुदन केसीले जानकारी गराए। सुदन फिल्मका प्रस्तुतकर्ता तथा कलाकार किरण केसीका पुत्र हुन्। सुदनले यसअघि २ हलिउड फिल्म *रिमेम्बर मि* र *माई लभ*मा सह-निर्देशकका रूपमा काम गरेका थिए। उनी *शत्रु गते*मा पनि सहायक निर्देशक थिए।

*दाल भात तरकारी*को कथा, पटकथा र संवाद हरिवंश आचार्यले लेखेका छन्। शम्भुजित बास्कोटाको संगीत रहने फिल्मका लागि गीतसमेत हरिवंश आफैंले लेखेका छन्। फिल्ममा पुष्पल, स्वस्तिमा तथा हरिवंश र निरुताको जोडीको रूपमा देखिनेछन्। यसअघि *शत्रु गते*मा दीपाश्री निरौला हरिवंशको जोडी थिइन् भने प्रियंका कार्की दीपकराज गिरीको जोडी रहेका थिए। यसमा भने दीपक र दीपाको नाम आएको छैन। प्रमिला आचार्य, यमन श्रेष्ठ, नरेन्द्र कंसाकार, शिवहरि पौडेल, राजाराम पौडेल, दीर्घ गुरुङ, अनुराग कुँवर, विल्सनविक्रम राई, दीपेन्द्र खनियाँ र सुमित मैनाली निर्माता रहेको फिल्ममा कविराज गहतराजको कोरियोग्राफी, दीर्घ गुरुङको छायांकन र मित्र डी गुरुङको सम्पादन रहनेछ।

'यसमा हामीले आम मानिसकै कथा पेस गर्दैछौं। यसमा पनि केही भिन्न भूमिकामा मलाई दर्शकले देख्न पाउनुहुनेछ' -कार्यक्रममा मदनकृष्णले भने। त्यसैगरी हरिवंश आचार्यले पछिल्लो फिल्म *शत्रु गते*मा काम गरेपछि *दाल भात तरकारी* बनाउन लागेको बताए। निर्देशक सुदन केसीले *दाल भात तरकारी*मार्फत मह सञ्चारको शाख अझै बढाउने प्रयास गर्ने बताए।



# मिस नेपाल यूएसएमा २१ को स्पर्धा

अमेरिकामा हुने छटौं संस्करणको *मिस नेपाल यूएसए-२०१८* का लागि २१ प्रतियोगी छानिएका छन्।

अमेरिकाको टेक्सास राज्यको डालस शहरमा १९ अगस्टमा आयोजना आयोजना हुने प्रतियोगिताको अन्तिम स्पर्धामा सुकृती ढुंगेल, जया त्रिपाठी, एन्जिला पौडेल, वर्षा बराल, बीएन्का अधिकारी, बिना श्रेष्ठ, दिलाशा न्यौपाने, कृति ढुंगेल, आइशा ओझा, लाक्पा शेर्पा, नेलिया गुरुङ, अदीति श्रेष्ठ, पोसा थापा, प्रवेशीका खत्री, प्रियंका तिमिल्सेना, सपना महर्जन, श्रेया नेपाली, सुजना रूपाखेती, सुशाना पोखरेल र स्वीकृति भट्टराईबीच प्रतिस्पर्धा हुनेछ।

प्रत्येक वर्ष आयोजना हुँदै आएको यो प्रतियोगिता सन् २०११ देखि अमेरिकामा शुरू भएको हो। प्रतियोगिता नेपालमा सौन्दर्य प्रतियोगिता आयोजना गर्दै आएको ईप्लानेट प्रालिको सहकार्यमा इभेन्ट प्लानेट इन्कले आयोजना गर्दै आएको छ।

# ब्राडलाई एन्जेलिनाको आरोप



अभिनेता पति ब्राड पिटसँग अलग भइसकेकी हलिउड अभिनेतृ एन्जेलिना जोलीले बच्चाको पालनपोषणका लागि उचित धनराशि नदिएको आरोप लगाएकी छिन्। तर यो विषयमा पिटले तत्काल आरोपको खण्डन गरेका छन्।

उनले एन्जेलिनाको आरोपमा कुनै पनि सत्यता नभएको बताएका छन्। ब्राडका वकिलले हालसम्म ब्राडले एन्जेलिनालाई १३ लाख डलरभन्दा धेरै रकम दिएको बताएको एजेन्सीले जनाएको छ। ब्राडले एन्जेलिनाको घर किन्ने बेलामा पनि ८० लाख डलर ऋण लिएको पनि बताएका छन्।

अर्कोतर्फ एन्जेलिनाका वकिलले बच्चाको पालनपोषणका लागि खर्च दिनु पिटको कर्तव्य भएको र जोलीसँग अलग भएपछि ब्राडले कुनै खर्च नदिएकाले एन्जेलिनाले मुद्दा दायर गरेको बताएको समाचारमा उल्लेख छ। सन् २००५ देखि सँगै रहेका ब्राड र एन्जेलिना सन् २०१४ मा विवाह बन्धनमा बाँधिएका थिए भने सन् २०१६ मा अलग भएका थिए। उनीहरूका धर्मसन्तानसहित ६ सन्तान छन्।

# रमेश र लक्ष्मीलाई उपाधि

एक्सप्लोर इन्टरटेनमेन्टको आयोजनामा राजधानीमा भएको *मिस्टर एन्ड मिस फ्रेसर नेपाल-२०१८* मा रमेश डाँगी र लक्ष्मी राउत विजयी भएका छन्।



प्रतियोगितामा मिस्टरतर्फ प्रदीप राई *फस्ट* र अशेष डंगोल *सेकेन्ड रनर्सअप* भए भने मिसतर्फ श्वेता यादव *फस्ट* र कृति महर्जन *सेकेन्ड रनर्सअप* भए। प्रतियोगिताको कोरियोग्राफर तथा अभिनेता दिवस धितालले कोरियोग्राफ्री र भिजे तथा उद्घोषक प्रहिल कार्कीले सञ्चालन गरेका थिए। प्रतियोगितामा सञ्चारकर्मी तथा कलाकार सूर्य चन्द, निर्मात्री तथा नायिका रोशनी केसी, समाजसेवी कृष्ण देवकोटा, निर्देशक प्रतिमाया पुन र सञ्चारकर्मी मोडल राजेन्द्र लुइँटेल निर्णायक रहेका थिए।




सर्वत्र बजारमा उपलब्ध

कामनाको हरेक अंक विशेष अंक

यस अंकका आकर्षणहरू

» आयुष्मान + प्रियंका = आयंका
नायिका प्रियंका कार्की र नायक आयुष्मान देशराज जोशी प्रेम सम्बन्धपछि दाम्पत्य जीवनमा बाँधिने भएका छन्। दाम्पत्य जीवनको बाटोमा हिंड्ने सिलसिलामा उनीहरूबीच इन्गेजमेन्ट भएसँगै प्रियंका र आयुष्मान जोडिएर आयंका भएका छन्। के छ आयंकाको विहे योजना? कहिले र कहाँ हुँदै छ बिहे?

» कति चाँडै तीजको लहर !
तीज आउनु कहिले-कहिले नेपाली गायक-गायिकालाई महिनौं अगाडि नै तीज लाग्न थालेको छ। भदौ अन्तिमतिर परेको तीजका विषयमा करिब ३ महिनादेखि नै यसरी गीत आइरहेका छन् कि यसलाई हेर्दा कोभन्दा को कम भन्ने होडबाजी देखिएको छ। को-को छन् होडबाजीमा? कस्ता छन् यस वर्ष बेमौसममै बजारमा आएका तीज गीत र तिनको म्युजिक भिडियो?

» सेलाउँदै सिनेमा
लाग्छ, सिनेमाको पनि सिजन हुन्छ। २०७५ साल यता आएर सिनेमाको सिजन फेरिएको छ। २०७४ सालको सुरूआत र अन्त्यतिर सफलताको शृंखला देखिएको नेपाली सिनेमा क्षेत्र २०७५ यता आएर सेलाएको छ। कस्ता छन् सफलता र असफलतका शृंखला?

» सफलतासँगै असफलता
सिनेमामा सधैं सबै सफल हुन्छन् भन्ने छैन। असफल हुनेहरु त्यति धेरै छन्, जति थोरै सफल हुनेको सूची छ। नेपाली फिल्मको क्षेत्रमा सफलतालाई असफलताले सधैं पछ्याइरहेको छ। कसलाई मिल्यो सफलता र को भइरहेका छन् असफल !

» शेयर वृद्धि राहत, बक्स अफिस आहत !
राहतकै कुरा मान्नुपर्छ कि नेपाली फिल्मका निर्माताहरूले फिल्म प्रदर्शनपछि प्राप्त गर्ने शेयर अंशमा थोरै भए पनि वृद्धि भएको छ। निर्माताले प्राप्त गर्ने शेयर प्रतिशत थोरै वृद्धि भएको केही समयपछि नै उनीहरूले बक्स अफिस पनि पाएका छन्। तर यी दुई कुराले नेपाली फिल्मका निर्मातालाई राहत पुऱ्याउला वा नपुऱ्याउला?

» आमाअघिको नेपाली सिनेमा
नेपाली सिनेमाको क्षेत्रमा आमा फिल्मको इतिहास छुट्टै छ। तर त्यसअगाडि पनि सिनेमा बनेको छ। आमाअघि नै नेपाली सिनेमाको इतिहास शुरु भए पनि त्यसलाई छिपाउने प्रयास बारम्बार भइरहने गर्छन्। आखिर किन यस्तो भइरहेको छ?

» ब्युटी पेजेन्ट र मोडलिङ परिवेश
केही समय यता आएर ब्युटी पजेन्टको बाढी आइरहेको छ। सातामै थुप्रै ब्युटी पेजन्ट हुँदै आएका छन्। कहाँ-कहाँ कसरी हुन्छन् ब्युटी पेजेन्ट? अनि मोडलिङको परिवेश कस्तो छ? विस्तृत रिपोर्ट।

साथमा बलिउडका दुश्मन नायिका, सेनानी अभिनेताको सम्झना, भिन्न अवार्ड भिन्न विजेता, फेसियल ट्रेन्ड तथा स्थायी स्तम्भहरू सम्पादकीय, समाचार, हलिउड बलिउड, क्लिक क्लिक र हुइयां।

आफ्नो प्रति आजै सुरक्षित गर्नुहोस्

# विचार

प्रेम आँखाबाट होइन, हृदयबाट गरिन्छ।
- सेक्सपियर

साहस तागतमा होइन, आत्मामा हुन्छ।
- स्केलर

## सम्पादकीय

नेपाल समाचारपत्र

## आफन्तको पहिचान सहज होस्

सरकार समृद्ध नेपाल र सुखी नेपालीको नारा दिइरहेको छ। सरकारले लिएको अभियानलाई पूरा गर्न रोजगारका कार्यक्रमहरू शुरू हुन सकेका छैनन्। वैदेशिक रोजगारका लागि दैनिक युवाहरू विदेशिने क्रम रोकिएको छैन। युवा स्वरोजगार कोष, विद्यार्थीलाई सहुलियत ऋण, कृषि क्षेत्रमा कृषकहरूलाई बैंकमार्फत ५ प्रतिशत ब्याजमा ऋण लगानी नारामा मात्रै सीमित भएको छ। सरकारले युवाहरूलाई स्वदेशमै रोक्न र आत्मनिर्भर बनाउन विभिन्न कार्यक्रमहरू ल्याई कार्यान्वयन गर्न सकेको छैन। यसले गर्दा रोजगारका लागि विदेशिने युवाहरूको संख्या बढ्दो छ।

उता बाध्यताले विदेशिनुपरेका युवाहरूको विभिन्न कारण निधन हुने गरेको छ। यस्ता मृत्युका खबरहरू दिनहुँजसो आउने गरेका छन्। एयरपोर्टबाट युवाहरूको शव आउने क्रम रोकिएको छैन। मृत्यु भएकाहरूको पहिचान खुल्न नसक्दा आफन्तहरूले अनुदान पाउनसमेत सकेका छैनन्। आफन्तहरूको पहिचानका लागि परराष्ट्र मन्त्रालयमार्फत गृह मन्त्रालयले खोजबिन गर्नुपर्ने हो। विदेशमा रहेकै समयमा मृत्यु भएको अवस्थामा उक्त देशको सरकारले मृत्यु हुनेका नाममा आउने रकम परराष्ट्र मन्त्रालयमार्फत पठाउने गरेको छ। त्यस्तो परिवारका कतिपय सदस्यले उक्त रकमका बारेमा जानकारी नै पाउने गरेका छैनन्। विदेशमा मृत्यु भएकाहरूको रकम जिल्ला प्रशासन कार्यालय, काभ्रेमा थन्किएको समाचार केही दिनअघि सार्वजनिक भएको छ। काभ्रेमा मात्र हैन, अन्य जिल्लामा पनि रकम थन्किएको वर्षौं भइसक्दासमेत आफन्तहरू लिन आएका छैनन्।

जिल्ला प्रशासन कार्यालयमा ठेगाना अस्पट भएका टेकनपुर–६ का भोगबहादुर तामाङको नामबाट २७ हजार ४ सय ७८, हिलेखोला ७ घर भएका गणेशप्रसाद दुलालको नामबाट २२ हजार ९ सय २१ रुपियाँ प्राप्त भएको छ। यी दुवै स्थान काभ्रेपलाञ्चोक जिल्लामा छैनन्। थोरै–थोरै रकम पनि सम्बन्धित देशको सरकारले नेपालको परराष्ट्रमार्फत सम्बन्धित जिल्लामा पठाउने गरेको छ। नाम र ठेगाना अस्पष्ट भएका कारण धेरै व्यक्तिका आफन्तहरूले रकम प्राप्त गर्न सकेका छैनन्। पहिला राहदानी बनाउँदा सम्पर्क नम्बर र ठेगानासमेत अस्पष्ट भएका कारण पनि धेरै व्यक्तिको ठेगाना अस्पष्ट हुने गरेको बताइन्छ।

एमआरपी बनाउन थालेपश्चात् भने नेपालमा भएका व्यक्तिहरूको सम्पर्क नम्बरसमेत राख्ने प्रावधान भएपछि सरोकारवालाहरूले त्यही नम्बरका आधारमा आफन्तलाई सम्पर्क गर्न सहज भएको छ। मृतकका नाममा प्राप्त भएको १० लाखभन्दा धेरै रकम जिल्ला प्रशासन कार्यालय, काभ्रेको खातामा थन्किएको छ। हुन त झन्डै करोड रुपियाँ बुझेर लगेको परिवारले पनि सो रकमको सदुपयोग गरेको पाइँदैन। जे भए पनि खासगरी वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका परिवारको पहिचान सहज बनाउन सरकारले ध्यान पुर्‍याउनै पर्छ।

# मापदण्डविनाका निर्माणमा उदासीन सरकार



पविता मुडभरी पुडासैनी

> संघीयता लागू भएपछि विकास, अवसर र सुविधा गाउँ-गाउँमा पुग्ने हुँदा राजधानीको जनघनत्वमा धेरै कमी आउने आँकलन गरिएको थियो। त्यसपछि घर भाडामा बस्नेको संख्यामा कमी आउने हुँदा भएभरको लगानी घरमा खन्याई धेरै तलाको घर बनाउने कार्य स्वत: घट्दै जाने अनुमान गरिएको थियो। तर अहिले यसको ठीक उल्टो भएको छ।

भूकम्पीय दृष्टिले नेपाललाई जोखिमयुक्त क्षेत्र मानिन्छ। राजधानी काठमाडौँलाई त झन् सबभन्दा बढी जोखिमयुक्त शहर मानिएको छ। गत २०७२ सालको भूकम्पमा विशेषत: १४ जिल्लामा ठूलो धनजनको क्षतिसहित राजधानीका थुप्रै सम्पदा, संग्रहालय, मठ, मन्दिरलगायत अन्य भौतिक संरचना ध्वस्त भएका भयानक दृश्यका हामी साक्षी हौं। कमजोर भौतिक संरचना, अव्यवस्थित बस्ती, बलियो भवन निर्माणसम्बन्धी नीति नियमको बेवास्ता, जनचेतनाको कमी आदि कारण नेपालमा भूकम्पीय क्षति उच्च रहिआएको छ। तर यस कुरालाई भुल्दै राजधानीवासी फेरि पनि मापदण्ड मिच्दै कमजोर भौतिक संरचना निर्माणमा जुटेको देखिन्छ। तीन वर्षअघिको भूकम्पको भय भुल्दै भवन तथा अन्य संरचना निर्माणमा हेलचेक्र्याइँ गर्दा अर्को भूकम्पको भयंकर त्रासद खेप्नु नपर्ला भन्न सकिन्न।

भूकम्पको त्रासद भयबाट पाठ सिकेर भवन निर्माण तथा बस्ती विकासका मापदण्ड कडाइका साथ लागू हुनुपर्नेमा अहिले राजधानीमा भवन निर्माणमा लापरबाही उस्तै छ। भूकम्पलगायतका विपत्तिका बेला ज्यान जोगाउन निस्कने खालि जमिनको अभाव पनि बढ्दै छ। यता घरधनीहरूले मापदण्ड विपरीत असुरक्षित रुपमा अग्ला घर ठड्याएर सँगै रहेका छिमेकीका घरजग्गालाई समेत भूकम्पीय जोखिममा पारी त्रसित बनाउने काम भइरहको छ। साना सुरक्षित घर बनाएर बसेका वा बस्न चाहनेहरूसमेत भूकम्पले जगैदेखि चिरिएका आफ्नै घरसामुन्नेका अग्ला र असुरक्षित घरबाट आफू र आफ्नो घरसमेत असुरक्षित महसुस गर्दै त्रसित हुँदै बस्नुपर्ने अवस्था छ। छिमेकीका अग्ला घरका कारण आफूले समेत धन नहुँदा नहुँदै र नचाहँदा नचाहँदै पनि तला थपेर अग्लो घर बनाउनुपरेको बताउँछन् राजधानीका कतिपय व्यक्तिहरू। साढे दुई आनासम्म जमिन किनबेच गर्न पाइने र घर बनाउन पाइने विगतका नियमले राजधानीलगायतका महँगा शहरबजारमा थोरै क्षेत्रफलमा बनाइएका अग्ला र कमजोर संरचनाका घरले सबैलाई अत्यास बनाएको छ।

दुई-तीन आनामै छ-सात तलासम्मका सलाइका बट्टा डिजाइनका घर राजधानीमा हाल पनि जताततै निर्माण भइरहेका दृश्यप्रति सम्बन्धित निकाय किन मौन छ ? भूकम्प गएलगत्तै राजधानीका केही बासिन्दाले भूकम्पको त्रासमा धमाधम आफ्ना अग्ला भवनका तला काटेर होचा बनाएका देखिए पनि केही समय नबित्दै फेरि थोरै क्षेत्रफलका जमिनमा समेत अग्ला-अग्ला घर ठड्याउँदा पनि घर बनाउन स्वीकृति दिने नगरपालिका मौन बसेको देखिन्छ। राजधानी तथा शहरबजारमा मात्र होइन, इन्जिनियरहरूमार्फत भूकम्प प्रतिरोधी घरका मोडल मुलुकभर जिल्ला विकास समितिमार्फत गाविस स्तरसम्म नै लागू गर्न सकिन्छ। व्यक्तिगत भौतिक संरचना निर्माण गर्दासमेत अरूको घरजग्गालाई असर नपर्ने गरी यथासक्य चारैतिर केही फिट जमिन छाडेर मात्र भवन निर्माण गर्नुपर्ने नीति नियम कडाइका साथ लागू गर्न स्थानीय तह क्रियाशील हुनु जरुरी देखिएको छ।

भूकम्पले क्षति पुर्‍याएका ऐतिहासिक भवनहरूको पुनर्निर्माण गरेर मौलिकता जोगाउन सबलीकरण गर्नुपर्ने पुरातत्व विभागले बताइरहेको छ। मौलिकता र कलाकृतिसहित हाम्रा मठ मन्दिर र दरबार स्क्वायर तथा पुरातात्विक सम्पदालाई जोगाउनु पनि छ र बलिया र टिकाउ भवनहरू निर्माण गर्नु पनि छ। भक्तपुरको दरबार स्क्वायर र सँगैको पचपन्न झ्याले दरबार घुमिसकेपछि त्यहाँ जाने पर्यटकले अत्यन्त रोमाञ्चित हुँदै आधा विश्व घुमेभन्दा यहाँ घुम्दाको आनन्द बढी छ भनेर हाम्रा ऐतिहासिक सम्पदा र कलाकृतिको गुनगान गाएबाट भूकम्पपछिको पुनर्निर्माणमा सम्पदा तथा कलाकृति जगेर्नामा अझ बढी ख्याल गर्न झकझक्याएको छ। प्राचीन स्मारक संरक्षक ऐनले इतिहास, कला, विज्ञान, वास्तुकलाका दृष्टिले महत्वपूर्ण सय वर्ष नाघेका मन्दिर, देवालय, मठ, भवन, गुम्बा, विहार, स्तूप आदिलाई प्राचीन स्मारक मानेको छ। यस्ता प्राचीन स्मारक तथा पुरातात्विक स्थल मर्मत र संरक्षण गर्न पुरातत्व विभागको अनुमति लिनुपर्छ।

भूकम्पीय जोखिमका दृष्टिले काठमाडौंका असन, इन्द्रचोकका साँघुरा गल्लीका गगनचुम्बी भवन औंल्याउँदै जिब्रो टोक्ने हामी आफ्ना भवन भूकम्पीय दृष्टिले कत्तिको सुरक्षित छ भनेर किञ्चित चिन्तित नहुनु विडम्बना हो। भूकम्पले भत्काएका घरहरूको पुनर्निर्माण गर्दा दुई तलाभन्दा बढी बनाउन नपाइने, भूकम्प प्रतिरोधी संरचना नै बनाउनुपर्ने, गाविसमा घर बनाउन पनि नक्सा पास गर्नुपर्ने व्यवस्था गरेको थियो। संघीयता लागू भएपछि विकास, अवसर र सुविधा गाउँ-गाउँमा पुग्ने हुँदा राजधानीको जनघनत्वमा धेरै कमी आउने आँकलन गरिएको थियो। त्यसपछि घर भाडामा बस्नेको संख्यामा कमी आउने हुँदा भएभरको लगानी घरमा खन्याई धेरै तलाको घर बनाउने कार्य स्वत: घट्दै जाने अनुमान गरिएको थियो। तर अहिले यसको ठीक उल्टो भएको छ। संघीय शासन शुरू भएयता प्रदेश तथा स्थानीय तहको पहलमा विकासले गति लिनुको साटो शहरबजार तथा राजधानीको जग्गाको भाउ चौगुना बढेको छ। गाउँ फर्कनुको साटो ऋण लिएर भए पनि राजधानीमा गगनचुम्वी घर निर्माण गरी भाडामा लगाएर बस्नेको संख्या झन् बढेको छ। यसकै कारण शहरबजारका जमिन खण्डीकरण भई खुल्ला क्षेत्र, कृषियोग्य तथा हरियाली क्षेत्र झनै विनाश हुँदै छ।

भूकम्प गएको तीन वर्ष बितिसक्दा भूकम्पबाट क्षतिग्रस्त कैयौं संरचनाहरू अझै पुनर्निर्माण भएका छैनन्। रानीपोखरीको शोभा चुँडेर विरुप छाडिएको छ। धरहराको अवस्था उस्तै बेहाल छ। मठ मन्दिरहरू उत्तिकै लडिराखेका छन्। राजधानीमा पूर्वाधार निर्माणका केही साना-ठूला आयोजना सञ्चालन भए पनि निर्माण कार्यको ढिलाइले लागत बढाएको छ भने प्रदूषण पनि निम्त्याएको छ। केही निर्माण कार्यमा स्थानीय बासिन्दाको अवरोध, सम्बन्धित निकायबीच सहकार्यको समस्या तथा कानुनी र प्रक्रियागत समस्याले आयोजनाले गति लिन सकेको छैन। भूकम्पले भत्किएको घर रहेको जग्गा भूकम्पका दृष्टिले असुरक्षित रहेको भन्दै सिफारिस नगरिदिँदा घर बनाउन नपाई कैयौं भूकम्पपीडित टहरामै बस्न बाध्य छन्।

तीन हिउँद र वर्षा टहरामा बिताएका भूकम्पपीडितलाई थप सहुलियत र सहयोग प्रदान गरी सुरक्षित भवन निर्माण कार्य तीव्र गतिमा अघि बढाउने काममा स्थानीय निकायको भूमिका अग्रणी हुनुपर्छ। छरिएको गाउँबस्तीलाई सुरक्षित क्षेत्रमा सार्न गाउँमा एकीकृत बस्ती विकास र शहरमा खुल्ला क्षेत्रसहितको भवन निर्माण कार्य योजना अघि बढाउनुपर्छ। भूकम्पले पीडा मात्र दिएको नभई योजनाबद्ध बस्ती विकास र सुरक्षित भवन निर्माणको गतिलो पाठ सिकाउँदै हाम्रा भावी पुस्तालाई भूकम्पको भयबाट बचाउने अभिभारा हामीलाई सुम्पिएको छ।

विशेषत: विश्वसम्पदा सूचीमा सूचीकृत सम्पदाहरूको समयमै पुनर्निर्माण हुन नसक्दा यी विश्वसम्पदाको अस्तित्व नै खतरामा परेको छ। विश्वसम्पदा सूचीमा परेका हनुमानढोका, पाटन तथा भक्तपुर दरबार क्षेत्र, पशुपतिनाथ, स्वयम्भुनाथ, बौद्धनाथ तथा चाँगुनारायण मन्दिरमध्ये केही क्षेत्रमा ढिलो गतिमा निर्माण तथा मर्मत कार्य भइरहेको छ। तर मापदण्ड विपरीत पुनर्निर्माण कार्य भइरहेको भन्दै यसलाई सुधानुपर्ने आवाज पनि उठिरहेको छ। प्राचीन स्मारक संरक्षण ऐन २०१३ ले विश्वसम्पदा सूचीमा रहेका ऐतिहासिक तथा पुरातात्वि महत्वका दरबार क्षेत्रमा निर्माण हुने घरको अधिकतम उचाइ ३५ फिट र चार तलाभन्दा बढी हुन नहुने तथा निर्माण सामग्रीलगायत डिजाइनसम्बन्धी स्पष्ट व्यवस्था गरेको छ। तर कतिपय निर्माणमा यसको पालना भएको छैन। उपत्यकाको सानो क्षेत्रफलमै सातवटा विश्वसम्पदा सूची रहेका छन्। यिनको ऐतिहासिक, धार्मिक र पुरातात्विक महत्वलाई समेत जोगाएर मापदण्डबमोजिम भौतिक संरचनाहरू निर्माण गरी तिनको संरक्षण गरिनुपर्छ। भौतिक संरचनाको स्वरुप मात्र होइन, जमिन र सोमुनिको संरचनासमेत हेरेर भवन निर्माण गर्दा भूकम्पको भयबाट बच्न सकिन्छ। यिनको पुनर्निर्माण तथा संरक्षणका लागि विशेषत: सम्बन्धित नगर तथा गाउँपालिकाले होसियारी अपनाउनुपर्छ। हाम्रा संग्रहालयहरू इतिहासको पहिचान र सभ्यताको दस्ताबेज हुन्। राष्ट्रको सम्पन्नताको प्रतिक र पहिचानको आधार पनि हुन्। अतीत र वर्तमानलाई जोड्ने काम संग्रहालयले गर्दछ अनि राष्ट्रिय आयआर्जनको गतिलो स्रोत पनि हो यो। अब हाम्रा विश्वविद्यालयहरूले डाक्टर, इन्जिनियर उत्पादन गर्ने शिक्षालाई मात्र प्रोत्साहित नगरी भूकम्पीय जोखिम तथा यसबाट बच्ने उपायसम्बन्धी अध्ययन-अनुसन्धानका कार्य तीव्र गतिमा अघि बढाउनुपर्छ। बढ्दो शहरीकरण, जमिन खण्डीकरण तथा जनसंख्याको चापजस्ता विषयलाई ध्यान दिई भूकम्पीय जोखिमरहित भवन तथा अन्य संरचना निर्माणसम्बन्धी आचारसंहिता कडाइका साथ लागू गराउनुपर्छ।

## पाठक पत्र

### कार्यालय खारेजसँगै भद्रगोल अवस्था

सरकारी कार्यालय व्यवस्थित बनाउन नसक्नु अहिले ठूलै समस्या र चुनौतीका रुपमा देखा परेको छ। राज्यको पुन: संरचनासँगै जिल्लामा रहेका अधिकांश कार्यालयहरू खारेज भएका छन्। केही कार्यालयको नाम परिवर्तन भएर एकाइ तथा डिभिजनको रुपमा सञ्चालनमा रहने वा पूर्णरुपमा खारेज हुने भन्नेमा नेपाल सरकारले निर्णय लिन सकिरहेको छैन भने केही कार्यालयहरू पूर्णरुपमा नै खारेज भएका छन्। जिल्लामा पूर्णरुपमा खारेज भएका कार्यालयमध्येको महिला बालबालिका कार्यालयका सम्पूर्ण काजगपत्रसहित कर्मचारीसमेत जिल्ला समन्वय समितिको मातहतमा रहने गरी तत्कालका लागि जिल्ला समन्वय समितिमा ठाउँ सारी भएको छ।

जिल्ला युवा समिति खारेज भएपछि जिल्ला शिक्षा कार्यालय खारेज भएर बनेको शिक्षा विकास तथा समन्वय एकाइको कार्यालयमा राखिएको छ। नयाँ संरचनाअनुसार, जिल्लामा रहेका सबै खाले विषयगत कार्यालयको काम स्थानीय तहबाट हुने भएकाले कार्यालयहरू खारेज भएका हुन्। संघीयताले परिकल्पना गरेको जस्तो विषयगत कार्यालयको काम स्थानीय तहबाट शुरूवात भैसकेको अवस्था छैन भने केही यस्ता महत्वपूर्ण कार्यालय छन् जसलाई खारेज गर्दा तत्कालै सर्वसधारण सेवा लिनबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन सक्छ।

कर्मचारीको समायोजनविना नै खारेजीमा परेका कार्यालयका कर्मचारीहरू यति बेला अन्योलका बीचमा काम गरिरहेका छन्। जिल्लामा रहेका अधिकांश कार्यालयका तल्लो तहदेखि उपल्लो तहसम्मका कर्मचारी कामविहीन कार्यालयमा उपस्थित हुने र हाजिर गर्ने काम मात्र भैरहेको छ। एकातर्फ समान्य प्रशासन मन्त्रालयले उनीहरूलाई सम्बन्धित क्षेत्रमा खटाइसकेको अवस्था छैन। अर्कोतर्फ कार्यालय खारेजीमा परेकाले काम गर्ने ठाउँको अभावमा कर्मचारीमा चरम अन्यौलता रहेको छ। त्यो मात्रै हैन, सरकारले समयमा निर्णय लिन नसकेका कारण अहिले जिल्लामा विभिन्न विषयगत क्षेत्रमा करार तथा अस्थायी सेवामा रहेका कर्मचारीसमेत अन्यौलको अवस्थामा छन्। स्थानीय निकायले दायित्वबोध गरेर नियुक्ति गर्ने वा खारेजी गर्ने, कुनै पनि निर्णय गर्न नसक्ने र केन्द्र सरकारले उनीहरूको विषयमा स्पष्ट निर्णय दिन नसक्दा जिल्लामा कैयौं कर्मचारी अन्यौलतामा अल्झिरहेका छन्।

एकातर्फ कर्मचारीले काम पाएका छैनन्, हाजिर गर्ने वा नगर्न भन्ने बिषयमा उनीहरूमा अन्यौलता कायम छ भने अर्कोतर्फ कर्मचारीको अभावमा स्थानीय तहले विकास निर्माण, शिक्षा, स्वास्थ्य, कृषि, पशु स्वास्थ्य र सामान्य प्रशासनका कामहरू समयमा गर्न सकिरहेका छैनन्। कर्मचारी बेकामी अवस्थामा रहने र सर्वसधारणका काम कर्मचारीकै अभावका कारण अल्झिनु दु:खको कुरा हो। सरकारले कर्मचारीको व्यवस्थापन तत्काल गर्न सक्नुपर्दछ। खारेज भएका कार्यालयमा रहेको दरबन्दीका कर्मचारीलाई उचित स्थानमा पठाउने र करार तथा अस्थायी सेवामा रहेका कर्मचारीको विषयमा नियुक्ति नवीकरण गर्ने वा उनीहरूलाई पदमुक्त गर्ने भन्ने विषयमा समेत तत्काले निर्णय लिएर सर्वसाधारणले राज्यको तर्फबाट पाउने सुविधाका काम छिटोछरितोरुपमा पाउने व्यवस्था मिलाइयोस्।

*– मन्दिरा बस्नेत, बाग्लुङ।*

### खानपिनमा ध्यान दिऔं, स्वस्थ बनौं

स्वास्थ्य सबै थोक हो। स्वास्थ्य बैभन्दा ठूलो धन हो। स्वास्थ्य सबैभन्दा ठूलो सम्पत्ति हो। शरीर स्वस्थ रहे धन कमाउन सकिन्छ। शरीर अस्वस्थ भएपछि धन खर्चेर पनि स्वास्थ्य फिर्ता गर्न सकिँदैन। अहिले पूर्णरुपमा स्वस्थ मानिस भेट्न मुस्किल पर्छ। हरेक परिवारमा एउटा न एउटा स्वास्थ्य समस्या नरहेको मानिस भेट्न गाह्रै पर्छ। त्यसको प्रमुख कारण खानपिन नै हो। आफ्नो स्वास्थ्यप्रति संवेदनशील हुन नसक्दा जानी-नजानी मानिसहरूले रोग निम्त्याइरहेका हुन्छन्। अहिले अनेक व्यापारका नाममा जनस्वास्थ्यको ख्याल नगरी जथाभावी खानेकुरा बिक्री वितरण भइरहेको पाइन्छ। तर, मानवीय स्वास्थ्यमा गम्भीर असर पुर्‍याउने यस्ता अस्वस्थ खानेकुराको बिक्री वितरण नियन्त्रण गर्नेतर्फ जिम्मेवार निकायले चासो देखाएको पाइँदैन।

विशेष गरी विद्यालय, क्याम्पस, सार्वजनिक स्थल तथा मानवीय चाप बढी हुने स्थानहरूमा यस्ता खानेकुराको निर्बाध बिक्री हुने गर्दछ। स्वास्थ्यको दृष्टिले खानयोग्य नभए पनि कतिपय खाद्यपदार्थ खुलारुपमा बिक्री हुँदै आएको पाइन्छ। सडकको फुटपाथ, चोक, चौबाटोदेखि चौतारासम्ममा जथाभावी पाइने खाद्यपदार्थ कति स्वास्थ्यवर्द्धक छ, त्यसको परीक्षण गर्ने परम्परा हामीकहाँ छैन।

अस्वस्थ खाद्यपदार्थको सेवनबाट झाडापखाला, टाइफाइड, जन्डिसजस्ता संक्रमणयुक्त रोग लाग्न सक्छ। विभिन्न अस्पतालमा बिरामीको चाप बढिरहेको छ। अहिले पानी परिरहेको मौसम र बाढी आइरहेकाले पनि सचेत हुन जरुरी छ। फोहोर खानेकुरा र दूषित पानीकै कारण अधिकांश रोग लाग्छ। तर, सरोकारवालाले अखाद्य पदार्थको सेवन रोक्ने अभियान चलाउन सकेको छैन।


केही वर्षयता साना व्यवसायीको कमाइ खाने माध्यम यस्तै सडकछेउमा भइरहेको पाइन्छ। सस्तो खाजाका परिकार, चटपट, पानीपुरीलगायत छिटो र मीठो हुने नास्ताका लागि युवापिँढीको आकर्षण हुने गर्छ। सानो पुँजी हुने जो-कसैले पनि यस्तो पेसा गरेर आफ्नो जीवन गुजारा चलाउन सडकछेउ, रिक्सा/ठेलामा यस्ता अखाद्य वस्तुहरू बिक्री हुँदै आएका छन्। व्यापार गर्ने कतिपयलाई आफूले अस्वस्थ खानेकुरा बिक्री गरिरहेको ज्ञान हुँदैन। र, कतिपयले कमाइ हुने नाममा स्वास्थ्यका लागि घातक रसायनको प्रयोग गरी जथाभावी खानेकुरा बेच्दै पनि आएका छन्।

जनस्वास्थ्यको ख्यालै नगरी सार्वजनिक स्थलमा जथाभावी खानेकुरा बिक्री हुँदा स्थानीय निकायहरूले रोक्ने प्रयास गरेको देखिँदैन। जिल्ला प्रशासन कार्यालयको खाद्य निरीक्षण एकाइले पनि यसमा चासो देखाएको पाइँदैन। भरतपुर महानगर र केही नगरपालिकाले सडक दुर्घटना र नगरक्षेत्रलाई व्यवस्थित गर्न फुटपाथमा व्यापार गर्नेहरूलाई बजार क्षेत्रबाट स्थानान्तरण गरे पनि जनस्वास्थ्यमा असर पार्ने खानेकुरा बेच्न निरुत्साहित गर्ने काम भने कोही-कसैबाट भएको पाइँदैन।

अस्वस्थ खाद्यपदार्थ नियन्त्रण गर्नु भनेको सार्वजनिक स्थानमा व्यापार गरेर जीवन धान्नेहरूलाई पेसाबाटै विस्थापित गर्नु होइन। उनीहरूलाई व्यवस्थित तरिकाले व्यापार गर्न सिकाउनु पनि हो। कतिपय यस्ता व्यापार गर्नेहरूले अज्ञानताका कारण अखाद्य पदार्थ बिक्री वितरण गरिरहेका हुन्छन्, तिनीहरूलाई चेतनामूलक ज्ञान दिन सकिन्छ। कोहीले जानाजान अखाद्य रंग मिसिएका र मानव स्वास्थ्यका लागि असर पार्ने पदार्थहरू मिसाएर मिठाई तथा अन्य खाद्य परिकारहरू बिक्री गरिरहेका हुन्छन्, तिनलाई प्रभावकारी अनुगमन तथा गुणस्तर परीक्षण गरेर नियन्त्रण गर्न सकिन्छ। नेपालमा खाद्य सुरक्षा र उपभोक्ता हितका निम्ति संवेदनशील निकाय निष्कृयजस्तै बन्न पुगेको छ। उपभोक्ता स्वयं आफ्नो स्वास्थ्यप्रति चासो राख्ने कमै मात्र भेटिन्छन्। छिटो र मीठोका नाममा आफ्नो स्वास्थ्यलाई दाउमा राख्ने जमात दिनहुँ बढ्दो छ। रोग लाग्नबाट बच्न र स्वस्थ रहन सामान्य गतिविधिमा ख्याल राखे पुग्छ। समयमै सचेत बन्न सकियो भने गम्भीर स्वास्थ्य समस्या आउनुअगावै जोगिन सकिन्छ। समयमै सचेत बनौं।

*– मनोज रेग्मी, स्याङ्जा।*

## सामाजिक सञ्जाल



३३ केजी सुनकाण्डको रिपोर्ट कहाँ हरायो ? सुनकाण्डमा 'ठूला माछा' पर्ने भए भनेर दबाउन कोसिस भएको छ भन्ने भनाइ व्याप्त छ। यथार्थता के हो ? जनताको सामु राख्ने नैतिक हिम्मत छ ? यदि छैन भने भ्रष्टाचार हुन दिन्न भन्ने नारा झुट रहेछ भन्ने स्पष्ट भएन र ?

**Dr. Prakash C Lohani**
**@PCLohani**



संघीयता ! संघीयता ! भनेर उफ्रिने बेलामा आँखा नदेख्ने, अहिले कर बढ्यो रे ! संघीय प्रणाली नेपाललाई मुस्किलको विषय बन्न सक्छ भन्दा त पश्चगामनकारी नै भन्थ्यौ त मित्र ! अब जीविका जोगाउने कि संघीयता जोगाएर थप संकट निम्त्याउने ?

**Tirtha Koirala**
**@Stirtha**



कसले भन्छ यहाँ रित्तो जन्मिएर रित्तो नै जानुपर्छ ? विनापैसा यहाँ न जन्मदर्ता हुन्छ, न मृत्युदर्ता।

**आरोही**
**@BijayaNyaupane**

सरकारले भदौ १ गतेदेखि लागू हुने गरी ल्याएको मुलुकी अपराध (संहिता) ऐन-२०७४ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खोस्ने काम गरेको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।



नाग पञ्चमीमा हिन्दू धर्मावलम्बीले नागलाई दूध चढाई पूजा गर्ने गर्दछन्। नाग पञ्चमीको दिनदेखि जाडो महिनाको शुरुआत हुने मान्यता पनि रहेको छ। बुधबार असनमा नाग पञ्चमीको दिन घरको ढोकामा टाँस्नका लागि नागको तस्वीर खरिद गर्दै ग्राहक।

*तस्वीर : मोनिका मल्ल/काठमाडौं*

## मानव तस्कर विमानस्थलबाट पक्राउ

काठमाडौं, (नेस)

रोजगारीका लागि अफगानिस्तानलगायतका मुलुकमा पठाउने भन्दै ठगी गरी ७ वर्षदेखि फरार रहेका झापाका सोमनाथ निरौला बुधबार पक्राउ परेका छन्।

निरौलालगायतको समूहले २०६८ कात्तिक २५ गतेबाट विभिन्न व्यक्तिसँग प्रतिव्यक्ति ३ लाख ५० हजार रुपियाँका दरले ८ करोडभन्दा बढी रुपियाँ ठगी गरी फरार रहेको भन्ने पीडितको जाहेरीको आधारमा अन्तर्राष्ट्रियस्तरमा फरार अपराधीहरूको खोजीका लागि इन्टरपोल महासचिवालयमा अनुरोध गरेर जारी गरिने नोटिस तथा डिफ्युजनका प्रतिवादीहरूलाई अध्यागमन विभागको कालोसूचीमा राख्नका लागि प्रहरी प्रधान कार्यालय इन्टरपोल शाखाबाट गरिएको पत्राचारको आधारमा निरौलाउपर वैदेशिक रोजगार कसूरमा २०६९ जेठ ३२ गते डिफ्युजन नोटिस जारी भएको थियो। डिफ्युजन नोटिस जारीका लागि वैदेशिक रोजगार विभाग तीनकुनेले २०६९ जेठ ८ गते नेपाल प्रहरीलाई पत्राचार गरेको थियो।

उक्त विभागद्वारा ४ वर्ष कैद र ४ लाख रुपियाँ जरिवाना तोकिएका प्रतिवादी निरौला झापाको काँकडभिट्टा, भारतको नयाँदिल्ली हुँदै चीनको ग्वाङ्जुबाट नेपाल आउने क्रममा अध्यागमन कार्यालय, त्रिभुवन अन्तरर्राष्ट्रिय विमानस्थल गौचरले नियन्त्रणमा लिई प्रहरीलाई बुझाएको हो। निरौलालाई थप आवश्यक कारबाहीका लागि वैदेशिक रोजगार विभागमा बुझाइएको छ।

# आश्वासन मात्र पाएपछि भूकम्पपीडितले काठमाडौं घेरे

नेपाल समाचारपत्र

काठमाडौं

राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले क्षतिग्रस्त गुम्बा विहारहरू बनाइदिने आश्वासन दिएको लामो समय बितिसक्दा पनि कुनै पनि प्रक्रिया अघि नबढाइएको भन्दै नेपाल गुम्बा विहार महासंघ संघर्षमा उत्रेको छ। महासंघको आह्वानमा बुधबार काठमाडौंमा दबाबमूलक ¥याली निकालिएको छ।

विभिन्न ठाउँबाट भृकुटीमण्डपमा भेला भएका पीडितहरू भद्रकाली, सुन्धारा, जमल, घण्टाघर हुँदै शान्तिवाटिकामा पुगेर कोणसभामा परिणत भएका थिए। कोणसभामा पूर्वमन्त्रीहरू दिलमान पाख्रिन, परशुराम तामाङ, आङछिरिङ शेर्पालगायतले सरकारले तत्काल ध्यान दिनुपर्ने बताउनुभयो। 'जसले पीडा भोगेको छ उसलाई मात्र थाहा हुन्छ, हाम्रो धादिङमा सर्वसाधारण र भत्किएका सम्पदाले पुनर्निर्माणका लागि राहत पाएका छैनन्।' -पाख्रिनले भन्नुभयो। सिन्धुपाल्चोक निवासी नेपाल लोकतान्त्रिक शेर्पा संघका सभापति लाक्पा ठिन्ले शेर्पा 'हिमाली कान्छा' ले सरकारले आफूहरूका माग नसुनेकाले बाध्य भएर सडकमा निस्कनुपरेको बताउनुभयो।

'सरकारले दिन्छौं भनेकाले, होला भनेर आशा गरेर बस्यौं तर अहिले केही पनि पाइएन हामीले लगानी गरेको पनि डुब्यो', शेर्पाले भन्नुभयो- 'सरकारलाई जथाभावी गर्ने पैसाचाँहि पुगेको छ तर जनताले भने भूकम्प गएको ३ वर्ष बित्दा पनि आश्वासन मात्र पाएका छन्।' अन्तर्राष्ट्रिय दातृ संस्थाले सहयोग गरेको रकम पनि नपाएकामा उनीहरूले आपत्ति जनाएका छन्।

महासंघका अध्यक्ष सोम्वले तामाङले सरकारको बेवास्ताका कारण भत्किएका संरचना बन्न नसकेको बताउनुभयो। 'हामीले सबै प्रक्रिया पुऱ्याइसकेका छौं, सरकार र प्राधिकरण तथा अन्य निकायले पनि सहमति जनाएका थिए तर अहिले आएर अलपत्र पारिएको छ', अध्यक्ष तामाङले भन्नुभयो- 'अब आन्दोलन शुरू भएको छ, केही दिन पर्खन्छौं अनि कडा संघर्षका कार्यक्रम गर्छौं।' तत्कालीन अवस्थामा संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयअन्तर्गत रहेको केन्द्रीय आयोजना कार्यान्वयन इकाइका आयोजना निर्देशक गणेशराज वस्तीले २०७३ साल फागुन २० गते बौद्धदर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिलाई पत्र पठाई मापदण्डअनुसार काम गर्न अख्तियारी दिनुभएको थियो।

इकाइको पत्रमा गुम्बा/विहारको डिजाइन, ड्रइङ तथा लागत अनुमान तयार गर्दा प्रचलित ऐन नियमअनुसार गर्ने, यसो गर्दा विहारका लागि विनियोजित बजेटको १ प्रतिशतसम्म खर्च गर्न सकिने भनिएको थियो।

डिजाइन र नाप नक्साबाहेक गुम्बा बनाउन र पुनर्निर्माणका लागि व्यवस्थापन गर्दा थप ५ लाख रुपियाँसम्म खर्च भएको उपभोक्ता समितिले गुनासो गरेका छन्। गोरखा, रामेछाप, सिन्धुपाल्चोक, ओखलढुंगा, दोलखा, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलान्चोक, मकवानपुर, सोलुखुम्बु, कास्की, सिन्धुली, संखुवासभा, लमजुङ, चितवन, भोजपुर, खोटाङ, धनकुटा, नवलपरासी, तनहुँ र बाग्लुङ गरी २५ जिल्लामा रहेका गुम्बा/विहारको पुनर्निर्माण गर्ने योजना रहेको छ। आयोजनाले अनुगमन गर्दा २३ वटा गुम्बाको नाम भए पनि कतै फेला पारेको थिएन। शुरूमा ९ सय ९३ वटा गुम्बाको गणना भएको थियो। तर, पछि फेरि पनि २०७४ साल कात्तिक १९ गते अर्को सूचना जारी गरी १५ दिनसम्मलाई छुटेका गुम्बा/विहारलाई आवेदन दिन माग गरिएको थियो। थप सूचना गर्दा ४ जिल्ला थपिएको छ। पछिल्लोपटक थपिँदा यो संख्या १३ सय २० पुगेको छ। इकाइले भनेअनुसार बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समितिले चासो नदेखाएको महासंघले आरोप लगाएको छ।

तर, विकास समितिका कार्यकारी निर्देशक नरेन्द्रकुमार गुरुङले प्रक्रिया केही ढिलो भएको भए पनि नरोकिएको भन्दै उपभोक्ता समितिलाई पाउने रकम समयमै उपलब्ध गराइने बताउनुभयो।

'पहिले गुम्बा बनाउने कि नबनाउने भन्ने विषयमा सरकार नै अलमलमा पऱ्यो, रकम दिँदा पनि कुन प्रक्रिया भन्ने अन्योल पनि कायम थियो', गुरुङले भन्नुभयो- 'भत्किएको वा पुनर्निर्माण गर्नुपर्नेछ भनिए पनि त्यसको जाँचबुझ नगरी रकम दिन पनि मिलेन, अब प्रक्रिया अघि बढेको छ सम्भवतः केही दिनमै टुंगो लाग्छ।' गुरुङले यही प्रयोजनका लागि २ अर्ब २५ करोड रुपियाँ छुट्याइएको बताउनुभयो। मन्त्रालय समायोजनमा स्थानीय विकास मन्त्रालयको नाम नरहेपछि विकास समिति अहिले संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयअन्तर्गत रहेको छ।

महासंघले भने गुरुङका कारणले नै पीडितले थप पीडा भोग्नुपरेको बताएका छन्, उनीहरूले निर्णय हुने बेलामा गुरुङ बिदेसिएकाले प्रक्रिया अलमलमा परेको भन्दै आएका छन्। उपभोक्तालाई रकम दिने र पुनर्निर्माण गर्ने विषयमा इकाइका कार्यकारी निर्देशक वस्ती र गुरुङले नै साझापत्रमा हस्ताक्षर गरेका छन्। नुवाकोटको उर्गेन छोलिङ गुम्बाका कोषाध्यक्ष जितबहादुर लामाले निर्माणको क्रममा धेरै रुपियाँ खर्च भइसकेकाले अब चुपचाप लागेर बस्न नसकिने बताउनुभयो। आयोजनाले ५ वर्गमा विभाजन गरेर क्रमशः १ करोड ५ लाख, ८२ लाख, ७१ लाख, ६१ लाख र ५१ लाख रुपियाँ दिने जनाएको छ।

भूकम्प गएको ३९ महिना बितिसकेको छ। एकातिर धेरैजसो घर पुनर्निर्माण हुन सकेका छैनन् भने अर्कातिर नीति, नियम र कानुनी जटिलताका कारण पीडितले अझै पनि राहत पाउन सकेका छैनन्। पुनर्निर्माण प्राधिकरण राजनीतिक चपेटामा परेको छ। तत्कालीन शेरबहादुर देउवा सरकारले नियुक्त गरेका युवराज भुसालले असारको तेस्रो साता राजीनामा दिनुभएको थियो। प्राधिकरणमा डा. गोविन्द पोखरेल, सुशील ज्ञवालीले प्रमुख कार्यकारी अधिकृत (सीईओ) भएर नेतृत्व गरिसक्नुभएको छ।

पोखरेललाई कांग्रेसले र ज्ञवालीलाई एमाले सरकारले प्रमुख बनाएको हो। पोखरेल शुरूमा र पछि पनि प्रमुख बन्नुभएको हो। पोखरेल प्राधिकरणबाट राजीनामा दिएर प्यूठानमा कांग्रेसको तर्फबाट प्रतिनिधिसभाको उम्मेदवार बन्नुभएको थियो तर निर्वाचन जित्न सक्नुभएन। राष्ट्रिय पुनर्निर्माण प्राधिकरणका सूचना अधिकारी मनोहर घिमिरेले गुम्बा/विहार बनाउने योजना प्राधिकरणको प्राथमिकतामा रहेको बताउनुभयो।

'नबनाउने भनेका छैनौं, यो आर्थिक वर्षमा बजेट छुट्टिएको छ', घिमिरेले भन्नुभयो- 'प्राधिकरणको कार्यकारी समितिको बैठक बस्न नसक्दा केही अलमल भएको छ, अब यो समस्या लामो समयसम्म जाँदैन।'

# मुलुकी ऐनले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खोस्यो




नेपाल समाचारपत्र

काठमाडौं

सरकारले भदौ १ गतेदेखि लागू हुने गरी ल्याएको मुलुकी अपराध (संहिता) ऐन-२०७४ ले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रता खोस्ने काम गरेको भन्दै सरोकारवालाले चिन्ता व्यक्त गरेका छन्।

नेपाल प्रेस युनियन, डिजिटल मिडिया विभाग र सेन्टर फर मिडिया रिसर्च नेपालले आयोजना गरेको कार्यक्रममा बोल्दै पत्रकारितासँग सम्बन्धित संघ-संगठनका प्रतिनिधिले संहिताले समाचार संकलनदेखि प्रकाशन प्रसारण गर्ने अवस्थासम्म नै अप्ठेरो अवस्था सिर्जना गरेकोमा त्यसलाई सच्याउन सरकारसँग माग गरेका छन्।

कार्यक्रममा बोल्दै मिडिया कानुनका जानकार अधिवक्ता बाबुराम अर्यालले संविधान बनेपछि कानुन बनाउनुपर्ने बाध्यता भए पनि मुलुकी अपराध (संहिता) ऐन-२०७४ भने संविधानले व्यवस्था गरेभन्दा विपरीत आएको बताउनुभयो। उहाँले राजनीतिक नेतृत्वको दबाबका कारण शासकले आफूलाई असहज महसुस गर्दा यस्ता कानुन बनाउने गरेको भन्दै यसलाई सच्याउनुपर्नेमा जोड दिनुभयो।

नेपाल प्रेस युनियनका महासचिव अजयबाबु शिवाकोटीले पत्रकारिता क्षेत्रलाई नियन्त्रण गर्ने र पेसाप्रति नै कैंची लगाउने उद्देश्यले यस्ता कानुन तयार गरिएको दाबी गर्नुभयो। उहाँले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताविरोधी कुनै पनि कानुनलाई स्वीकार्न नसकिने भन्दै यस्ता कानुन तत्काल सच्याउन सरकारसँग माग गर्नुभयो।

पत्रकार महासंघका सचिव रामप्रसाद दाहालले न्यु मिडियालाई विस्थापित गर्ने यस्ता कानुन अन्तर्राष्ट्रिय मान्यताविपरीत रहेको बताउनुभयो। यस्ता ऐन कानुनले प्रजातन्त्र छ कि छैन भन्नेमा नै प्रश्न उठ्ने भन्दै महासंघ यस्ता कानुनका पक्षमा नरहने उहाँको भनाइ थियो। पत्रकार महासंघले लुम्बिनी बैठकमार्फत नै सरकारको ध्यानाकर्षण गराइसकेको भन्दै दाहालले संविधानले दिएको अधिकारविरुद्ध सन्देशमूलक दबाब आवश्यक रहेको र त्यसको नेतृत्व महासंघले लिने बताउनुभयो।

विभिन्न मिडियमका पत्रकारले वैयक्तिक गोपनीयता, गाली बेइज्जतीसम्बन्धी व्यवस्थाले पत्रकारहरूमा पेसागत जोखिमता बढेको र यसलाई तुरुन्त सच्याउन सरकारसँग माग गरे। प्रेस युनियन, डिजिटल मिडिया विभागका संयोजक युवराज गौतमले विद्युतीय कारोबार ऐनको दफा ४७ र ४८ प्रेस स्वतन्त्रतामाथिको बाधक बनेको साथै मुलुकी अपराध संहिता ऐनको भाग ३ को परिच्छेद २ सञ्चारमाध्यमका लागि घातक रहेकाले सच्याउनका लागि तत्कालै दबाब आवश्यक रहेको बताउनुभयो।


## सिनेमा कर्नर










**अग्नि यातायात प्रा. लि.**

दिवा सेवा काठमाडौंबाट बिहान ८ बजे पोखरा ८ बजे
रात्री सेवा काठमाडौं काँकड्भिट्टा र धरान
फो. नं. ०१-५२२५०३३
मो. नं. ९८४१५७९६९७ ( शम्भु )


**माउन्ट मकालु यातायात सेवा**

काठमाडौं-बिर्तामोड-ताप्लेजुङ
प्रस्थान दिउँसो २ बजे
केन्द्रीय कार्यालय, कलंकी
सम्पर्क फोन : ०१-५२२५१७२, ५२२५२५२, ५२२५१२३



## आजको राशि

ज्यो. चन्द्रेश शर्मा

**मेष** : द्रव्य लाभ, विजय, खेल-परीक्षा आदिमा सफलता, समस्या समाधान।
**वृष** : कार्यसिद्धि, सन्तान-सुख, धन प्राप्ति, प्रतिस्पर्धात्मक कार्यमा सफलता।
**मिथुन** : बिहान समस्या, त्यसपछि भने कार्यसिद्धि, आर्थिक लाभ।
**कर्कट** : बिहान लाभ, प्रगति, त्यसपछि भने अपच, दौडधुप, विवाद, तनाव।
**सिंह** : धनलाभ, सुख-सन्तोष, उपलब्धिमूलक लगानी, उन्नति-प्रगति हुनेछ।
**कन्या** : उपहार, कोसेली आदि प्राप्ति, उत्तम भोजन, कार्य सफल।
**तुला** : बिहान अस्वस्थता तर त्यसपछि धन, पुरस्कार प्राप्ति, उत्तम भोजन।
**वृश्चिक** : बिहान लाभ तर त्यसपछि अस्वस्थता, दुर्घटनाको भय, तनाव।
**धनु** : सन्तोष, कार्यसिद्धि, स्वस्थता, लाभ, मिष्ठान्न भोजन, द्रव्य प्राप्ति।
**मकर** : राज्य-सुख, सफलता, यश-ऐश्वर्य वृद्धि, कार्यसिद्धि, निरोगिता।
**कुम्भ** : बिहान बाधा, त्यसपछिको समयमा राज्य-सुख, सफलता, यश वृद्धि।
**मीन** : बिहान सामो छ भने त्यसपछि रोगको भय, कार्य बाधा, धन हानि।



# प्रदेश-३



मकवानपुरमा उत्तरदेखि दक्षिणसम्म महाभारतदेखि चुरे क्षेत्र दामासाहीरूपमा विभाजन गरेमा दुवै डिबिजन वन कार्यालय सशक्त हुने बताइएको छ।

## बस दुर्घटना हुँदा १ को मृत्यु, ४९ जना घाइते



शालिकराम चालिसे, नुवाकोट

बुधबार बिहान १० बजे नुवाकोटको बुङताङबाट त्रिशूलीतर्फ आउँदै गरेको बस लामाटारमा दुर्घटना हुँदा १ जनाको मृत्यु भएको छ भने ४९ यात्रु घाइते भएका छन्। गम्भीर घाइते भएका १५ जनालाई जिल्ला अस्पताल त्रिशूलीमा उपचार हुन नसकेपछि उपचारका लागि बुधबार अपराह्न नै काठमाडौंको ग्रान्डी र ग्रिन सिटी अस्पताल लगिएको छ।

रिफर गरिएका १ जनाको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ। मृत्यु हुनेमा विदुर नागरपालिका साविक तुप्चे वडा नम्बर ५ महदेवखर्ककी मोतीमाया तामाङ रहेको नुवाकोटका प्रहरीप्रमुख वसन्त कुँवरले बताउनुभयो। तामाङको उपचारका क्रममा काठमाडौंको ग्रान्डी अस्पतालमा मृत्यु भएको छ। गम्भीर घाइते हुनेमा ज्ञानबहादुर तामाङ, चोकनी तामाङ, टीकामाया तामाङ, ईसाइन तामाङ, होमबहादुर तामाङ, विनामाया तामाङ, पूर्णबहादुर तामाङ, वीरबहादुर विक, उत्तम तामाङ, प्रेमकुमारी तामाङ, रिजम तामाङ, लेसाङ तामाङ र प्रेम सिङ तामाङ रहेका छन्।

बुङताङबाट त्रिशूली आउन लागेको बाख २८०४ नम्बरको बस विदुर नगरपालिका वडा नं ९ स्थित लामाटारमा मिनीट्रकलाई बाटो दिन पछि हटेर अघि बढ्ने क्रममा दुर्घटना हुँदा चालक ज्ञानबहादुर तामाङसहित ४९ जनाभन्दा बढी घाइते भएको नुवाकोट प्रहरीप्रमुख वसन्तबहादुर कुँवरले जानकारी दिनुभयो। यात्रुले खचाखच भरिएको बस दुर्घटना हुँदा घाइते भएका ४९ जना जिल्ला अस्पतालमा उपचारका लागि भर्ना भएका र घाइतेको संख्या अझ बढी हुन सक्ने प्रहरीले जनाएको छ।

घाइते भएका अधिकांश बुङताङ, साल्मे र देउरालीका यात्रु रहेका छन्। बिहान ८ बजे बुङताङबाट त्रिशूलीका लागि यात्रु लिएर आइरहेको बस लामाटारबाट भैरमकोट जान लागेको मिनीट्रकले बाटो नदिएपछि पछि हटेको र बस अघि बढ्ने क्रममा सडक भासिएर दुर्घटना हुँदा सडकबाट करिब ५० मिटर तल खसेको बस धनी र सोही गाडीमा आएका बुङताङका मानबहादुर तामाङले बताए। अन्य घाइतेको भने नामथर खुल्न बाँकी रहेको जिल्ला प्रहरी कार्यालय नुवाकोटले जनाएको छ।

## प्रदेश–३ मा वन १५ डिबिजन र ९६ सबडिबिजन

नेपाल समाचारपत्र

हेटौंडा

३ नम्बर प्रदेशका १३ जिल्लामा वनका १५ वटा डिबिजन कार्यालय रहने जनाइएको छ। मकवानपुर र सिन्धुलीमा २ वटा डिबिजन कार्यालय रहनेछन्। अन्य जिल्लामा एउटा डिबिजन कार्यालय रहने गरी गृहकार्य अघि बढाइएको छ।

प्रदेशमा रहने १५ डिबिजन वन कार्यालयअन्तर्गत ९६ वटा सबडिबिजन वन कार्यालय रहने विभागले जनाएको छ। नयाँ संविधान कार्यान्वयनका क्रममा सरकारले वन व्यवस्थापनका लागि वनको संरचनालाई पुनःसंरचना गर्ने तयारी गरेको हो। अब जिल्ला वन कार्यालयलाई प्रतिस्थापित गरी सरकारले डिबिजन वन कार्यालय स्थापना गर्न लागेको छ।

विभागले सबै जिल्ला वन कार्यालयलाई डिबिजन कार्यालयको सीमांकन, मुकाम रहने स्थान, स्थानीय तहको नाम, जनसंख्या, वन संरक्षण पद्धति, सबडिबिजन कार्यालयको नामलगायत सबै विवरण माग गरेको छ।

७ दिनभित्र विवरण विभागमा पठाउन निर्देशन गरिएको छ। मकवानपुर वन डिबिजन कार्यालय हेटौंडा राप्ती वन डिबिजन कार्यालय मनहरि रहनेछ। २ वटा डिबिजन कार्यालयमा १६ वटा सबडिबिजन कार्यालय रहने विभागको पत्रमा उल्लेख छ।

यी दुवै कार्यालयअन्तर्गत रहने १६ वटा सबडिबिजन कार्यालयको नाम, स्थानीय तह, सीमांकनलगायत विषय उल्लेख भएको विवरण पठाउन वन विभागले पत्राचार गरेको छ। जिल्ला वन प्रमुख प्रह्लाद धितालले विभागबाट स्पष्ट निर्देशन नआएकाले सीमांकनलगायत छलफलकै क्रममा रहेको बताउनुभयो।

'विभागको पत्रपछि छलफलको क्रममा छौं' -जिल्ला वन कार्यालय मकवानपुरका प्रवक्ता विशाल भट्टराईले भन्नुभयो। मनहरि गाउँपालिकादेखि हेटौंडा हुँदै बागमती गाउँपालिकासम्मको क्षेत्र समेटेर एउटा डिबिजन निर्माण गरिने चर्चा स्थानीयस्तरमा चलेको छ।

महाभारत क्षेत्रलाई समेटेर अर्को डिबिजन बनाउने बहस पनि चलेको छ। यसरी सीमांकन भएमा महाभारततर्फको डिबिजन वन कार्यालय अत्यन्त दुर्गमजस्तो हुने भन्दै विरोध शुरू भएको छ। मकवानपुरमा रहेका प्रतिनिधिसभाका २ क्षेत्रलाई डिबिजन मानेर सीमांकन गर्दा वैज्ञानिक हुने तर्क पनि छ।

साविक जिल्ला वन कार्यालय रहँदाका इलाका र सेक्टरमा पनि यही अभ्यास भएको पाइन्छ। मकवानपुरमा उत्तरदेखि दक्षिणसम्म महाभारतदेखि चुरे क्षेत्र दामासाहीरूपमा विभाजन गरेमा दुवै डिबिजन वन कार्यालय सशक्त हुने बताइएको छ। तर जिल्ला वन कार्यालय मकवानपुरले के कसरी सीमांकन गर्ने हो त्यो प्रतीक्षाकै विषय बनेको छ।

मकवानपुरको कुल क्षेत्रफलको ६५ प्रतिशत भूभाग वनजंगलले ढाकेको छ। जिल्लाको कुल वन क्षेत्रमध्ये आधाभन्दा बढी भाग पहाडी क्षेत्रको साल वनले ओगटेको छ भने बाँकी वन क्षेत्रमा खोटे सल्ला र चौडा पातमिश्रित वन, सालको मिश्रित वन र खसु र यसको मिश्रित वन छ।

भूउपयोगको दृष्टिबाट मकवानपुरमा कुल भूभागको ५४.८१ प्रतिशत (१,३३,९८७.१८ हेक्टर) वन क्षेत्र र १०.५१ प्रतिशत (२५,६९६.८२ हेक्टर) संरक्षित क्षेत्र (राष्ट्रिय निकुञ्ज तथा वनयजन्तु आरक्ष) समेत गरी ६५.३४ प्रतिशत (१,५९,६८३ हेक्टर) वनजंगलले ढाकेको क्षेत्र रहेको देखिन्छ।

हावापानीको दृष्टिबाट जिल्ला शीतोष्ण, समशीतोष्ण र उष्ण गरी ३ भागमा पर्ने भएकाले जैविक विविधताको दृष्टिले पनि जिल्ला धनी छ। जिल्लाको पश्चिमी भागमा पर्ने चितवन राष्ट्रिय निकुञ्ज र दक्षिणी भागमा पर्ने पर्सा वनयजन्तु आरक्ष वनयजन्तुको बासस्थान र जैविक विविधता संरक्षणका दृष्टिले महत्त्वपूर्ण स्थलका रूपमा पर्दछन्। जडिबुटी उपलब्धताका दृष्टिले जिल्ला सम्पन्न रहेको मानिन्छ। जिल्लामा अवस्थित मुख्य पर्वत शृंखलामा चन्द्रागिरि, महाभारत र चुरे छन्।

मकवानपुरमा ४ सय २४ सामुदायिक वन, ६ सय ९५ कबुलियती वन, २ सय २१ निजी वन र ५ धार्मिक वन छन्।

## उपभोक्ता मञ्च अध्यक्षमा पौडेल

हेटौंडा, (नेस)

उपभोक्ता मञ्च नेपाल मकवानपुरको अध्यक्षमा कुमार पौडेल चयन हुनुभएको छ। मञ्चको मंगलबार हेटौंडामा सम्पन्न जिल्ला भेलाले पौडेलको अध्यक्षतामा १२ सदस्यीय नयाँ कार्यसमिति सर्वसम्मत् चयन गरेको हो।

मञ्चको उपाध्यक्षमा कपिल अर्याल र कृष्ण अर्याल, सचिव नवराज कोइराला, सहसचिव राजु गौतम, कोषाध्यक्षमा ईश्वरप्रसाद मैनाली रहनुभएको छ। सदस्यहरूमा विनोद शर्मा, विमला थिङ, सुधीर दाहाल, यथार्थ रिजाल, सुनिल शिवाकोटी र टेकनाथ शिवकोटी तथा सल्लाहकारमा केशव श्रेष्ठ, सिद्धिलाल श्रेष्ठ र कपिला जोशी रहनुभएको छ।

मकवानपुरका प्रमुख जिल्ला अधिकारी अश्मान तामाङको प्रमुख आतिथ्यता एवम् अध्यक्ष कपिला जोशीको सभाध्यक्षतामा भएको कार्यक्रममा मञ्चका पूर्वअध्यक्ष सिद्धिलाल श्रेष्ठ, उच्च अदालत बार एसोसिएसन अध्यक्ष युवराज ओली, नेपाल उद्योग वाणिज्य संघ केन्द्रीय सदस्य राजकुमार न्यौपाने, दिनेश उपाध्याय, विनोद लामिछानेलगायतले मन्तव्य व्यक्त गर्नुभएको थियो।

## मुख्य न्यायाधीवक्ताको सुविधा पारित

हेटौंडा, (नेस)

प्रदेश नम्बर ३ का मुख्य न्यायाधीवक्ताको सुविधासम्बन्धी विधेयक पारित भएको छ। प्रदेशसभा भवन हेटौंडामा बसेको बैठकमा मुख्यमन्त्री डोरमणि पौडेलले 'मुख्य न्यायाधीवक्ताको काम, कर्तव्य र अधिकार तथा सेवाको सर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक'को प्रतिवेदनसहित विधेयक प्रस्तुत गर्नुभएको थियो।

प्रतिवेदनसहित विधेयक निर्णयार्थ पेस गर्दा सर्वसम्मतिले पारित भएको हो। प्रदेश मामिला समिति सभापति माधवप्रसाद पौडेलले समितिको प्रतिवेदन सोमबार बैठकमा प्रस्तुत गर्नुभएको थियो। यसअघि प्रदेशसभा बैठकमा विशेष समय लिएर प्रदेशसभा सदस्यले आफ्नो क्षेत्र र प्रदेशको समस्याबारे सरकारको ध्यानाकर्षण गराएका थिए।

## प्रसारण लाइनको काम २३ प्रतिशत सम्पन्न

रसुवा, (नेस)

चिलिमे-त्रिशूली प्रसारण लाइनको २३ प्रतिशत काम सम्पन्न भएको छ। रसुवामा निर्माण भएको जलविद्युत् आयोजनाबाट उत्पादन हुने विद्युत् राष्ट्रिय प्रसारण लाइनमा जोड्नका लागि चिलिमे-त्रिशूली प्रसारण लाइन निर्माण गरिएको हो।

रसुवाको आमाछोदिङ्मो गाउँपालिका-५ थाम्बुचेतमा निर्माण हुन लागेको चिलिमे हबको निर्माणस्थलमा कटिङ र फिलिङको काम भइरहेको छ। जिल्लामा निर्माणाधीन जलविद्युत् आयोजनाको विद्युत् उत्पादन हुने समय नजिकिँदै जाँदा नेपाल विद्युत् प्राधिकरणले प्रसारण लाइन निर्माणमा तीव्रता दिएको छ। आमाछोदिङ्मो गाउँपालिकास्थित गोल्जुङदेखि नुवाकोटको किस्पाङ गाउँपालिकास्थित त्रिशूली थ्रिबी हबसम्म प्रसारण लाइन निर्माण हुनेछ। प्रसारण लाइनको दूरी साढे २७ किलोमिटर रहेको आयोजना प्रमुख केदार सिलवालले जानकारी दिए।

गोल्जुङदेखि मैलुङसम्म २२० केभी डबल सर्किट र मैलुङदेखि त्रिशूली थ्रिबीको हबसम्म 'फोर सर्किट' प्रसारण लाइन निर्माण हुनेछ। प्रसारण लाइन निर्माणका लागि चेक सर्भे, माटो परीक्षणलगायतको कार्य सम्पन्न भएको आयोजनाले जनाएको छ। प्रसारण लाइन निर्माणका लागि चिनियाँ ठेकेदार पिङाओ ग्रुप लिमिटेड र परमर्शदाताको रूपमा पावर ग्रिड इन्डियाले काम गरिरहेका छन्। प्रसारण लाइनको टावर र सबस्टेसनका विभिन्न उपकरणको डिजाइनको कार्य ५० प्रतिशत सम्पन्न भएको छ।

## 'तामाकोसी गाउँ हरियाली गाउँ' अभियान

चिरञ्जीवी मास्के, दोलखा

दोलखाको तामाकोसी गाउँपालिकाले प्राकृतिक सन्तुलनलाई ध्यान दिँदै 'तामाकोसी गाउँ हरियाली गाउँ' अभियान शुरू गरेको छ। यो अभियानले भू-क्षय नियन्त्रण, वातावरण सन्तुलन, प्राकृतिक सुन्दरतालगायतलाई सहयोग पुग्ने अपेक्षा गरिएको गाउँपालिका प्रमुख बजेटले १३ सय बिरुवा रोपेर त्यसको संरक्षणका लागि फलामको जालीसमेत राखिएको गाउँपालिकाले जनाएको छ। त्यसरी रोपिएका बिरुवाको हेरचाह र गोडमेलका लागि समेत हेरालु राखिने गाउँपालिका प्रमुख पोखरेल बताउँछन्।

अभियानअन्तर्गत नौ गाउँपालिकामा रहेका ७ वटा वडामा नर्सरी स्थापना गरिएको आसपास उपलब्ध ठाउँमा ५ वटा बिरुवा रोपेर हुर्काउने परिवारलाई पुरस्कृतसमेत गरिने गाउँपालिका प्रमुख पोखरेल बताउँछन्।

तामाकोसी गाउँपालिकालाई हरियालीसँगै सफा र सुन्दर बनाउन 'मेरो घर मेरो फूलबारी' अभियानसमेत सँगसँगै अगाडि बढाइएको गाउँपालिका प्रमुख ईश्वर पोखरेल बताउँछन्। यो




ईश्वरचन्द्र पोखरेलले बताए।

'तामाकोसी गाउँ हरियाली गाउँ' अभियानअन्तर्गत गाउँपालिकाभित्र रहेको पुष्पलाल राजमार्गको दायाँबायाँ १३ सय वटा असोकाका बिरुवा लगाइएको गाउँपालिका प्रमुख पोखरेल बताउँछन्। अभियानका लागि अघिल्लो आर्थिक वर्ष ०७४/०७५ मा २५ लाख रुपियाँ बजेट विनियोजन गरिएको र उक्त र ती नर्सरीमा हावापानी मिल्ने बिरुवा रोपिने गाउँपालिका प्रमुख पोखरेलको भनाइ छ। त्यसैगरी गाउँपालिकाभित्रका हरेक परिवारले आफ्नो स्वामित्वमा रहेको उपयुक्त ठाउँमा कम्तीमा ५ वटा बिरुवा रोप्नुपर्ने नियम गाउँपालिकाले बताएको छ। त्यसरी रोप्नका लागि गाउँपालिकाले बिरुवा उपलब्ध गराउने जनाइएको छ। आफ्नो घर अभियानअन्तर्गत गाउँपालिकाभित्र रहेका सबै परिवारले आफ्नो घरमा अनिवार्यरूपमा फूलबारी बनाउनुपर्ने उर्दी गाउँपालिकाको छ। प्रत्येक घरमा फूलबारी बनाइयो भने त्यसले घर वरपर सफा हुने र विभिन्न संक्रमणको जोखिम घट्ने तथा गाउँपालिका सफा र सुन्दरसमेत हुने गाउँपालिका प्रमुख पोखरेल बताउँछन्।

वर्गीकृत डिस्प्ले




वर्गीकृत विज्ञापन

डिप्रेशन र माईग्रेनको सफल उपचार !!!

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने ङम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प तात्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्वनधी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५१५, ९८४९२२८०५९, ९८१३१२५५५८

मर्मत

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ । डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला ।

उपलब्धी सुविधाहरू
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

चाहियो

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

नेपाल समाचारपत्र को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

काठमाडौं: गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोन: ३७०७०५, फ्याक्स: ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोन: ३५३९४१, फ्याक्स: ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोन: ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोन: ४८६५१३,४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिव्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोन: ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोन: २८२४५१, २८०६७३, फ्याक्स: २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोन: २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोन: ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोन: ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ·गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोन: ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२,फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

ललितपुर: हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोन: ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३१३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोन: ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोन: ९८४१७६९५१२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

भक्तपुर: सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मल: स्टेसनरी गठाघर, फोन: ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५ साउन
बिहिबार
३१

जिल्ला समन्वय समिति बाराले पनि सिमरामा सेवा विस्तार गर्न उपयुक्त नहुने भन्दै विरोध जनाउँदै आएको थियो।



# अझै नगरसभा हुन सकेन

## नगरपालिकाबाट हुने कामकाज पूर्णरूपमा ठप्प

**सरिता चलाउने, सल्यान**

सल्यानको वनगाड कुपिण्डे नगरपालिकामा बजेट पास नहुँदा विकास निर्माणका कामले तीव्रता पाउन सकेका छैनन्। सकारको नीतिअनुसार असार १० गतेभित्र विनियोजन हुनुपर्ने बजेट नगरप्रमुख र उपप्रमुखको विवादले गर्दा अहिलेसम्म विनियोजन हुन नसकेको हो। कामकाजमा हस्तक्षेप र आर्थिक अनियमितता गरेको भन्दै उपप्रमुखलगायत केही वडाअध्यक्षले विरोध जनाएपछि नगरसभा अन्योलमा परेको छ।

सरकारको निर्देशनअनुसार जुन नीतिमा बजेट पास हुनु पर्ने हो त्यो नभएपछि सरकारकै निर्देशमा बजेट पास हुनुपर्छ भन्दै उपप्रमुखसहित केही वडाध्यक्ष र कार्यपालिका सदस्यले माग गरेपछि अहिलेसम्म बजेट पास हुन नसकेको बताइएको छ। नगरपालिकामा अहिलेसम्म बजेट पास नहुँदा दैनिक हुने कामकाज पूर्णरूपमा ठप्प भएपछि नागरिकले सास्ती भोग्नुपरेको छ।

नगरसभा नहुँदा नगरपालिकाबाट हुने काम सिफारिस, जन्मदर्ता, विवाहदर्ता, बसाइँसराई र अन्य प्रशासकीय कामसमेत हुन नसकेको स्थानीय दुर्गा बीसीले बताउनुभयो। उहाँले भन्नुभयो- 'नगरपालिकाबाट हुने काम ठप्प भएपछि स्थानीयले सास्ती भोग्नुपरेको छ, यहाँका नागरिकले पनि अहिलेसम्म केही बोल्न सकेका छैनन्।'

नगरसभाका लागि बारम्बार बैठक बस्दै आए पनि निष्कर्षविहीन हुने गरेको वनगाड कुपिण्डे नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रेमप्रसाद शर्माले बताउनुभयो। नगरसभाका लागि आफूले हर प्रयास गर्दा पनि सहमति हुन नसकेपछि के गर्ने भनेर अन्योलता छाएको उहाँले बताउनुभयो। उपप्रमुख ऐरीलगायत वडाध्यक्षले सार्वजनिकस्थलमै पत्रकार सम्मेलन गरेर नगरप्रमुखले अनियमितता गरेको दाबी गरेका थिए। विवादका कारण बजेट पारित नहुँदा योजना बाँडफाँडलगायतका काम साथै २०७५/०७६ को कर्मचारीले समेत तलब खान नसकेको प्रमुख प्रशासकीय अधिकृत शर्माले बताउनुभयो । उहाँका अनुसार करारका कर्मचारी बढी मारमा परेका छन् । 'विवादले नगरपालिकाको कामकाज पनि प्रभावित भएको छ', उहाँले भन्नुभयो- 'अहिलेसम्म योजना छनोट गर्नेबारे कुनै काम हुन सकेको छैन।'

नगरसभाले बजेट पारित गर्ने, कानुन बनाउने, कर संकलनका लागि आर्थिक ऐन बनाउने काम अपलपत्र परेको लेखा अधिकृत प्रकाश केसीले बताउनुभयो। उहाँका अनुसार नगरसभा नहुँदा सम्पूर्ण आर्थिक कारोबार प्रभावित भएको छ। कर संकलनमा समेत समस्या भएको उहाँले बताउनुभयो। अहिलेसम्म योजनाको प्रस्तावना तयार हुन सकेको छैन। 'कार्यालय सञ्चालनको रकमसमेत निकासा नहुँदा सेवाग्राहीको कामकाजमा समस्या भइरहेको छ', उहाँले भन्नुभयो- 'त्यसले प्रशासनिक काममा समेत असर परेको छ।' नगरसभा हुन नसकेका कारण कामकाज लथालिंग भएको उहाँको भनाइ छ। प्रमुखमा गोविन्दकुमार पुन तत्कालीन एमाले र उपप्रमुख मन्जु ऐरी तत्कालीन माओवादी केन्द्रबाट निर्वाचित भएका थिए।

नगरप्रमुख पुनले उपप्रमुख र वडाध्यक्षका कारणले नै अहिलेसम्म नगरसभा बस्न नसकेको दाबी गर्नुभएको छ। उपमेयरको बहुमतको आधारमा नगरसभालाई हतियार बनाएर नगरसभा हुन नसकेको बताउनुभएको छ। जसका लागि बारम्बार प्रयास गर्दा बारम्बार बैठक बसाए पनि सहमतिमा पुग्न नसकिएको उहाँको भनाइ छ।

उपप्रमुख ऐरीले भने नगरप्रमुखको स्वेच्छाचारीले समस्या भएको दाबी गर्नुभएको छ। स्थानीयवासीले जनप्रतिनिधिको विवादले स्थानीयलाई सरकारी सेवा लिन सास्ती भएको स्थानीयले बताएका छन्। 'विवादले नगरपालिकाका सबै काम लथालिंग भएको छ स्थानीयले तत्काल नगरसभा गरी विकास निर्माण र सरकारी सेवा सुविधा प्रवाह गर्न जनप्रतिनिधिलाई आग्रह गरेका छन्। बजेट नै पास नभएपछि आर्थिक ऐन पारित हुन पनि हुन नसकेको र पुरानै नियमअनुसार काम गर्दै आएको कर्मचारीले बताएका छन्।

# जाजरकोटमा बाढीका कारण करोडौंको क्षति

## ● खोलाले बगाउँदा एकको मृत्यु ● भेरी नदीले ३ घर र ६ वटा कटेज बगायो

**दीपेन्द्र शर्मा, सुर्खेत**

जाजरकोटको नलगाड नगरपालिकामा बाढीका कारण करोडौंको क्षति भएको छ।

जिल्लाको पूर्वी भागमा अवस्थित नलगाड नगरपालिकाको वडा नं. २, ३ र ४ मा गएराति आएको बाढीका करण करोडौंको क्षति भएको हो।

स्थानीय झुप्रा खोलामा आएको बाढीले ४ घरसहित २ वटा पुल तथा सयौं रोपनी धानखेत बगाएको छ। बाढीले स्थानीयका घर, १५ वटा घुम्ती पसल, ६ मिल, ५५ घट्ट, २ वटा ट्रस ब्रिजसहित सयौं रोपनी धान रोपेको खेत बगाएको नलगाड नगरपालिकाका नगरप्रमुख टेकबहादुर रावलले जानकारी दिए। मंगलबार राति आएको बाढीले नलगाड नगरपालिका ३, घुवाराका गोकर्ण चन्द, धनबहादुर रावल, वडा नं ५ का खिमलाल जैसी र वडा नं २ का कौशीबहादुर विष्टको घरसहित जग्गा बगाएको छ। उनका अनुसार वडा नम्बर ४ का हीरालाल पन्त र वडा नम्बर २ का सर्वजित सुनारको मिल बगाएको छ। त्यस्तै सोही खोलानजिकमा रहेका दीपक सुनारका २ वटा घट्ट बगाएको छ।

वडा ३ का वडाध्यक्ष प्रचण्ड ओलीको मिल तथा जग्गा बाढीले बगाएको छ। त्यस्तै बाढीले नलगाड ३ र ४ जोड्ने घुवारामा रहेको ट्रस ब्रिज, वडा नं २ र ५ जोड्ने कालीमाटीस्थित ट्रस ब्रिज पनि बगाएको नगरप्रमुख रावलले बताए। रावलका अनुसार झुप्रा खोलाको बाढीले स्थानीय रामबहादुर विकको घरसहित २ वटा मिल बगाएको छ। उक्त खोलामा आएको बाढीले नलगाड-३ को साङट् खेत, २ र ४ को कैनाखेत, सिस्नेरी खेत, बागमारे खेत, सादनमुरा खेत, रानीखेतलगायत सयौं रोपनी धानसहितको खेत बगाएको



उनले बताए।

खोलाले पुल बगाएपछि बारेकोट, कालीमाटीबजार, दल्लीलगायत स्थानमा आवत-जावत पूर्णरूपमा बन्द भएको स्थानीय हासीलाल पन्तले बताए। बाढीले अन्य जग्गा जमिनलगायतमा क्षति गर्ने क्रम बढेको र उक्त बाढीका कारण छेप्का र कालीमाटीबजार जोखिममा परेको उनको भनाइ छ। पन्तका अनुसार बाढीका कारण यस क्षेत्रका ७० बढी घरपरिवार विस्थापित तथा वडा ८ बगारामा बाढीका कारण ५ घर डुबानमा परेका छन्।

त्यस्तै पञ्च भयार माविको भवन पहिरोले पुरेको छ। विद्यालयमा रहेका सोलार, कार्यालयका कागजातसमेत नष्ट भएको शिक्षक होमप्रकाश सिंहले जानकारी दिए । क्षतिको विवरण संकलन गरिरहेकाले कति क्षति भयो भन्नेबारे अझै यकीन भई नसकेको जाजरकोटका प्रहरी प्रमुख प्रहरी नायव उपरीक्षक रवीन्द्र सिंहले बताए।

बाढीको कारण खोला छेउछाउका बासिन्दा त्रसित बनेका छन्। बस्ती रहेको कालीमाटीदेखि थुनिएको क्षेत्र १० किलोमिटरमाथि रहेको प्रहरी प्रमुख सिंहले बताए। जथाभावी डोजर प्रयोग गरेर बाटो खन्दा बाढी आएको स्थानीयवासीको भनाइ छ। प्रभावित क्षेत्र सदरमुकामबाट १६ कोष पूर्वमा पर्छ।

जाजरकोटको नलगाड नगरपालिका वडा ७ को दानीपिपल खोलाले बगाएर बुधबार बिहान १ जनाको मृत्यु भएको छ।

नलगाड नगरपालिका-७ का उमेशबहादुर शाहीको मृत्यु भएको जिल्ला प्रशासन कार्यालय जाजरकोटका सहायक प्रमुख जिल्ला अधिकारी कृष्णप्रसाद खतिवडाले जानकारी दिए।

जाजरकोटको तल्लुबगरनजिक पहिरोले भेरी नदी थुनिँदा ३ घर र ६ वटा कटेज बगाएको छ। नलगाड-१२ तल्लुवगरका ३ घर र रुकुमको आठबीसकोट ४ गोतामकोटका ६ वटा कटेज नदी कटानले बगाएको स्थानीय मोहन बस्नेतले बताए।

तल्लुबगरमाथिको पहाडको ढिस्को खसेपछि ठूलीभेरी नदी केहीबेर थुनिएको थियो। नदी थुनिएपछि नदीले बाटो पहिल्याउन दुवै किनारातिर कटान गरेको बस्नेतले बताए। कटानका कारण नलगाड-१२ का भवीन्द्रबहादुर बस्नेत, ककबहादुर बस्नेत र टीकाराम खत्रीको घर बगाएको छ।

घरभित्रको सामान निकाल्न नपाउँदै मंगलबार बिहान नदीले जाजरकोटतिरका ३ घर र रुकुमतर्फका ६ वटा कटेज बगाएको नलगाड नगरपालिका-१२ का वडाध्यक्ष लालबहादुर खत्रीले बताए। जाजरकोट-डोल्पा सडकमा पर्ने उक्त स्थानमा खोलिएका ६ वटा कटेजसमेत भेरीले बगाएको उनले बताए।

# झुम्रेखोलामा आएको बाढीबाट ठूलो क्षति

**प्रकाश पन्त, वीरेन्द्रनगर**

मंगलबार रातिदेखि परेको अविरल वर्षापछि जाजरकोटको नलगाड नगरपालिकामा पर्ने झुम्रे खोलामा आएको बाढीले ठूलो क्षति गरेको छ।

बाढीले स्थानीयका ४ घर, ५ वटा घुम्ती पसल, ४ वटा मिल, ६० वटा घट्ट, २ वटा ट्रस ब्रिज र सयौं रोपनी खेत बगाएको हो। गएरातिदेखि आएको बाढीले नलगाड-३, घुवाराका जनकबहादुर चन्द, शिवराज रावल, वडा नं ५ का खिमलाल जैसी र वडा नं २ का कौशी विष्टको घर बगाएको छ। बाढीले रावलको केही चौपायासमेत बगाएको छ।

त्यस्तै बाढीले घुवारास्थित नलगाड ३ र ४ जोड्ने तथा कालीमाटीस्थित वडा नं २ र ५ जोड्ने ट्रस ब्रिज पनि बगाएको नलगाड नगरपालिकाका प्रमुख टेकबहादुर रावलले बताए। झुप्रा खोलाको बाढीले स्थानीय रामबहादुर विकसहित ४ वटा मिल बगाएको छ। खोलामा आएको बाढीले नलगाड ३ को साङट् खेत, २ र ४ को कैनाखेत, सिस्नेरी खेत, बागमारे खेत, सादनमुरा खेत, रानीखेतलगायत सयौं रोपनी खेत बगाएको छ।

बाढीले नलगाडमा करोडौंको क्षति गरेको पनि नगरप्रमुख रावलले उल्लेख गरे। खोलाले पुल बगाएपछि बारेकोट, कालीमाटीबजार, दल्लीलगायत स्थानतर्फको आवत-जावत पूर्णरूपमा बन्द भएको छ। नगरप्रमुख रावलले सर्वसाधारणलाई बाढीले थप क्षति गर्न सक्ने भएकाले सतर्क रहन पनि आग्रह गरेका छन्।

यस्तै बाढीले खोला आसपासमा पर्ने कैनदेखि कालीमाटीसम्मका सयौं मुरीका खेत पनि बगाएको पनि लहँका शिक्षक मदन रावलले जानकारी दिए। उनले गएराति आएको बाढीले अहिले पनि खेत कटान गरिरहेको बताए।

प्रहरीले अहिले क्षतिको विवरण संकलन गरिरहेकाले कति क्षति भयो भन्नेबारे अझै यकीन भइनसकेको प्रहरी नायव उपरीक्षक रवीन्द्र सिंहले बताए। बाढीका कारण खोला छेउछाउका बासिन्दा त्रसित बनेका छन्। जथाभावी डोजर प्रयोग गरेर बाटो खन्दा बाढी आएको स्थानीयवासीको भनाइ छ। बाढी आएको खोलाको सहायक खोला नलगाड-३ स्थित भदाले खोला केही बेरअघि माथिबाट आएको डिस्कोले थुनिएको छ। यदि उक्त स्थान फुटेमा तलतिरको क्षेत्रमा थप क्षति हुन सक्ने स्थानियवासीको भनाइ छ।

# पहिरोले विद्युत् नहर बगायो

रुकुम, (नेस)

रुकुम पश्चिमको आठबीसकोट नगरपालिका वडा नम्बर ९ को गिजागाड लघु जलविद्युत् को नहर पहिरोले बगाउँदा राडी बजार अन्धकारमय बनेको छ। २ साताअघि वडा नम्बर ९ र १२ को सीमानामा पर्ने तातोपानीमा आएको पहिरोले ४५ किलोवाट क्षमताको विद्युत् नहर बगाउँदा ६ सय घरपरिवार अन्धकारमय बनेका हुन्। पहिरोका कारण विद्युत् आपूर्ति नहुँदा आठबीसकोट नगरपालिकाको राडिज्यूला, सिमबजार, हर्दिगाउँ, गिजालगायतका उपभोक्ता मारमा परेका छन्।

अवरुद्ध विद्युत् नियमित नबन्दा नगरपालिकाको कार्यालयमा सेवा लिन आउने सेवाग्राहीसमेत मर्कामा परेका छन्। यस्तै नगरपालिकाभित्र रहेका कलकारखाना, एफएम रेडियो तथा विभिन्न उद्योग पनि बन्द रहेका छन्। २ सातादेखि अवरुद्ध विद्युत् सेवालाई नियमित गर्न नगरपालिकाको सहयोगमा नहर निर्माणको कामलाई तीव्ररूपमा अघि बढाइएको छ।

हाल नहरको काम चलिरहेकाले अवरुद्ध विद्युत् सेवालाई नियमित गर्न अझै एकसाता लाग्ने गिजागाड लघुजलविद्युत् उपभोक्ता संस्थाका अध्यक्ष गोकर्णकुमार चन्दले बताउनुभयो। उहाँका अनुसार तातोपानीमा आएको पहिरोले ६ घरसमेत उच्च जोखिममा परेका छन्।

# मजदुरको शव हेलिकोप्टरबाट लगियो

**इन्द्र गिरी, संखुवासभा**

बहुचर्चित निर्माणाधीन अरुण तेस्रो परियोजनामा काम गर्ने १ मजदुरको मृत्यु भएपछि शव हेलिकोप्टरबाट लगिएको छ। कालीकोट खाँडाचक्र नगरपालिका-१ का २६ वर्षीय केशव शाहीको शव बुधबार हेलिकोप्टरबाट आफन्तलाई बुझाउन घरतर्फ लगिएको हो। उनको सोमबार राति काम गर्ने क्रममा माथिबाट झरेको ढुंगाले लागेर मृत्यु भएको प्रहरी नायव उपरीक्षक श्यामकुमार सारुमगरले बताउनुभयो।

संखुवासभाको मकालु गाउँपालिकास्थित नुमको फ्याक्सीन्दामा निर्माणाधीन अरुण तेस्रोको सुरुङमार्ग निर्माणस्थलमा काम गर्दै आएका मृतक शाहीको सुरुङ मार्गअगाडि काम गरिरहेको अवस्थामा माथिबाट खसेको ढुंगा टाउको र ढाडमा लागि घटनास्थलमै मृत्यु भएको थियो। मृतकको शव जिल्ला अस्पताल खाँदबारीमा पोस्टमार्टम गरेर गृह जिल्ला पठाइएको प्रमुख जिल्ला अधिकारी गणेशबहादुर अधिकारीले बताउनुभयो।

सुरुङमार्गमा काम गर्ने मजदुरको मृत्यु भएपछि त्यहाँ काम गर्ने नेपाली मजदुरले काम ठप्प पारेका छन्। काम गर्ने मजदुरलाई आवश्यकताअनुसार सेफ्टीका सामग्री नदिएको र तोकिएको समयभन्दा बढी काम लगाएको कालिकोटका जंग शाहीले आरोप लगाएका छन्। उनले जिल्लाको दररेटअनुसार आधा तलबसमेत नपाएको गुनासो गरेका छन्।

यसअघि असार १ गते २ भारतीय र २ नेपाली सुरुङमा थुनिएका थिए। उनीहरूलाई ३९ घन्टापछि सकुशल उद्धार गरिएको थियो। अहिले अरुण तेस्रो जलविद्युत् आयोजनाको निर्माणका लागि सडक, सुरुङलगायतका अन्य काम भइरहेको र करिब ३ हजार मजदुरले काम गरिरहेको बताइएको छ। ९ सय मेघावाट विद्युत् उत्पादन हुने जलविद्युत् आयोजनाको भारतीय सतलज कम्पनीले निर्माणको काम गरिरहेको छ।

[illegible]

# विवादका बीच सिमरामा मालपोत र नापी कार्यालय

**गोकुल घोरसाइने, बारा**

मधेसवादी दल र स्थानीयको विरोधका बाबजुद बाराको सिमरामा मालपोत र नापीको सेवा कार्यालय स्थापना भएको छ। कडा सुरक्षा पबन्धबीच जिल्ला सदरमुकाम कलैयाबाट मंगलबार राति ९ बजे मालपोत र नापी कार्यालयको कागजात सिमरा ल्याइएपछि सेवा कार्यालयमा बुधबार बिहान धार्मिक विधिअनुसार पूजापाठ गरिएको छ। पूजामा कार्यालयका कर्मचारी, सुरक्षाकर्मी, स्थानीय बासिन्दा र जनप्रतिनिधिको उपस्थिति रहेको थियो।

जिल्लाको उत्तरी भेगका बासिन्दाको सेवा सुविधालाई ध्यानमा राखेर अघिल्लो सरकारको निर्णयअनुसार सिमरामा मालपोत र नापी कार्यालय सञ्चालन गर्ने निर्णय गरेपछि कलैया उपमहानगरपालिकालगायत दक्षिणी भेगमा असन्तुष्टि बढेको थियो। मालपोत तथा नापी कार्यालयको श्रेस्ता आइपुगेपछि अब सिमरा उपमहानगरपालिकालगायत निजगढ नगरपालिका र परवानीपुर गाउँपालिका नागरिकले सिमराबाटै मालपोत र नापी कार्यालयको सेवा पाउने भएका छन्।

२०७१ असोज ३० मा तत्कालीन सरकारले सिमरा र जिल्लाको सिम्रौनगढमा सेवा केन्द्र खोल्ने निर्णय गरेको थियो। तर मधेसवादी दलको अगुवाइमा कलैयामा हिंसात्मक आन्दोलन शुरू भएपछि सुशील कोइराला नेतृत्वको सरकारले ५ सेवा विस्तार निर्णय स्थगित गरेको थियो। अघिल्लो सरकारको निर्णय कार्यान्वयन गर्ने भन्दै पछिल्लो पटक सरकारले गत जेठ २१ गते सिमरामा मालपोत र नापी कार्यालयको सेवा केन्द्र स्थापना गर्ने निर्णय गरेपछि पनि मधेसवादी दलका कार्यकर्ताले निर्णय फिर्ता गराउन काठमाडौंसम्म डेलिगेसन गएका थिए। जिल्ला समन्वय समिति बाराले पनि सिमरामा सेवा विस्तार गर्न उपयुक्त नहुने भन्दै विरोध जनाउँदै आएको थियो।

'धेरै अवरोध र अडचन खडा गरियो', जितपुरसिमरा उपमहानगरपालिकाका मेयर कृष्ण पौडेलले भने- 'तर जनताको पक्षमा भएको निर्णय कार्यान्वयन भएर छोड्यो।' मेयर पौडेल अघिल्लो सरकारले अडान लिन नसकेकाले पनि समयमा नै सेवा विस्तार हुन नसकेको पनि बताए। उनले मालपोत र नापी कार्यालय स्थापनाले यस क्षेत्रका जनतालाई राहत मिलेको बताउँदै निर्णय कार्यान्वयन गरेकामा सरकारलाई धन्यवाद पनि दिएका छन्। कलैयामा भएको विरोधका कारण तत्कालीन सरकारले निर्णय स्थगित गरेपछि सेवा माग गर्दै सिमराका स्थानीयले पनि १ सातासम्म आन्दोलन गरेका थिए।

यसैबीच मालपोत र नापी कार्यालयको कागजपत्र बोकेर सिमरा सेवा कार्यालयको प्रमुखका रूपमा आएका राजराजेश्वर त्रिवेदी (मालपोत) क्रान्ति गुप्ता (नापी) सहित प्रहरी टोलीलाई स्थानीयले फूलमालाले स्वागत गरेका छन्। जितपुरसिमरा वडा नम्बर ३ बजनीस्थित कार्यालयमा कागजपत्र बोकेर कार्यालयका कर्मचारी र सुरक्षाकर्मीको स्वागत गर्न मध्यरातमा पनि स्थानीयको बाक्लो उपस्थिति रहेको थियो।

# ट्याक्टरले किचेर मृत्यु

गुल्मी, (नेस)

गुल्मीमा ट्याक्टरले किचेर १ जनाको मृत्यु भएको छ। जिल्लाको सत्यवती गाउँपालिका वडा नम्बर ६ जोहाङ्ग उल्लीखोलामा लु१त ७६२ ९ नम्बरको ट्याक्टरले किच्दा सोही वडाकै १६ वर्षका प्रवीन विकको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय गुल्मीका प्रहरी नायव उपरीक्षक रोशन खड्काले जानकारी दिए।

बुधबार दिउँसो ट्याक्टर गिटी बलुवा लिएर उल्लीखोलाबाट खैरेनीतर्फ जाँदै थियो। विकको ट्याक्टर एक्कासि झर्ने क्रममा पछिल्लो चक्काले किचिएर घटनास्थलमै मृत्यु भएको प्रहरी नायव उपरीक्षक खड्काले जानकारी दिए।

भावपूर्ण श्रद्धाञ्जली




स्व. श्री गौरी प्रसाद श्रेष्ठ
स्वर्गारोहण २०७४ भाद्र ९ गते

यस हितकारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेडको स्थापना कालदेखि मुख्य व्यवस्थापक तथा हालसम्म कार्यकारिणी अध्यक्षको पद सम्हाल्नु भएका श्री गौरी प्रसाद श्रेष्ठको असामयिक स्वर्गारोहण भएको आज प्रथम वार्षिकोत्सवको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारप्रति धैर्यधारण गर्ने शक्ति प्रदान गरुन् भनि परमेश्वरसंग प्रार्थना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछौं ।

हितकारी बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड
क्षेत्रपाटी, काठमाडौं, फोन : ४२५०९८६


2018, AUG
Thursday
16



# विश्व

## एलियन

आन्द्र महासागरको पिँधमा फेला परेको उक्त संरचना एलियन अन्तरिक्षयान हुन सक्ने दाबी गरिएको छ। समुद्रमा जहाजका भग्नावशेष तथा पृथ्वीको अनौठा चिज खाज्ने विषयमा आधारित डिस्कभरी च्यानलको रियालिटी सो 'कुपर्स ट्रजर' बाट उक्त तस्वीर प्राप्त भएका हो।



## विषाक्त छाल

अमेरिकाको फ्लोरिडा राज्यमा पर्ने ब्राडेन्टन बीचको किनारामा फेला परेको मृत स्नुक माछा। समुद्रमा आएको विषाक्त रातो छालपछि त्यस इलाकाका माछा मरेपछि सरकारले त्यस क्षेत्रमा आपत्कालको घोषणा गरेको छ।



## विश्व २ मिनेट

### अफगान

#### तालिवान आक्रमण

काबुल, (एजेन्सी)

उत्तर अफगानिस्तान नजिकका दुई जाँच चौकीमा भएका तालिवान आक्रमणमा कम्तीमा ३० सैनिक र प्रहरीको मृत्यु भएको छ। उत्तरी बागलान प्रान्तको बागलने मरकजीमा मंगलबार राति विद्रोही लडाकूले जाँच चौकीमा आगो लगाएको प्रान्तीय परिषद्का प्रमुखले जानकारी दिए। तालिवानका प्रवक्ता जबिहुल्लाह मुजाहिदले हमलाको जिम्मेवारी लिएका छन्। गत शुक्रबार मात्रै गजनीमा तालिवानले आक्रमण गरी ३५ नागरिकको ज्यान लिएको थियो। दक्षिण जाबुल प्रान्तमा बुधबार एक प्रहरी जाँच चौकीमा तालिवान हमलामा ४ प्रहरीको मृत्यु भएको सुरक्षा अधिकारीले जानकारी दिए।

### भारत

#### अन्तरिक्षमा मानव पठाउने

नयाँदिल्ली, (एजेन्सी)

भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले बुधबार ७२औं स्वतन्त्रता दिवसको अवसरमा लालकिलाबाट देशको नाममा सम्बोधन गर्दै सरकारका उपलब्धिका बारेमा चर्चा गरे। उनले स्वास्थ्य, अन्तरिक्ष र महिलासँग सम्बन्धित तीनवटा महत्त्वपूर्ण योजनाको घोषणा गरे। प्रधानमन्त्रीले सन् २०२२ सम्ममा कोही भारतीय अन्तरिक्षमा पुग्ने बताए। यसले भारत अन्तरिक्षमा मानव पठाउने चौथो देश बन्नेछ। त्यसै गरी स्वास्थ्य योजनामा 'आयुषमान भारत' र सेनामा महिलालाई प्रवेश गराउने योजनाको घोषणा गरे। उनले मंगल ग्रहमा यान पठाउने भारत पहिलो देश बनेकोमा पनि चर्चा गरे।

### बेलायत

#### आशंकितको परिचय

लन्डन, (एजेन्सी)

बेलायतको संसद् भवनबाहिर कार दुर्घटना गराउने क्रममा आतंककारी गतिविधिको आशंकामा पक्राउ गरिएका व्यक्तिको नाम सालिह खातेर भएको बुधबार सरकारी सूत्रले जनाएको छ। मूलत: सुडानबाट आएका बेलायती नागरिक २९ वर्षीय खातेरलाई हत्या प्रयासको आशंकामा गिरफ्तार गरिएको प्रहरीले जनाएको छ। उनलाई बेलायतमा शरण दिइएको बीबीसीले जनाएको छ। उनले चलाएको कारको ठककरबाट दुई जना घाइते हुन पुगेका थिए। उनका भाइले उनी सामान्य व्यक्ति भएको र उनको कुनै अतिवादी विचार तथा कुनै धार्मिक समूहसँग सम्बन्ध नरहेको बताएका छन्।

### अफगानिस्तान

#### रेडक्रस चिन्तित

काबुल, (एजेन्सी)

तालिवान लडाकू समूहले बुधबार आफूले अफगानिस्तानमा कार्यरत अन्तर्राष्ट्रिय संस्था रेडक्रस (आईसीआरसी) का कर्मचारीहरुलाई सुरक्षित स्थान दिन नसकिने जनाएको छ। लडाकूले तटस्थ मानव अधिकारवादी समूह बताउने रेडक्रसले राजधानी काबुलस्थित एउटा कारगारमा थुनिएका आफ्ना साथीहरुलाई मद्दत गर्न असफल रहेको आरोप लगाएका छन्। आईसीआरसीले हिरासतको अवस्था अनगमन गर्ने र कैदीलाई आवश्यक उपचार सहयोग गर्ने गर्दछ। आफ्ना सात जना कर्मचारी मारिएपछि गतवर्षदेखि रेडक्रसले अफगानिस्तानमा आफ्नो उपस्थिति घटाउँदै लगेको छ। रेडक्रसले तालिवानको कदमको कारण आफू चिन्तित भएको बताएको छ।

# ट्रम्पले नेपाललाई बिगारेर 'निप्पल' भने

वासिङ्टन, (एजेन्सी)



अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले 'नेपाल' लाई बिगारेर 'निप्पल' उच्चारण गरेको र 'भुटान' लाई 'बटन' भनेको पोलिटिकोको एक समाचारमा उल्लेख गरेको छ।

सन् २०१७ मा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको बैठकअगाडि दक्षिण एसियाको नक्सा अध्ययनका क्रममा ट्रम्पले 'नेपाल' लाई बिगारेर 'निप्पल' र हाँस्दै भुटानलाई 'बटन' बोलेको उक्त बैठकका विषयमा जानकारी राख्ने दुई स्रोतले बताएका छन्।

भारतसँग साझा सीमा रहेका यी दुई देश अस्तित्वमा छन् वा छैनन् भन्ने विषयमा पनि ट्रम्पलाई आशंका थियो। सूत्रले भन्यो- 'उनलाई यो के हो भन्ने थाहा थिएन। उनलाई ती सबै भारतको हिस्सा होला भन्ने लागेको थियो। उनले भुटान र नेपाललाई देखेपछि, यो के हो? भनी सोधेका थिए।'

मोदीसँगको सोही बैठकमा चीन र भारतबीच 'स्यान्डविच' का रूपमा रहेका नेपाल र भुटानका विषयमा ट्रम्प अन्योलमा देखिएका थिए।

'उनलाई यिनीहरु के हुन् थाहा थिएन। उनले यी सबै भारतको हिस्सा ठानेका थिए।' -उक्त बैठकमा निकट रहेका एक सदस्यले बताए। उनका लागि यी दुई भिन्न देशका बीचमा यिनीहरु के हुन्, भन्ने लागेको थियो।

मोदीको विवाहका लागि बिचौलिया ट्रम्पले आन्तरिक कर्मचारी बैठकमा पनि विश्व मामिला, भूगोल र नेताहरुका विषयमा पटक-पटक लापरबाही देखाउने गर्दै आइरहका छन्। सन् २०१७ मा भारतीय प्रधानमन्त्री मोदीको हवाइट हाउस भ्रमणपूर्व ट्रम्पले उनको राष्ट्रिय सुरक्षा सहयोगीहरुसँग मोदीले उनकी पत्नीलाई साथमा ल्याउँछन्, भनी सोधेका थिए। कर्मचारीले मोदी लामो समयदेखि पत्नीसँग अलगिएर एक्लै बस्दै आएको वृत्तान्त सुनाएका थिए। त्यसपछि उनले ठट्टा गर्दै भनेका थिए- 'ओह! म उनका लागि कोही मिलाउन सक्छु '।

ट्रम्पले ६७ वर्षीय मोदी लामो समयदेखि आफ्नी पत्नीसँग अलग रहेको थाहा पाएपछि मोदीको विवाहका लागि बिचौलिया बन्न तयार रहेको बताएका थिए।

गत सेप्टेम्बरको अन्त्यतिर राष्ट्रसंघ महासभामा सहभागी बन्न आएका अफ्रिकी राष्ट्रहरुको समूहसँगको बैठकमा उनले नामिबियालाई 'नाम्बिया' बताएका थिए। बैठकमा उनका आफ्नै केही सहयोगीलाई प्रभाव पार्न सकेको भए पनि उनले कोटे डी आइभोरी बोलेर अत्यन्त राम्रो काम गरेको एक जना सहभागीले बताए।

विश्वका नेताहरुसँग अप्ठेरो समयमा टेलिफोन गर्ने चाहना देखाउनु अमेरिकी कूटनीतिक वृत्तबाट हुने गरेका कामहरु हुन्। अमेरिकी राष्ट्रपतिमा डोनाल्ड ट्रम्प आएपछिका यी घटनाहरु बढेर यसअघि समाचारमा नआएका टेलिफोनमै भद्दा व्यवहार गर्ने, गलत धारणा, गलत उच्चारण र नेताहरुसँगको घन्टौं बैठक हुने गरेको छ।

# स्विडेनमा रातारात दर्जनौं कार जलाइए



स्टकहोम, (एजेन्सी)

स्विडेनका विभिन्न स्थानमा सोमबार रातभरि दर्जनौं कार जलाइएको अवस्थामा भेटिएको र यसमा संगठित अपराधिक समूहको हात हुनुपर्ने मंगलबार प्रहरीले जानकारी गराएको छ। स्थानीय समयअनुसार राति करिब ११ बजेदेखि थालिएको सो आगजनीमा ८० वटा कारमा नराम्ररी क्षति पुगेको तथा यसमा कालो पहिरनमा रहेका युवा समूहको हात रहेको बताइएको छ।

पश्चिमी शहर गोथेनवर्गमा सबैभन्दा बढी कार जलाइएको भेटिएको छ। तर, त्यसको सय किमि टाढाका अन्य शहरमा पनि आगजनी भएको छ। राजधानी स्टकहोममा पनि केही कार जलाइएको पाइएको छ।

प्रधानमन्त्री स्टफन लोफभेनले यो कार्य हेर्दा सैनिक अपरेसन जस्तै निकै कुशल र सुनियोजित ढंगले भएको प्रतिक्रिया दिएका छन्। आक्रमणको कारण अझैसम्म खुल्न सकेको छैन। स्विडेनी सञ्चारमाध्यमले मुखुन्डो लगाएका युवाहरुले कारका सिसा तोडफोड गरिसकेपछि पेट्रोल छर्केर आगो लगाएको जनाएको छ।

# एफबीआईका अधिकारी कालो धन्धामा संलग्न



ज्याक्सन, मिस्सिसिप्पी, (एजेन्सी)

अमेरिकाको संघीय जाँचबुझ ब्युरो (एफबीआई) ले एक जना सेरिफले वर्षौंदेखि एक लागूऔषध व्यापारीलाई संरक्षण दिँदै आएको जनाएको छ। ती व्यापारीले अन्य लागूऔषध व्यापारीलाई लुटेर र लागूऔषधबाट कमाएको केही रकम लामो समयदेखि टाल्लाहाची काउन्टिका सेरिफ विलियम ब्रवेरलाई दिँदै आएको बताइएको छ।

एफबीआईका अन्य अधिकारीले उनीविरुद्ध लिखित उजुरी दिएका हुन्। ती अधिकारीहरुले नाम नखुलाइएको ती अवैध व्यापारीले अन्य व्यापारीबाट लुटिएको र लागूऔषधबाट कमाइएको पैसाको हिस्सा टेन्नेस्सीको मेम्फिसदेखि करिब १ सय ३० किमि दक्षिणमा पर्ने ग्रामीण मिस्सिसिप्पी डेल्टा काउन्टीका ब्रवेरलाई दिने गरेको बताएका छन्।

गत १२ जुनमा एफबीआईले तिनै व्यापारीलाई गोप्य सुराकी बन्न आग्रह गरेपछि तिनीहरुबीचको लामो समयदेखिको मिलोमतोको भण्डाफोड भएको हो। ती ५८ वर्षीय ब्रवेरलाई शुक्रबार गिरफ्तार गरी एफबीआईले लागूऔषध बिक्रीमा मतियार भएको र जबरजस्ती पैसा उसुली गरेको अभियोग लगाएको हो। अमेरिकी मजिस्ट्रेट न्यायाधीश रोय पर्सीले काम, विद्यालय, धार्मिक सेवा, औषधि उपचार वा अदालती कामकाजका लागि बाहेक घरबाट बाहिर निस्कन नपाउने गरी ब्रेवरलाई २५ हजार अमेरिकी डलर जमानतमा रिहा गरेको छ।

# मेलबर्नलाई उछिन्दै भियना सबैभन्दा उत्कृष्ट

जेनेभा, (एजेन्सी)

अस्ट्रियाको राजधानी भियना अस्ट्रेलियाको मेलबर्नलाई पछाडि पार्दै बस्नका लागि सबैभन्दा सर्वश्रेष्ठ ठाउँ बन्न सफल भएको छ। इकोनोमिस्ट इन्टेलिजेन्स युनिट ऱ्याङ्किङको सर्वेक्षणले उक्त सूची जारी गरेको हो।


विगत ७ वर्षदेखि बस्नका लागि विश्वको उत्कृष्ट स्थानको सूचीमा सबैभन्दा माथि पर्दै आएको मेलबर्न योपटक दोस्रोमा झरेको छ। १ सय ४० शहरबीचको यो सूचीमा भियनाले ९९ दशमलव १ र मेलबर्नले ९८ दशमलव ४ अंक हासिल गरेका छन्।

भियनाको आपाराधिक दर कम हुनुले उसलाई यो स्थान हासिल गर्न मद्दत पुगेको बताइएको छ। सर्वेक्षणमा सबैभन्दा धेरै अंकभार अपराधमै छुट्याइएको छ। यी दुवै शहरले स्वास्थ्योपचार, शिक्षा, र आधारभूत संरचनामा उत्कृष्ट स्थान हासिल गरेका छन्। दुवैको स्थिति विगत वर्षको तुलनामा राम्रो भएको छ तर भियनाले अलि बढी सुधार गरेको छ।

भियना, मेलबर्नपछि उत्कृष्ट पाँच शहरमा क्रमश: जापानको ओसाका, क्यानाडाको क्यालगरी र अस्ट्रेलियाको सिड्नीले स्थान पाएका छन्। यो सर्वेक्षण सन् २००४ देखि हरेक वर्ष गर्दै आइरहेको छ। भियनाको जनसंख्या २१ लाखको हाराहारी रहेको छ। हरियालीसँगै यस शहरमा कयौं तलाउ र सामुद्रिक तट रहेका छन्। यहाँको सार्वजनिक यातायात पनि अत्यन्त सस्तो मानिन्छ।



# अस्ट्रेलियामा पहिलो मुस्लिम महिला सिनेटर नियुक्त



सिड्नी, (एजेन्सी)

मेहरिन फारुकी बुधबार अस्ट्रेलियाको सिनेटको पहिलो महिला मुस्लिम सदस्य बनेकी छिन्। अघिल्लो दिन मात्र अस्ट्रेलिया जातिवाद माथिको तीतो विवादमा फसेको थियो। पाकिस्तानमा जन्मेकी फारुकीले अस्ट्रेलियाको भविष्य विविधताका लागि बलियो रहेको बीबीसीलाई बताएकी छिन्।

न्यु साउथ वेल्सका लागि ग्रिन्स पार्टीका विधायिका फारुकीलाई सिनेटले खाली सिटमा नियुक्त गरेको हो। आप्रवासी विषयमाथि अन्तिम समाधान खोज्ने आह्वानसहित भाषण गरेको कारण अर्का एक नयाँ सिनेटर अहिले निकै विवादमा परिरहेका छन्।

आगामी साता पदीय शपथ ग्रहण गर्न लागेकी फारुकी ती विवादमा मुछिएका सिनेटर फ्राजर एन्निङका आलोचमध्ये एक हुन्। फारुकीले भनेकी छिन्- 'मंगलबार संसद्मा आफ्नो पहिलो भाषण दिने क्रममा एन्निङले जातिवादी र घृणका कुरा गरेर लाखौं अस्ट्रेलियालीको मुखमा थुकेका छन्।

म पनि एक मुस्लिम आप्रवासी हुँ। म सिनेटर बन्न लागेकी छु। मलाई उनले केही पनि गर्न सक्दैनन्।' डाक्टर फारुकी सन् १९९२ मा आफ्नो परिवारसँगै पाकिस्तानबाट अस्ट्रेलियामा बसाइँ सरेकी थिइन्।

राजनीतिको अलावा उनले वातावरणीय इन्जिनियरिङमा विद्यावारिधि हासिल गरेकी थिइन्। उनले अस्ट्रेलियाको इतिहासमै पहिलो मुस्लिम महिलाका रूपमा सन् २०१३ मा संसद् सदस्यका लागि चुनाव जितेकी थिइन्। उनले अस्ट्रेलियाको सकारात्मक भविष्य लागि आफूले सिनेटरको नयाँ भूमिका निभाउने कुरा बीबीसीलाई जानकारी गराएकी छिन्।

पहिरोले झन्डै १२ लाख रूपियाँ बराबरको नोक्सानी पुऱ्याएको डीएसपी बुढाथोकीले नेपाल समाचारपत्रलाई जानकारी दिए। मंगलबार रातिदेखि प्युठानमा पानी परिरहेको छ। झिमरुक नदीको बहावसमेत बढेको छ।



भूकम्प प्रभावित गुम्बा, विहार पुनर्निर्माणमा भएको गतिरोध अन्त्यका लागि गरिएको शान्तिपूर्ण ऱ्यालीमा सहभागी गुम्बा–विहार संरचना नेपालका भन्तेहरू ।
तस्वीर : उजोल डंगोल/काठमाडौं

# पहिरोले २८ घर विस्थापित

नेपाल समाचारपत्र

प्युठान

जिल्लाको दुर्गम गौमुखी गाउँपालिका-४ पूजा जाड गाउँका २८ घरपरिवार विस्थापित भएका छन्। बस्तीमाथिबाट पहिरो खस्न थालेपछि फेदीमा रहेको जाड गाउँका स्थानीय घर छोड्न बाध्य भएका हुन्। पहिरोको जोखिम बढेपछि स्थानीयबासीले बुधबार बिहानदेखि आफन्त र छिमेकीकहाँ आश्रय लिई बसेका छन्।

पहिरोको उच्च जोखिममा रहेका धेरैजसो स्थानीय नजिकको नेपाल राष्ट्रिय प्राविमा आश्रय लिई बसेको पीडित रेशम सुनारले बताए। पहिरोको जोखिममा रहेका घरपरिवारलाई सुरक्षित स्थानमा सारिएको प्रहरी नायब उपरीक्षक निर्मल बुढाथोकीले बताए। प्रहरीले जोखिमयुक्त स्थानका समुदायलाई सतर्क रहन आग्रहसमेत गरेको छ।

उता अविरल वर्षाका कारण खसेको पहिरोले मंगलबार मध्यरातमा घर पुरिँदा बेपत्ता भएका स्थानीय ३५ वर्षीय झगबहादुर सुनार अझै भेटिएका छैनन्। पहिरोले पुरेको आशंकामा बुधबार दिनभर प्रहरीले खोजी कार्य गरे पनि उनलाई फेला पार्न नसकिएको स्रोतले बताएको हो।

मंगलबार रातिको पहिरोले जाडगाउँका ३ घरगोठ पुरेको प्युठानका प्रमुख जिल्ला अधिकारी बद्रीनाथ गैरेले बताउनुभयो। स्थानीय देवबहादुर सुनारको घरगोठ र रेशम सुनारको घर पहिरोले पुरेको हो।

सोही पहिरोले ८ वटा बाख्रा र ४ भैंसीसमेत बगाएको छ। पहिरोले झन्डै १२ लाख रूपियाँ बराबरको नोक्सानी पुऱ्याएको डीएसपी बुढाथोकीले नेपाल समाचारपत्रलाई जानकारी दिए। मंगलबार रातिदेखि प्युठानमा पानी परिरहेको छ। झिमरुक नदीको बहावसमेत बढेको छ।

## समाचार संक्षेप

### रेड पान्डाको अवैध व्यापार बढ्यो

काठमाडौं, (नेस)

मनमैजु नगरपालिका-३ भत्केको पुल बस्ने नुवाकोट टाडी गाउँपालिका-२ घर भएका शेरामान तामाङ, नुवाकोट टाडी गाउँपालिका-४ घर भई हाल काठमाडौं मनमैजु बस्ने राजकुमार तामाङ, प्रेमसिंह तामाङलाई अवैधरूपमा राखेको १ थान संरक्षित वन्यजन्तु रेड पान्डाको छालासहित मंगलबार प्रहरीले पक्राउ गरेको छ।

टोखा नगरपालिका-९ लक्ष्मीनगरस्थित मोरङ विराटनगर महानगरपालिका-१३ घर भएका शिवकुमार थापाको नवदुर्गा गेस्टहाउसको ३०९ नम्बरको कोठाबाट उनीहरूलाई महानगरीय प्रहरी प्रभाग गोगंबुबाट खटिएको टोलीले उक्त रेड पान्डाको छालासहित पक्राउ गरेको थियो।

### सुन भित्रिने क्रम रोकिएन

काठमाडौं, (नेस)

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको कार पार्किङ एरियाबाट विदेशबाट आगमन भएका यात्रुलाई भन्सार छली गर्न लगाई अवैधरूपमा सुन संकलन गरी लैजान लागेका २ जनालाई २ सय ४९ ग्राम सुनका बालासहित मंगलबार प्रहरीले पक्राउ गरेको छ।

पक्राउ पर्नेमा सिरहा कल्याणपुर नगरपालिका-३ बस्ने सन्तोषकुमार चौधरी र सिरहा अर्नमा गाउँपालिका-५ घर भएका रामवृक्ष यादव रहेका छन्। चौधरीलाई १ सय ४९ ग्रामको ३ थान बालासहित र यादवलाई १ सय ग्रामको २ थान बालासहित प्रहरीले पक्राउ गरेको हो।

### सवारी दुर्घटनामा दुईको मृत्यु

काठमाडौं, (नेस)

भक्तपुरको सूर्यविनायक नगरपालिका-६ स्थित थापा पार्टी प्यालेस नजिक बा१९प ३३६१ नम्बरको मोटरसाइकलले पैदल यात्री सोही नगरपालिका-५ बस्ने सिन्धुपाल्चोक चौतारा घर भएकी लक्ष्मी श्रेष्ठ र मैया श्रेष्ठलाई सोमबार ठक्कर दिँदा घाइते भएकाले डा. युवामुरा अस्पताल सल्लाघारी हुँदै थप उपचारका लागि कृष्ट अस्पताल इमाडोल पठाइएकामा उपचारको क्रममा लक्ष्मी श्रेष्ठको मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

त्यसै गरी काठमाडौं महानगरपालिका-३१ मीनभवनस्थित सडकमा बा७च ३६९४ नम्बरको बलेरो गाडीले बुधबार ठक्कर दिँदा गम्भीर घाइते भएका पैदलयात्री काठमाडौं घट्टेकुलो बस्ने कृष्णप्रसाद न्यौपानेको निजामति अस्पतालमा उपचारको क्रममा मृत्यु भएको छ। गाडी र चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

### दुईको शंकास्पद मृत्यु

काठमाडौं, (नेस)

चन्द्रागिरी नगरपालिका-८ कन्चनबस्तीस्थित भुवन श्रेष्ठको च्याउ खेतीको टहरामा सोही नगरपालिका-१२ गुर्जुधारा घर भएकी अप्सरा सापकोटा मंगलबार मृत अवस्थामा फेला परेकी छिन्।

यसै गरी नागार्जुन नगरपालिका-६ बाफल बस्ने बैतडी मेलौनी नगरपालिका-१ घर भएकी जानुका चन्दको छोरा विमल चन्द मंगलबार सोही ठाउँस्थित मनमती खोलामा डुबेर मृत्यु भएको अवस्थामा फेला परेका छन्। ती बालक सोमबारदेखि बेपत्ता भएपछि खोजतलास गर्ने क्रममा मृत फेला परेका हुन्।

# नागदहलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न जोड

नेपाल समाचारपत्र

ललितपुर



नागदहको संरक्षण गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने खाँचो सम्बद्ध व्यक्तिहरूले औंल्याएका छन्।

हरेक वर्ष नागपञ्चमीका दिन दहमा लाग्ने मेलामा हजारौं भक्तजन आउने गर्दछन्। त्यस्तै भाद्र शुल्क पञ्चमीका दिन अर्थात् ऋषि पञ्चमीका दिन पनि ठूलो मेला लाग्ने गर्दछ। 'यहाँको धार्मिक, सांस्कृतिक पक्षको प्रचारप्रसार गरी पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्ने खाँचो छ' -नागपञ्चमी मेला मूल आयोजक समितिका संयोजक दिनेश कार्कीले मंगलबार आयोजित पत्रकार भेटघाटमा भन्नुभयो।

ललितपुरको लगनखेलबाट ५ किलोमिटर दक्षिणतर्फ धापाखेलमा सो दह रहेको छ। नागदह ५२ रोपनी क्षेत्रफलमा फैलिएको छ। परापूर्वकालमा ताल रहेको काठमाडौं उपत्यकाको पानी चोभारको गल्छीबाट पठाइएपछि स्वत: दह बनेको स्थानीयको भनाइ रहेको छ। पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सके बाऱ्है महिना पर्यटक आउने सम्भावना रहेको ललितपुर महानगरपालिका वडा नं २४ का वडाध्यक्षसमेत रहनुभएका संयोजक कार्कीले बताउनुभयो।

दह राष्ट्रिय सिमसार क्षेत्र रहेकाले विभिन्न स्थानबाट आउने आगन्तुक पंछीसमेत बस्ने गरेका छन्। दहको दिगो विकास एवं पर्यावरण सन्तुलन कायम राख्न बृहत्तर गुरुयोजनासहित कार्य अघि बढाउने तयारी भइहरेको पनि संयोजक कार्कीले जानकारी दिनुभयो।

वरपरको जग्गाको बढ्दो खण्डीकरणले दहको प्राकृतिक सौन्दर्य, चराचुरुङ्गीलाई असर गर्न सक्ने खतरा अहिले पनि रहेको छ। यसले गर्दा वरपरको ३०, ३५ रोपनी जग्गा अधिग्रहण गर्ने प्रस्ताव पनि वडाले अघि सारेको जनाएको छ। मन्त्रालयको सिफारिसमा सो प्रस्ताव शहरी विकास मन्त्रालयमा पठाइएको छ।

सो अवसरमा ललितपुर क्षेत्र नं ३ का सांसद पम्फा भुसालले संघ, प्रदेश र स्थानीय तह मिलेर अघि बढेको खण्डमा यसलाई पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सकिने बताउनुभयो। उहाँले ललितपुरलाई धार्मिक, सांस्कृतिक र पर्यटकीय क्षेत्रका रूपमा विकास गर्नुपर्ने बताउँदै अहिले मूर्त, अर्मूत सम्पदाको अभिलेख राख्ने, त्यसबारे बुझ्ने काम भइरहेको जानकारी दिनुभयो। सांसद भुसालले निर्वाचन क्षेत्र विकास पूर्वाधारको रकम पनि सांस्कृतिक र पर्यटकीय नगरीका रूपमा विकास गर्ने कार्यमा खर्च गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। सो अवसरमा ललितपुर महानगरपालिकाका प्रमुख चिरिबाबु महर्जनले गुरुयोजनाअनुसार काम अघि बढाउन महानगरपालिकाले यथोचित सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो।

# पहिरोले मनाङ सदरमुकाम बन्द

मनाङ, (नेस)

भीषण पहिरोका कारण मनाङ सदरमुकाम आवतजावत बन्द भएको छ। मंगलबार बेलुकीबाट परेको भीषण वर्षाले बेसीसहर-चामे सडकखण्डअन्तर्गत चामे गाउँपालिका-३ मा ठूलो पहिरो गएको छ।



जसले गर्दा बेसीसहरबाट मनाङ जाने र मनाङबाट बेसीसहर आउने सवारी साधन ठप्प भएका छन् भने मानिस र पशु चौपायसमेत प्रभावित भएका छन्।

करिब ६ सय मिटरभन्दा बढी चौडाइमा गएको पहिरोले सदरमुकाम आउने जाने सवारी साधन र मानिस, पशु चौपायलाई समेत प्रभावित पारेको प्रमुख जिल्ला अधिकारी हरिप्रसाद पन्तले बताउनुभयो। बुधबार बिहानदेखि आवतजावत बन्द भएपछि गाउँपालिकाको नेतृत्वमा जिल्लामा रहेका सेना, प्रहरी र स्थानीयको पहलमा वैकल्पिक मार्गका लागि काम भइरहेको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनु भयो। उहाँका अनुसार वैकल्पिक मार्गले सदरमुकाम जोड्न अझै ३-४ दिन लाग्ने त्यो पनि मानिस र पशु चौपया आवतजावतका लागि मात्र हुनेछ।

हाललाई अस्थायीरूपमा समस्या समाधान गर्न क्यारभान कन्सलटेन्सीले सहयोग गरेको छ। तलबाट मर्स्याङ्दी नदीले तानेको र माथिबाट माटो बगेकाले काम गर्न कठिन भएको क्याराभान कन्सल्टेन्सीका इन्जिनियर नारायण लामाले बताउनुभयो।

### सुशीला कारागार चलान

काठमाडौं, (नेस)। ज्यान मार्ने उद्योग मुद्दामा काठमाडौं जिल्ला अदालतको २०६६ चैत २५ गतेको फैसलाले ४ वर्ष ११ महिना ६ दिन कैद तोकिएका ठहर भई फरार रहेकी काठमाडौं बालाजु बस्ने नुवाकोट देउराली-९ घर भएकी सुशीला तामाङलाई प्रहरीले पक्राउ गरेको छ। उनलाई केन्द्रीय अनुसन्धान ब्युरो महाराजगंजबाट खटिएको प्रहरी टोलीले काठमाडौं बालाजुबाट पक्राउ गरेको हो।

### विमस्टेक...

१८औं सार्क सम्मेलन ताका नेपालले विशिष्ट पाहुनालाई धुलिखेलमा रिट्रिट दिएको थियो। रिट्रिट जमघटमा विशिष्ट अतिथिले समूहमा र छुट्टाछुट्टै 'साइडलाइन' वार्ता गर्ने वातावरण बन्ने गर्छ। विमस्टेको चौथो सम्मेलन आगामी भदौ १४ र १५ गते काठमाडौंमा आयोजना हुँदै छ। सम्मेलनका सबै बैठक र अन्य जमघट काठमाडौं सोल्टी होटलमा गर्ने तयारी अघि बढाइएको छ भने सम्मेलन शुभारम्भ हुनुअघिको रात्रिभोज 'गाला डिनर' भने बौद्धस्थित हायात होटलमा गर्ने गृहकार्य भइरहेको मन्त्रालय स्रोतले जनाएको छ।

# 'राजनीतिक भागबन्डाका कारण त्रिवि धराशायी'

काठमाडौं, (नेस)

प्राडा गोविन्द केसीले दक्षिण एसियाकै अब्बल मानिने त्रिवि शिक्षण अस्पताल दलीय भागवण्डाबाट आएका कार्यकर्ताहरूका कारण धराशयी हुने अवस्थामा पुगेको बताउनुभएको छ।

उहाँल त्रिविलाई अझै धराशयी हुन नदिन राजनीतिक नेतृत्व नै इमानदार बन्नुपर्ने विचार राख्नुभएको छ।

डा. केसीले त्रिविलाई राजनीतिक पञ्जाबाट मुक्त गरी वरिष्ठताको आधारमा कार्यकारी निर्देशक, डीनलगायतका पदाधिकारीहरू नियुक्त गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले वरिष्ठताका आधारमा ३ जनाको नाम सिफारिस गरी त्रिवि शिक्षण अस्पतालको कार्यकारी निर्देशक नियुक्ति गर्नुपर्ने धारणा राख्नुभयो। त्रिवि शिक्षण अस्पतालमा कार्यकारी निर्देशक नियुक्तिमा चलखेल बढ्न थाले भन्दै सरकारको ध्यानाकर्षण गराउँदै भन्नुभएको छ- 'अहिले आएर सो कमिटीबाट वरिष्ठता र योग्यताका स्थापित आधारमा नभई दलीय बफादारी र भागवण्डाका आधारमा नियुक्तिका लागि नामहरू सिफारिस गर्ने प्रयास भइरहेको बुझिएको छ।'

डा. केसीले यस विषयमा पुनर्विचार नगरिए आफू आन्देलनमा उठ्नुपर्ने बताउनुभयो।

# चार डीआईजीको सरुवा

## काठमाडौं परिसरमा एसएसपी लामा

काठमाडौ, (नेस)

गृह मन्त्रालयले ४ जना प्रहरी नायब महानिरीक्षकको सरुवा गरेको छ।

गृह मन्त्रालयले डीआईजी महेशविक्रम शाहलाई प्रदेश प्रहरी कार्यालय सुर्खेत, सुरेशविक्रम शाहलाई प्रहरी प्रधान कार्यालय तालिम निर्देशनालय, सुरज केसीलाई प्रदेश प्रहरी कार्यालय दीपायल र धिरु बस्नेतलाई प्रहरी प्रधान कार्यालय सुरक्षा सेवा व्यवस्थापन निर्देशनालयमा सरुवा गरेको छ।

त्यसैगरी प्रहरी प्रधान कार्यालयले २७ जना प्रहरी वरिष्ठ उपरीक्षकको सरुवा गरको छ।

महानगरीय प्रहरी परिसर काठमाडौंमा वसन्त लामालाई ल्याइएको छ भने रवीन्द्र धानुकलाई प्रहरी परिसर ललितपुरमा सरुवा गरिएको छ।

काठमाडौं परिसरका प्रमुख एसएसपी विश्व पोखरेललाई दिल्लीस्थित नेपाली दूतावासको कन्सुलर कार्यालयमा सरुवा गरिएको छ।

# खोलामा बगेकाको उद्धार

सल्यान, (नेस)

सल्यानमा एक व्यक्ति खोलामा बगिरेहको अवस्थामा फेला परेका छन्। जिल्लाको शारदा नगरपालिका वडा नम्बर १ स्थित शारदा खोलामा बगिरहेको अवस्थामा नाम, ठेगाना नखुलेका अपरिचित अन्दाजी ६० वर्षका वृद्धलाई स्थानीयले फेला पारी उद्धार गरेका हुन्। साउन २८ गते उनलाई बगिरहेकै अवस्थामा फेला पारी स्थानीय र प्रहरीले उद्धार गरेका थिए। उद्धारपछि उनलाई जिल्ला अस्पताल सल्यानमा उपचार गरी अल्पकालीन सुरक्षित आवास गृह सल्यानमा राखिएको छ।

वृद्धको घर, ठेगाना र कोही पनि आफन्त सम्पर्कमा नआएपछि जिल्ला प्रहरी कार्यालय सल्यानले मानव अधिकार वकालत केन्द्रमा बुझाएको थियो।

### एउटै...

यहाँ उत्पादन हुने अकबरे राकेभञ्ज्याङ, झापा पाँचथरको रविबजारसम्म पुग्ने गरेको कृषक गोवा चेम्जोङको भनाइ छ। चिलिङदिनमा उत्पादन भएको अकबरे खुर्सानी बढी बिक्री हुने राँकेबजार अहिले अकबरेको बजारका रूपमा चिनिएको छ।

जिल्लाको एक गाउँ एक उत्पादन वस्तु अकबरे भएको हुनाले पनि पाँचथरको कोसेली नै अहिले अकबरे खुर्सानी भएको विक्रेता विष्णुकुमारी तामाङले बताउनुभयो।

अकबरे खुर्सानी खेतीले अहिले व्यापकता पाउँदै गइरहेको छ। 'वार्षिक ५० टन उत्पादन हुन्छ। सामान्य २ सय ४० रुपियाँमा बिक्री हुँदा पनि एक सिजनमा १२ करोडको अकबरे बिक्री हुन्छ। यो रकम गाउँका लागि ठूलै रकम हो' -लावती भन्छन्। अकबरेको उत्पादनले स्थानीय गाउँको आयस्रोत बढाएको मात्र होइन, जिल्लाकै पहिचानसमेत बनेको छ। 'जिल्लाको एक गाउँ एक उत्पादनलाई अन्य पालिकामा पनि खेती बिस्तार गरेर लैजान सके यसले जिल्लाको आर्थिक समृद्धिमा थप टेवा पुऱ्याउँछ' -पाँचथर उद्योग वाणिज्य संघका अध्यक्ष दीपक नेपालले बताउनुभयो।

### सिंहदरबार...

डिजिटल गेटमार्फत दैनिक कतिजना प्रवेश गरे र बाहिरिए भन्ने तथ्यांक संकलन गर्न पनि सहज हुने गरेको छ। हाल दक्षिण गेटबाट पैदल र गाडीबाट सर्वसाधारण सिंहदरबार प्रवेश गर्ने गरेका छन्।

उहाँका अनुसार गेटबाट डिजिटल पास लिएपछि एउटा मात्र मन्त्रालयमा प्रवेश गर्न पाउने प्रावधान लागू हुनेछ। 'सिंहदरबारभित्र प्रवेश गरेपछि सबै मन्त्रालयमा जाने पाइने व्यवस्था हटाइनेछ, कुन मन्त्रालयमा जाने हो, त्यो मन्त्रालयमा मात्र जान पाइन्छ, पास लिएर अब सबै मन्त्रालयमा जान पाइँदैन' -अधिकारीले भन्नुभयो।

सिंहदरबार अवलोकन गर्नका लागि भने खुला भ्यानको व्यवस्था गरेर गाडीबाटै अवलोकन गराउने विषयमा पनि छलफल भइरहेको बताउँदै उहाँले सिंहदरबारलाई व्यवस्थित बनाउने काम शुरू भएको बताउनुभयो। उहाँले भन्नुभयो- 'सुरक्षा निकायले प्रयोग गर्दै आएको सिंहदरबारको पश्चिम गेटबाट अब सर्वसाधारण र कर्मचारी प्रवेश नपाउने प्रावधान लागू गर्दै छौं। सिंहदरबारभित्रको सवारी चाप घटाउन दक्षिण गेटबाट प्रवेश गर्ने र पूर्वी गेटबाट बाहिरिने व्यवस्था हुन्छ।'

गृह मन्त्रालय सुरक्षा समन्वय समितिका अध्यक्ष, गृह मन्त्रालयका सहसचिव, अध्यक्ष, नेपाली सेनाको सिंहदरबार गणका प्रमुख, महानगरीय सुरक्षा प्रहरी गण सिंहदरबारका प्रमुख र सिंहदरबार पुनर्निर्माण सचिवालका प्रतिनिधि समितिका सदस्य रहेका छन्।

### बनेन...

धुलो, हिलो, खाल्टाखुल्टी, जामले गर्दा यात्रु दैनिक हैरानीमा पर्ने गरेका छन्। छैमले खण्डलगायत केही खण्डमा स्थानीयको अवरोधकै कारण सडक विस्तारको काम अघि बढ्न सकेको छैन।

'जग्गा, घर सडकमा परेकाले लगातार अवरोध पुऱ्याइरहेका छन्,' इन्जिनियर शाक्यले भन्नुभयो- 'त्यही अवरोधले गर्दा अहिलेसम्म केही ठाउँमा त सडक कटिङसमेत गर्नसमेत सकिएको छैन।'

चोभारदेखि दक्षिणकाली १५ किलोमिटर खण्डमा सडक चौडा गरेर केही खण्डमा ग्राबेलिङ गरे पनि दक्षिणकालीदेखि सिस्नेरीसम्म ग्राबेलिङ गर्ने कार्य असोजपछि हुने आयोजना जनाएको छ।

अहिलेसम्म २२ करोड खर्चिसकेको यस सडकमा अहिले विरोध नआएको स्थानमा काम भइरहेको डिभिजन सडक कार्यालयले जनाएको छ। वर्षात्को बेला भएर पनि काममा पछिल्लो चरणमा ढिलाइ भएको कार्यालयको दाबी छ।

### ८३ सम्पादाको...

पुरातत्व विभाग, काठमाडौं महानगरपालिका, भक्तपुर नगरपालिका, हनुमानढोका दरबार क्षेत्र विकास समिति, स्वयम्भू महासमिति, बौद्धनाथ विकास समिति, केभीपीटी र इन्भारोमेन्ट कन्जरभेसन फाउन्डेसनलगायत निकायबाट ध्वस्त सम्पदाको पुनर्निर्माणको काम भइरहेको विभागको भनाइ छ।

विभागका महनिर्देशक दाहालले भारत सरकारबाट २८, जापान सरकारबाट २ वटा सम्पदाको पुनर्निर्माण भइरहेको जानकारी दिनुभयो। चीन सरकारले वसन्तपुर र श्रीलंकन सरकारले रातो मच्छिन्द्रनाथको मन्दिर पुनर्निर्माण गरिरहेको छ। यसैबीच भूकम्पले क्षतिग्रस्त स्वयम्भूका दुई सम्पदा राष्ट्रपतिले उद्घाटन गर्नुहुने भएको छ। राष्ट्रपति विद्यादेवी भण्डारीले आगामी शनिबार स्वयम्भूको प्रतापपुर र अनन्तपुरको उद्घाटन गर्नुहुने कार्यक्रम रहेको छ। राष्ट्रपति भण्डारीले स्वयम्भू क्षेत्रमा रहेका सम्पदाको अवलोकन गर्ने कार्यक्रम रहेको छ।

# अर्थ

विमानस्थलमा २४सै घण्टा धावमार्ग पिच मर्मत गर्ने टोली तयार गरेर नै धावनमार्गको मर्मत सम्भार गरी विमानस्थल सञ्चालन गरिँदै आएको छ।

2018, AUG Thursday 16

# दैनिक ८ घण्टा विमान सेवा बन्द गरिँदै

दीपेन्द्र थापा, काठमाडौं

सरकारले प्रत्येक दिन ८ घण्टा विमान सेवा बन्द गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग स्तरोन्नति गर्ने भएको छ।

संस्कृति, पर्यटन तथा नागरिक, उड्डयन मन्त्रालयले सो कार्ययोजनाबारे मंगलबार संसद्‌लाई जानकारी गराएको हो। सो अवसरमा मन्त्री रवीन्द्र अधिकारीले स्तरोन्ततिका लागि करिब ४ महिना लाग्ने र सो अवधिसम्म विमान सेवा बन्द हुने कार्ययोजना तयार गरिरहेको जानकारी दिनुभयो। हाल प्रत्येक दिन २१ घण्टा विमान सेवा सञ्चालन भइरहेको अवस्थामा ८ घण्टा बन्द हुने अवस्थाले यात्रुलाई धेरै नै मर्का पर्ने छ। मन्त्रीले दिएको जानकारीअनुसार आउँदो फाल्गुणको पहिलो सातादेखि निर्माण कार्य थालनी हुनेछ।

विमानस्थलको धावनमार्ग स्तरोन्नति नहुँदा हाल दैनिक जसो पिच उप्किने समस्या रहेको छ। यसले गर्दा घण्टौंसम्म आकाशमै विमान होल्ड गर्नुपर्ने अवस्था छ। विमानस्थलमा पछिल्लोपटक सन् २०१० मा धावनमार्ग पुनःमर्मत गरिएको थियो। तर सन् २०१३ देखि विमानस्थलको धावनमार्गमा पिचमा धर्सा देखिन थाल्यो र सन् २०१५ को विनाशकारी भूकम्पमा सो धावनमार्गमा कुनै गम्भीर क्षति भएको थिएन्, तर भित्री तहमा भने चिरिएको बताइएको छ। हाल वर्षायाममा घाम र पानीको संयोजन हुँदा धावनमार्गको दक्षिणी भागमा चर्किने समस्या देखा परेको छ। पानी पर्दा पानी चिरिएको भागबाट भित्री तहमा पुग्ने र पिच उप्किने समस्या बढ्दै गएको छ। यसकारण धावनमार्ग तथा ट्याक्सी वेमा रहेको स्थायी संरचना पुर्न धावन मार्गको तल्लो भागसम्म गएर नयाँ निर्माण सामग्री राख्नुपर्ने कार्यालयले बताएको छ।

विमानस्थलमा २४सै घण्टा धावमार्ग पिच मर्मत गर्ने टोली तयार गरेर नै धावनमार्गको मर्मत सम्भार गरी विमानस्थल सञ्चालन गरिँदै आएको छ।

विमानस्थलको नियामक निकाय नागरिक उडड्यन कार्यलयले २ पटक गोल्वल टेन्डरको आह्वान गरेको भए पनि कुनै पनि कम्पनीले विमानस्थलको मर्मतका लागि इच्छा देखाएको छैन्। धावनमार्ग तथा ट्र्याक्सिवे मर्मत गर्न अन्तर्राष्ट्रिय परामर्श दातृ नियुक्त भइसकेको र निर्माण कार्यका लागि ४ वटा अन्तर्राष्ट्रिय निर्माण कम्पनीको प्रारम्भिक योग्यता र कम्पनीको क्षमताको कार्य सम्पन्न भइसकेको मन्त्री अधिकारीले बताउनुभयो।

देशको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल भएकाले धावनमार्ग निर्माण गर्दा आउन सक्ने अप्ठ्यारोलाई मध्यनजर गरी गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्ग निर्माण सम्पन्न भएसंगै विमानस्थलको स्तरउन्नतिको काम शुरू गरिने मन्त्रालयको योजना रहेको छ। सन् १९७५ देखि विभिन्न चरणमा विस्तार गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हाल ३ हजार मिटर लम्बाई र ४५ मिटर चौडाइ रहेको धावनमार्ग रहेको छ। यसबाट यात्रुहरूको वृद्धिदर वार्षिक रूपमा सरदर ६ प्रतिशत रहेको छ। पहिले दैनिक १८ घण्टा चल्दै आएको विमानस्थल जेठबाट २१ घण्टा सञ्चालनमा ल्याएको थियो। पिच फेरिएपछि २०७६ को जेठदेखि २४ घन्टा सञ्चालन हुने मन्त्रालयमा सचिव कृष्णप्रसाद देवकोटाले जानकारी दिनुभयो।

यसका साथै नेपाल भ्रमण वर्ष सन् २०२० लाई दृष्टिगत गरी अन्तर्राष्ट्रियतर्फ २०२० को अन्त्यसम्ममा थप दुईवटा न्यारो बडी र थप दुईवटा वाइड बडी खरिद गरेर भारत, चीनका शहरहरूलगायत जापान र कोरियाको अलावा अस्ट्रेलिया र युरोपसम्म पहुँच पुऱ्याउने कार्यक्रम रहेको छ। त्यसै गरी बौद्ध धर्मावलम्बीहरू भएको मुलुकहरू जस्तै श्रीलंका, म्यानमार, भियतनाम, लाओस, क्याम्बोडियामा पनि निगमको सञ्चालन बिस्तार गर्नेतर्फ अध्ययन विश्लेषण र बजार सर्वेक्षण गरिरहेको छ।

## विदेशी नागरिक पक्राउ

काठमाडौं, (नेस)

विदेश पठाउने प्रलोभन देखाएर ठगी गर्ने २ विदेशी नागरिकलाई प्रहरीले पक्राउ गरेका छ। पोल्यान्ड पठाउने भन्दै नेपाली युवाहरूलाई ठगी गर्ने २ युक्रेनी नागरिक पक्राउ परेका हुन्।

टुरिस्ट भिषामा नेपाल आएका विल्ली भिटाली र उनका महिला सहयोगी नाटालियाले पोल्यान्ड कामदार भिषामा पठाउने भन्दै ठगी गरेको भेटिएपछि उनीहरूलाई पक्राउ गरिएको श्रम तथा सामाजिक सुरक्षा मन्त्रालयले जनाएको छ।

उनीहरूको विषयमा श्रम मन्त्रालयमै सूचना आएपछि वैदेशिक रोजगार विभाग र अपराध अनुसन्धान महाशाखाले छापा मारेर पक्राउ गरिएको मन्त्रालयले जनाएको छ।

पुतलीसडकस्थित शंकरदेव क्याम्पसअघि अफिस नै खोली उनीहरूले ठगी धन्दा चलाइरहेका र पिपल फर वर्क नामको कम्पनी नै दर्ता गरी काम गरिरहेको मन्त्रालयले फेला पारेको थियो। फेसबुक, ट्विटरलगायतका सामाजिक सञ्जालमा आफ्नो प्रचार गरेर ठगी धन्दा चलाउदै आएका थिए। त्यस गरी सम्पर्कमा आउने व्यक्तिलाई पोल्यान्डको कामदार भिषा उपलब्ध गराउने भन्दै शुरूमै २ लाख माग्ने गरेका थिए।

अन्तिम अन्तर्वार्ताका लागि भारत जानुपर्ने र समग्रमा ७ लाखसम्म खर्च लाग्ने बताउने गरेको पीडितहरूले बताएको मन्त्रालयले जनाएको छ। उनीहरूले कम्पनी रजिस्टारमा दर्ता गर्दा सफ्टवेयर तथा सूचना प्रविधिमा काम गर्ने उद्देश्य राखेर दर्ता गरिएको भेटिएको छ। उनीहरूको पक्राउसँगै अफिसमा उपलब्ध सबै सामान प्रहरीले जफत गरी थप अनुसन्धान शुरू गरिएको छ।

हिमाल स्टील आजको भाउ

[illegible]

JAGDAMBA STEEL

बिक्री मूल्य रु. प्रति किलोग्राम

[illegible]

JAGDAMBA E Fe 500

EARTHQUAKE RESISTANT REBAR

नेपालकै सर्वोत्कृष्ट विश्वस्तरीय भुकम्प प्रतिरोधक छड।

## विनिमय दर

नेपाल राष्ट्र बैंक
केन्द्रीय कार्यालय
विदेशी विनिमय व्यवस्थापन विभाग

२०७५ साउन ३१, अगस्ट १६, २०१८

### खुला बजार विनिमय दर नेपाल राष्ट्र बैंकको

| | खरिद दर | बिक्री दर |
|---|---|---|
| भारतीय रुपियाँ १०० को रू. | १६०।०० | १६०।०० |
| अमेरिकी डलर १ का रू. | १०९।८३ | ११०।४३ |
| युरो १ को रू. | १२५।८२ | १२६।५१ |
| पाउन्ड स्टर्लिङ १ को रू. | १४०।२३ | १४०।९९ |
| स्विस फ्रन्क १ को रू. | ११०।४५ | १११।०६ |
| अस्ट्रलियन डलर १ को रू. | ८०।२९ | ८०।७३ |
| क्यानाडियन डलर १ को रू. | ८३।८६ | ८४।३२ |
| सिङ्गापुर डलर १ को रू. | ८०।१४ | ८०।५७ |
| जापानी यन १० को रू. | ९।९० | ९।९५ |
| चिनियाँ युआन १ को रू. | १६।०३ | १६।११ |
| साउदी अरब रियाल १ को रू. | २९।२८ | २९।४४ |
| कतारी रियाल १ को रू. | ३०।१६ | ३०।३३ |
| थाई भाट १ को रू. | ३।३० | ३।३२ |
| सं. अरब इमिरट दिराम १ को रू. | २९।९० | ३०।०६ |
| मलसियन रिङ्गिट १ को रू. | २६।८९ | २७।०३ |
| दक्षिण कारियन वन १०० को रू. | ९।७४ | ९।७९ |

**खरिद दर**

| | खरिद दर |
|---|---|
| स्विडिस क्रोनर १ का रू. | १२।०८ |
| डेनिस क्रानर १ का रू. | १६।८८ |
| हङकङ डलर १ का रू. | १३।९९ |

**नोट** : वर्तमान व्यवस्थाअन्तर्गत वणिज्य बैंकहरूले तोकेका खुला बजार विनिमय दर भने फरक हुन सक्नेछ। चिनियाँ युआन चिनियाँ पर्यटक, नेपाली निर्यातकर्ता तथा आयातकर्ता, चीन भ्रमणमा जाने नेपाली नागरिकहरू र चीनमा अध्ययन गर्ने विद्यार्थीसँग मात्र खरिद/बिक्री गर्न पाइने।

## प्राधिकरणमा पुनः ज्ञवाली

काठमाडौं, (नेस)

केपी शार्मा ओली सरकारले पुनः राष्ट्रिय पुनर्निर्माण प्राधिकारणको प्रमुख कार्यकारी अधिकृत (सीईओ)मा सुशील ज्ञवालीलाई नियुक्त गरेको छ।

मंगलबार बसेको मन्त्रिपरिषद बैठकले ज्ञवालीलाई प्राधिकरणको सीईओमा नियुक्त गरेको हो। ओली सरकारकै पालामा नियुक्त गरिएका ज्ञवालीलाई तत्कालीन माओवादी र कांग्रेसको संयुक्त सरकारको पालामा प्रचण्ड सरकारले पदमुक्त गरिएको थियो।

प्राधिकरणको गठनसँगै गोविन्दराज पोखरेल सीईओमा नियुक्त गरिएको थियो। फेरि ओली सरकारले पोखरेललाई हटाएर ज्ञवालीलाई ल्याएको थियो। ओलीको सरकार पछि गठन भएको कांग्रेस र तत्कालीन माओवादी केन्द्रको सरकारले पुनः प्राधिकरणको सीईयोमा नियुक्त गरेको थियो।

संघीय संसद्‌को निर्वाचनमा प्यूठानबाट उम्मेदवार वनेपछि प्राधिकरणबाट राजिनामा दिएर पोखरेल निर्वाचन लड्न जानुभएको थियो, तर पराजित हुनुभयो। त्यसपछि शेरबहादुर देउवा सरकारले प्राधिकरणमा पूर्वप्रशासक युवराज भुसाललाई नियुक्त गरेको थियो।

## मुलुकको आर्थिक विकासमा योगदान गर्न आग्रह



नेपाल समाचारपत्र

काठमाडौं

नेपाल राष्ट्र बैंकका गभर्नर डा. चिरञ्जीवी नेपालले मौद्रिक नीतिलाई आधार मानेर मुलुकको आर्थिक विकासमा योगदान गर्न बैंक तथा वित्तीय संस्थालाई आग्रह गर्नुभएको छ।

ग्रामीण विकास लघुवित्त वित्तीय संस्थाको बुधबार बुटवलमा भएको चौंथो वार्षिकोत्सव समारोहमा उहाँले सो आग्रह गर्नुभएको हो।

सरकारले चालु आर्थिक वर्षमा ८ प्रतिशत आर्थिक वृद्धि हुने लक्ष्य लिएको स्मरण गर्दै डा. नेपालले अब कसैले पनि आर्थिक वृद्धिलाई रोक्न नसक्ने बताउनुभयो। नेपालमा दुई वर्षयता लगातार आर्थिक वृद्धि भईरहेको बताउँदै मुद्रास्फिति पनि राम्रो रहेको जानकारी गराउँदै आगामी दिनमा पनि ७ अंकभन्दा कम हुने बताउनुभयो। 'आर्थिक विकास एउटा रफ्तारमा अगाडि बढेको छ।' उहाँले भन्नुभयो- 'यसमा बैंक तथा वित्तीय संस्थाले होस्टेमा हैंसे गर्ने हो।'

उहाँले यो वर्ष ९८ प्रतिशत भू-भागमा धानबाली भएकाले र धानबालीले १ दशमलब ५ देखि २ प्रतिशतसम्म योगदान गर्ने बताउँदै ८ प्रतिशत आर्थिक वृद्धिदर हासिल गर्न कुनै समस्या नभएको बताउनुभयो।

गभर्नर नेपालले बैंक तथा वित्तीय संस्थालाई प्रविधिको अधिकतम प्रयोग गरी प्रविधिमैत्री सेवा प्रवाह गर्न पनि आग्रह गर्नुभयो। उहाँले बैंक तथा वित्तीय संस्थामा काम गर्ने कर्मचारीको क्षेमता अभिवृद्धिमा जोड दिँदै उहाँले मुनाफाको ३ प्रतिशत मानव संशाधन विकासमा खर्च गर्नुपर्ने रकमको समुचित प्रयोग गर्न पनि आग्रह गर्नुभयो।

मुलुकमा प्रविधिको विकाससंगै बैंक तथा वित्तीय संस्थामा पनि प्रविधि बुझ्ेका र नयाँ पिढी आवश्यक रहेको बताउँदै उहाँले पुरानो पुस्ताको अवकाससंगै नयाँ पुस्तालाई भित्र्याउनुपर्नेमा जोड दिनुभयो।

हाल मुलुकमा ५ सय ६३ स्थानीय तहमा मात्रै बैंक तथा वित्तीय संस्था पुगेको जानकारी गराउँदै डा. नेपालले लघुवित्त बित्तीय संस्थालाई दुर्गम, विकट र गरिवी भएका स्थानमा जान आग्रह गर्दै त्यस्ता स्थानमा जाने लघुवित्तलाई नेपाल राष्ट्र बैंकले प्रोत्साहन स्वरूप ४० लाख रूपैंया अनुदान प्रदान गर्ने बताउनुभयो।

दोहोरो सुविधा रोक्नका लागि नेपाल राष्ट्र बैंकले कर्जा सूचना केन्द्र सञ्चालन गरेको र अव कर्जा लिने व्यक्तिको कर्जा सूचना केन्द्रमा दर्ता हुने बताउँदै यसले व्यक्तिको क्षमताको आधारमा कर्जा लिने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रदेश ५ का योजना आयोगका उपाध्यक्ष डा. प्रकाशकुमार श्रेष्ठले प्रदेश सरकारले भदौ भित्रै प्रदेशको समग्र क्षेत्रलाई समेटेर प्रोफाइल बनाइने र त्यसमा बित्तीय अवस्थासमेत आउने भएकाले त्यसले बित्तीय संस्थालाई सबैको पहुँचमा पुऱ्याउन तथा सबल बनाउन सकिने बताउनुभयो।

नेपाल राष्ट्र बैंक सिद्धार्थनगर शाखाका निर्देशक अशोककुमार पौडेलले राज्यका सबै संस्था व्यावसायिक हुनुपर्ने र आफ्नो आम्दानीले आफ्नो संस्था धान्नुपर्ने बताउनुभयो।

ग्रामीण लघुवित्त वित्तीय संस्थाका प्रमुख कार्यकारी अधिकृत पर्वतकुमार कार्कीले पाँच विकास क्षेत्रमा रहेका क्षेत्रीय ग्रामीण बिकास बैंक मर्जर हुँदै २०७१ मा बैंकको सञ्चित नोक्सानी ७६ करोड ६१ लाख १६ हजार रहेकोमा हाल २४ करोड ६५ लाख ५६ हजारमा झरेको जानकारी गराउनुभयो। उहाँले लगानी योग्य बित्तीय स्रोतको अभाव, थोक कर्जामा वाणिज्य बैंकहरूले अन्य बैंकहरूलाई भन्दा २ देखि ३ प्रतिशतसम्म बढी व्याज लिँदा समस्या भएको भन्दै सिमा निर्धारण गर्न माग गर्नुभयो।

ग्रामिण विकास लघुवित्त बित्तीय संस्थाका अध्यक्ष माणिकरत्न शाक्यको अध्यक्षतामा भएको कार्यक्रममा राष्ट्रिय बाणिज्य बैंक खस्यौली शाखाका प्रवन्धक शंकर पहरी, संस्थाका वित्तीय संस्था कर्मचारी संघका अध्यक्ष रमेश जिसी, कर्मचारी संघका अध्यक्ष नवराज ढकाल, कर्मचारी संगठनका दिपेन्द्र लुईंटेल, कम्पनी सचिव दीपक पाण्डेलगायतले भनाइ राख्नुभएको थियो। सो अवसरमा उत्कृष्ट कर्मचारी, शाखा तथा थोक कर्जा उपलब्ध गराउने वाणिज्य बैंकलाई पुरस्कृत तथा सम्मान गरिएको थियो।

खड्गदेवी महिला बहुउद्देश्यीय सहकारी संस्था लि.
कुपण्डोल, ललितपुर
फोन नं. ५५३११०९, ५१८०४१६

बार्षिक साधारण सभा सम्बन्धि सूचना

मिति २०७५/०४/२८ गते [illegible] साधारण सभा [illegible]

छलफलका विषयहरू :

क) [illegible]
ख) [illegible]
ग) [illegible]
घ) [illegible]
ङ) [illegible]
च) [illegible]
छ) [illegible]
ज) [illegible]
झ) [illegible]
ञ) [illegible]
ट) विविध ।

कार्यक्रम :
मिति : २०७५/०५/१५ गते शुक्रबार
समय : दिनको १२:३० बजे
स्थान : बगैंचा रेष्टुरेण्ट एण्ड बार, [illegible], ललितपुर ।

सचिव
खड्गदेवी महिला बहुउद्देश्यीय सहकारी संस्था लि.

## SHARE MARKET

15 AUGUST WEDNESDAY, 2018

| S.No. | Traded Companies | Total Share | Max. Price | Min. Price | CP Price | Diff Rs. |
|---|---|---|---|---|---|---|
| 1 | Agriculture Development Bank Limited | 37824.00 | 343.00 | 326.00 | 339.00 | 15.00 |
| 2 | Api Power Company Ltd. | 6067.00 | 275.00 | 256.00 | 275.00 | 11.00 |
| 3 | Arambha Microfinance Bittiya Sans. Ltd. | 9810.00 | 930.00 | 821.00 | 883.00 | -19.00 |
| 4 | Arun Kabeli Power Ltd. | 3757.00 | 258.00 | 244.00 | 258.00 | 14.00 |
| 5 | Arun Valley Hydropower Dev. Co. Ltd. | 6120.00 | 139.00 | 131.00 | 139.00 | 2.00 |
| 6 | Asian Life Insurance Co. Limited | 1816.00 | 638.00 | 608.00 | 636.00 | 18.00 |
| 7 | Bank of Kathmandu Ltd. | 28584.00 | 275.00 | 262.00 | 271.00 | 9.00 |
| 8 | Barun Hydropower Co. Ltd. | 50.00 | 139.00 | 135.00 | 137.00 | 2.00 |
| 9 | Best "inance Company Ltd. | 310.00 | 106.00 | 104.00 | 106.00 | 0.00 |
| 10 | Bhargav Bikash Bank Ltd. | 110.00 | 136.00 | 134.00 | 136.00 | 0.00 |
| 11 | Bottlers Nepal (Terai) Limited | 50.00 | 5620.00 | 5510.00 | 5620.00 | 210.00 |
| 12 | Butwal Power Company Limited | 7030.00 | 449.00 | 433.00 | 449.00 | 11.00 |
| 13 | Central "inance Co. Ltd. | 1233.00 | 120.00 | 114.00 | 120.00 | 5.00 |
| 14 | Century Commercial Bank Ltd. | 16423.00 | 173.00 | 166.00 | 170.00 | 4.00 |
| 15 | Chhimek Laghubitta Bikas Bank Limited | 6887.00 | 922.00 | 887.00 | 915.00 | 15.00 |
| 16 | Chhyangdi Hydropower Ltd. | 12.00 | 126.00 | 126.00 | 126.00 | 2.00 |
| 17 | Chilime Hydropower Company Limited | 4065.00 | 740.00 | 720.00 | 740.00 | 12.00 |
| 18 | Citizen Bank International Limited | 10805.00 | 240.00 | 233.00 | 240.00 | 7.00 |
| 19 | Citizen Investment Trust | 505.00 | 2468.00 | 2400.00 | 2450.00 | 40.00 |
| 20 | City Express "inance Co. Limited | 241.00 | 114.00 | 110.00 | 114.00 | 6.00 |
| 21 | Civil Bank Ltd | 20491.00 | 153.00 | 148.00 | 151.00 | 2.00 |
| 22 | Civil Laghubitta Bittiya Sanstha Ltd. | 26.00 | 696.00 | 683.00 | 696.00 | 26.00 |
| 23 | Corporate Development Bank Limited | 1000.00 | 100.00 | 100.00 | 100.00 | 0.00 |
| 24 | Deprosc Lag. Bittiya Sanstha Limited | 2550.00 | 690.00 | 672.00 | 690.00 | 18.00 |
| 25 | Deva Bikas Bank Limited | 3443.00 | 132.00 | 127.00 | 131.00 | 3.00 |
| 26 | Dibyashwori Hydropower Ltd. | 21.00 | 105.00 | 105.00 | 105.00 | 0.00 |
| 27 | Everest Bank Limited | 10742.00 | 663.00 | 649.00 | 662.00 | 12.00 |
| 28 | Everest Insurance Co. Ltd. | 489.00 | 1289.00 | 1250.00 | 1275.00 | 10.00 |
| 29 | Excel Development Bank Ltd. | 1672.00 | 330.00 | 326.00 | 330.00 | 10.00 |
| 30 | "irst Micro "inance Dev. Bank Ltd. | 2746.00 | 443.00 | 431.00 | 435.00 | -1.00 |
| 31 | "orward Comm. Mi. Bittiya Sanstha Ltd. | 1077.00 | 2158.00 | 2080.00 | 2115.00 | 23.00 |
| 32 | Gandaki Bikas Bank Limited | 9042.00 | 200.00 | 195.00 | 196.00 | 2.00 |
| 33 | Garima Bikas Bank Limited | 9376.00 | 194.00 | 187.00 | 191.00 | 6.00 |
| 34 | Global IME Bank Limited | 41825.00 | 303.00 | 292.00 | 300.00 | 5.00 |
| 35 | Global IME Laghubitta Bittiya Sanstha Ltd. | 31.00 | 1111.00 | 1090.00 | 1111.00 | 31.00 |
| 36 | Goodwill "inance Co. Ltd. | 2140.00 | 128.00 | 125.00 | 127.00 | 0.00 |
| 37 | Grameen Bikas Lag. Bittiya Sanstha Ltd. | 6896.00 | 585.00 | 564.00 | 584.00 | 10.00 |
| 38 | Green Development Bank Ltd. | 10.00 | 138.00 | 138.00 | 138.00 | 0.00 |
| 39 | Guheshowori Merchant Bank & "in. Co. Ltd. | 1090.00 | 135.00 | 130.00 | 135.00 | 6.00 |
| 40 | Gurans Life Insurance Company Ltd. | 2873.00 | 846.00 | 791.00 | 846.00 | 45.00 |
| 41 | Gurkhas "inance Ltd. | 7433.00 | 117.00 | 111.00 | 117.00 | 2.00 |
| 42 | Hathway "inance Company Limited | 310.00 | 129.00 | 127.00 | 129.00 | 2.00 |
| 43 | Himalayan Bank Limited | 2652.00 | 576.00 | 555.00 | 576.00 | 21.00 |
| 44 | Himalayan Distillery Limited | 2418.00 | 1460.00 | 1350.00 | 1450.00 | 107.00 |
| 45 | Himalayan General Insurance Co. Ltd | 2168.00 | 454.00 | 434.00 | 454.00 | 22.00 |
| 46 | Himalayan Power Partner Ltd. | 860.00 | 265.00 | 247.00 | 265.00 | 16.00 |
| 47 | IC"C "inance Limited | 3002.00 | 170.00 | 164.00 | 170.00 | 6.00 |
| 48 | IME General Insurance Ltd. | 310.00 | 828.00 | 811.00 | 828.00 | 16.00 |
| 49 | Jalabidyut Lagani tatha Bikas Co. Ltd. | 9450.00 | 169.00 | 161.00 | 169.00 | 6.00 |
| 50 | Janaki "inance Ltd. | 1253.00 | 194.00 | 189.00 | 194.00 | 6.00 |
| 51 | Janata Bank Nepal Ltd. | 33991.00 | 160.00 | 153.00 | 159.00 | 5.00 |
| 52 | Janautthan Samudayic Lag. Bikas Bank Ltd. | 36.00 | 2886.00 | 2829.00 | 2886.00 | 76.00 |
| 53 | Jebils "inance Ltd. | 2944.00 | 105.00 | 102.00 | 105.00 | 5.00 |
| 54 | Jyoti Bikas Bank Limited | 2992.00 | 145.00 | 137.00 | 145.00 | 7.00 |
| 55 | Kabeli Bikas Bank Limited | 7.00 | 0.00 | 0.00 | 0.00 | 0.00 |
| 56 | Kailash Bikas Bank Ltd. | 3807.00 | 236.00 | 227.00 | 236.00 | 10.00 |
| 57 | Kalika Microcredit Development Bank Ltd. | 1535.00 | 1305.00 | 1230.00 | 1305.00 | 55.00 |
| 58 | Kamana Sewa Bikas Bank Limited | 8570.00 | 145.00 | 142.00 | 144.00 | 1.00 |
| 59 | Kanchan Development Bank Limited | 100.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 60 | Kankai Bikas Bank Ltd. | 165.00 | 125.00 | 122.00 | 125.00 | 5.00 |
| 61 | Karnali Development Bank Limited | 506.00 | 108.00 | 104.00 | 108.00 | 0.00 |
| 62 | Khanikhola Hydropower Co. Ltd. | 52.00 | 107.00 | 106.00 | 106.00 | -2.00 |
| 63 | Kisan Microfinance Bittiya Sanstha Ltd. | 30.00 | 1575.00 | 1575.00 | 1575.00 | 30.00 |
| 64 | Kumari Bank Limited | 11522.00 | 208.00 | 198.00 | 203.00 | 7.00 |
| 65 | Laxmi Bank Limited | 3793.00 | 244.00 | 238.00 | 244.00 | 3.00 |
| 66 | Laxmi Equity "und | 4850.00 | 7.95 | 7.95 | 7.95 | -0.15 |
| 67 | Laxmi Laghubitta Bittiya Sanstha Ltd. | 673.00 | 1030.00 | 990.00 | 1030.00 | 25.00 |
| 68 | Laxmi Value "und-1 | 2000.00 | 10.10 | 10.10 | 10.10 | 0.10 |
| 69 | Life Insurance Co. Nepal | 691.00 | 1610.00 | 1580.00 | 1610.00 | 44.00 |
| 70 | Lumbini Bikas Bank Ltd. | 9731.00 | 161.00 | 153.00 | 161.00 | 6.00 |
| 71 | Lumbini General Insurance Co. Ltd. | 4974.00 | 536.00 | 515.00 | 533.00 | 18.00 |
| 72 | Machhapuchhre Bank Limited | 12916.00 | 211.00 | 201.00 | 211.00 | 5.00 |
| 73 | Mahalaxmi Bikas Bank Ltd. | 5405.00 | 198.00 | 189.00 | 198.00 | 6.00 |
| 74 | Mahila Sahayatra Mi. Bittiya Sanstha Ltd. | 163.00 | 663.00 | 650.00 | 663.00 | 11.00 |
| 75 | Mahuli Sam. Laghubitta Bittiya Sans. Ltd. | 450.00 | 2445.00 | 2365.00 | 2445.00 | 80.00 |
| 76 | Manjushree "inance Ltd. | 450.00 | 123.00 | 121.00 | 123.00 | 0.00 |
| 77 | Mega Bank Nepal Ltd. | 47781.00 | 168.00 | 161.00 | 168.00 | 8.00 |
| 78 | Mero Microfinance Bittiya Sanstha Ltd. | 1336.00 | 1040.00 | 1005.00 | 1040.00 | 40.00 |
| 79 | Mirmire LaghuBitta Bittiya Sanstha Limited | 159.00 | 1494.00 | 1465.00 | 1494.00 | 29.00 |
| 80 | Miteri Development Bank Limited | 672.00 | 270.00 | 260.00 | 270.00 | 10.00 |
| 81 | Mithila LaghuBitta Bittiya Sanstha Limited | 82.00 | 887.00 | 870.00 | 887.00 | 34.00 |
| 82 | Muktinath Bikas Bank Ltd. | 7040.00 | 392.00 | 376.00 | 385.00 | 7.00 |
| 83 | Multipurpose "inance Company Limited | 151.00 | 194.00 | 190.00 | 190.00 | -4.00 |
| 84 | Nabil Bank Limited | 17869.00 | 940.00 | 913.00 | 935.00 | 28.00 |
| 85 | NABIL Bank Limited Promotor Share | 22309.00 | 726.00 | 709.00 | 725.00 | 18.00 |
| 86 | Nabil Equity "und | 8015.00 | 8.50 | 8.40 | 8.45 | -0.05 |
| 87 | NagBeli LaghuBitta Bikas Bank Ltd. | 440.00 | 1128.00 | 1084.00 | 1128.00 | 44.00 |
| 88 | National Hydro Power Company Limited | 15930.00 | 84.00 | 78.00 | 84.00 | 4.00 |
| 89 | National Life Insurance Co. Ltd. | 3690.00 | 750.00 | 726.00 | 750.00 | 20.00 |
| 90 | National Microfinance Bittiya Sanstha Ltd. | 676.00 | 2162.00 | 2090.00 | 2162.00 | 53.00 |
| 91 | Naya Nepal Laghubitta Bikas Bank Ltd. | 154.00 | 681.00 | 668.00 | 681.00 | 26.00 |
| 92 | Neco Insurance Co. Ltd. | 9975.00 | 540.00 | 515.00 | 539.00 | 22.00 |
| 93 | Nepal Bangladesh Bank Limited | 15278.00 | 209.00 | 203.00 | 205.00 | 0.00 |
| 94 | Nepal Bank Limited | 35112.00 | 295.00 | 285.00 | 293.00 | 8.00 |
| 95 | Nepal Credit And Commercial Bank Ltd. | 13144.00 | 181.00 | 174.00 | 180.00 | 2.00 |
| 96 | Nepal Doorsanchar Comapany Limited | 2008.00 | 740.00 | 728.00 | 740.00 | 14.00 |
| 97 | Nepal Hydro Developers Ltd. | 50.00 | 165.00 | 160.00 | 165.00 | 3.00 |
| 98 | Nepal Insurance Co. Ltd. | 3154.00 | 545.00 | 512.00 | 534.00 | 19.00 |
| 99 | Nepal Investment Bank Limited | 18333.00 | 636.00 | 625.00 | 632.00 | 7.00 |
| 100 | Nepal Investment Bank Ltd. Pro. Share | 17184.00 | 572.00 | 562.00 | 572.00 | 13.00 |
| 101 | Nepal Life Insurance Co. Ltd. | 10372.00 | 960.00 | 940.00 | 960.00 | 14.00 |
| 102 | Nepal SBI Bank Limited | 3945.00 | 508.00 | 497.00 | 504.00 | 5.00 |
| 103 | Nerude Laghubita Bikas Bank Limited | 1517.00 | 570.00 | 554.00 | 555.00 | -10.00 |
| 104 | Ngadi Group Power Ltd. | 402.00 | 168.00 | 162.00 | 168.00 | 5.00 |
| 105 | NIBL Pragati "und | 2525.00 | 7.90 | 7.90 | 7.90 | 0.15 |
| 106 | NIC Asia Bank Ltd. | 11005.00 | 320.00 | 312.00 | 318.00 | 6.00 |
| 107 | Nirdhan Utthan Lag. Bittiya Sanstha Ltd. | 1066.00 | 986.00 | 965.00 | 986.00 | 17.00 |
| 108 | NLG Insurance Company Ltd. | 206.00 | 856.00 | 841.00 | 850.00 | 25.00 |
| 109 | NMB Microfinance Bittiya Sanstha Ltd. | 975.00 | 1585.00 | 1513.00 | 1585.00 | 87.00 |
| 110 | NMB Bank Limited | 28492.00 | 326.00 | 318.00 | 323.00 | 3.00 |
| 111 | NMB Hybrid "und L-1 | 6241.00 | 9.30 | 9.30 | 9.30 | 0.02 |
| 112 | Om Development Bank Ltd. | 23067.00 | 202.00 | 190.00 | 202.00 | 9.00 |
| 113 | Oriental Hotels Limited | 2198.00 | 520.00 | 499.00 | 510.00 | 12.00 |
| 114 | Pokhara "inance Ltd. | 2525.00 | 156.00 | 145.00 | 145.00 | -1.00 |
| 115 | Prabhu Bank Limited | 17323.00 | 191.00 | 183.00 | 188.00 | 0.00 |
| 116 | Prabhu Insurance Ltd. | 9840.00 | 517.00 | 484.00 | 508.00 | 14.00 |
| 117 | Premier Insurance Co. Ltd. | 3323.00 | 1065.00 | 1016.00 | 1055.00 | 40.00 |
| 118 | Prime Commercial Bank Ltd. | 39036.00 | 298.00 | 290.00 | 298.00 | 9.00 |
| 119 | Prime Commercial Bank Pro. Share | 80000.00 | 200.00 | 200.00 | 200.00 | 0.00 |
| 120 | Prime Life Insurance Company Limited | 6643.00 | 530.00 | 508.00 | 518.00 | 8.00 |
| 121 | Prudential Insurance Co. Ltd. | 2041.00 | 750.00 | 712.00 | 750.00 | 30.00 |
| 122 | Purnima Bikas Bank Ltd. | 1460.00 | 164.00 | 160.00 | 164.00 | 6.00 |
| 123 | Radhi Bidyut Company Ltd | 190.00 | 226.00 | 219.00 | 226.00 | 4.00 |
| 124 | Rairang Hydropower Dev. Co. Ltd. | 5943.00 | 156.00 | 151.00 | 152.00 | -1.00 |
| 125 | Rastriya Beema Company Limited | 153.00 | 10850.00 | 10480.00 | 10820.00 | 420.00 |
| 126 | Rastriya Beema Co. Limited Pro.Share | 593.00 | 9849.00 | 9500.00 | 9800.00 | 350.00 |
| 127 | Reliance "inance Ltd. | 191.00 | 122.00 | 120.00 | 122.00 | 0.00 |
| 128 | Ridi Hydropower Dev. Company Ltd. | 1373.00 | 119.00 | 115.00 | 119.00 | 3.00 |
| 129 | RMDC Laghubitta Bittiya Sanstha Ltd. | 224.00 | 652.00 | 650.00 | 652.00 | 12.00 |
| 130 | RSDC Laghubitta Bittiya Sanstha Ltd. | 721.00 | 520.00 | 490.00 | 520.00 | 27.00 |
| 131 | Sagarmatha Insurance Co. Ltd. | 771.00 | 1355.00 | 1310.00 | 1355.00 | 45.00 |
| 132 | Sahayogi Bikas Bank Limited | 1090.00 | 203.00 | 199.00 | 200.00 | 4.00 |
| 133 | Samata Microfinance Bittiya Sanstha Ltd. | 194.00 | 1268.00 | 1225.00 | 1268.00 | 43.00 |
| 134 | Sana Kisan Bikas Bank Ltd | 2004.00 | 1145.00 | 1110.00 | 1145.00 | 25.00 |
| 135 | Sanima Bank Limited | 13311.00 | 324.00 | 314.00 | 321.00 | 6.00 |
| 136 | Sanima Equity "und | 2000.00 | 9.30 | 9.30 | 9.30 | 0.00 |
| 137 | Sanima Mai Hydropower Ltd. | 18076.00 | 317.00 | 303.00 | 313.00 | 9.00 |
| 138 | Saptakoshi Development Bank Ltd. | 2143.00 | 119.00 | 113.00 | 119.00 | 6.00 |
| 139 | Shangrila Development Bank Ltd. | 7841.00 | 149.00 | 146.00 | 148.00 | 2.00 |
| 140 | Shikhar Insurance Co. Ltd. | 6293.00 | 936.00 | 905.00 | 925.00 | 22.00 |
| 141 | Shine Resunga Development Bank Ltd. | 11293.00 | 285.00 | 275.00 | 285.00 | 10.00 |
| 142 | Shree Investment "inance Co. Ltd. | 1000.00 | 150.00 | 149.00 | 150.00 | 0.00 |

Total Amount Rs. 364,133,935 Total Quantity 1,079,066 Total No of Transactions 5,902

{ 'तोकिएको अवधिभित्र बिमितले आवश्यक सम्पूर्ण कागजात बुझाएपछि' भनी थपिनुपर्छ। होइन भने त्यहाँ प्रारम्भिक सर्भे प्रतिवेदन बुझाउनुपर्छ भनी उल्लेख गरिनुपर्छ। बिमितले क्षतिसम्बन्धी जानकारी, बीमा दाबी नगरुञ्जेल तथा दाबी प्रकृयाका लागि चाहिने सम्पूर्ण आवश्यक कागजात उपलब्ध नभएसम्म सर्भे कार्य र सर्भे प्रतिवेदन बनाउन नसकिने भएकाले आवश्यक प्रकृया पुऱ्याएपछिको मात्रै अवधि कायम गरिनुपर्छ।

अर्थ

# 'बीमा सर्भेयर'लाई सरकारको बेवास्ता

नेपाल समाचारपत्र

काठमाडौं

'बीमा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५' ले बीमा सर्भेयरहरूको भूमिका नै गौण तुल्याउने गरी नयाँ व्यवस्था ल्याउन खोजिएको भन्दै सो पेशामा आवद्ध व्यक्तिहरूले संशोधनको माग गरेका छन्।

आफ्नो पेशाको सुरक्षा र औचित्यलाई बेवास्ता गरेको तथा दीर्घकालमा व्यवसाय नै धराशायी हुने गरी विधेयक तयार पारिएको भन्दै सर्भेयरहरूले विरोध गरे पनि सरकारले विधेयक संशोधन भने गरेको छैन। बीमा सर्भेयर संघ नेपालले त उक्त विधेयक जस्ताको त्यस्तै पारित भएमा आफूहरूको भूमिका नै गौण हुने भन्दै विरोध गर्दै आएको छ। केही समयअघि प्रतिनिधिसभाको बैंठकमा पेश गरिएको विधेयक अपूर्ण र अस्पष्ट रहेको भन्दै संघले उक्त विधेयक संशोधन गर्न सरकारसँग मागसमेत गरेको छ। बिना कुनै छलफल र विशेषज्ञको परामर्श बेगर बीमा कम्पनीको इजाजतसम्बन्धी व्यवस्था, नवीकरण, निरन्तरता, लगाउने शुल्क, दण्ड जरिवाना सम्बन्धमा विधेयकमा समावेश भएको व्यवस्था राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासको विपरीत रहेको भन्दै संघले विधेयक संशोधन गर्न माग गरेको जनाएको छ।

प्रस्तावित विधेयकले सर्भेयरहरूलाई नै पेशाबाट विस्थापित गर्ने गरी ल्याइएको भन्दै सम्बन्धित विषयको जानकार र विज्ञसँग छलफल गरी पुन: बीमा विधेयक ल्याउन उनीहरूले माग गरेका छन्। सर्भेयरलाई विस्थापित र मध्यस्तकर्ता स्थापित हुने गरी उक्त शब्द नै शब्द हटाउनु कुन हदसम्म व्यावहारिक हो भन्ने कुरासमेत सरकारले ख्याल नगरेको सर्भेयर संघका अध्यक्ष सूर्यप्रसाद जोशीको भनाइ छ। उहाँका अनुसार ऐनमा सर्भेयरले गर्दै आएको कामलाई वेवास्ता गर्दै इजाजतसम्बन्धी व्यवस्था, नवीकरण, निरन्तरता, शुल्क लगाउने, दण्ड जरिवाना सम्बन्धमा भएको व्यवस्था राष्ट्रिय र अन्तर्राष्ट्रिय अभ्यासको विपरीत रहेको छ।

विधेयकको विभिन्न दफा उफादफामा सर्भेयर पेसासँग सम्बन्धित हुनेगरी पेसा रोजगारको दृष्टिकोणबाट व्यवस्थापन हुनुपर्ने अवस्था आएको र स्थापना गर्न लागिएको प्राधिकरणले दण्ड सजाय तोक्दा अर्धन्यायिक अधिकार प्रयोग गर्ने गरी व्यवस्था गरेको त्रुटिपूर्ण रहेको संघको भनाइ छ। तर अर्थमन्त्री डा. युवराज खतिवडाले बीमा क्षेत्रलाई थप व्यवस्थित, प्रभावकारी र मर्यादित बनाउन बीमा क्षेत्रमा कडा कानुन आवश्यक रहेको बताउँदै आउनुभएको छ। बीमा प्राधिकरण बनाउने योजनासहितको विधेयक तयार भइरहेका कारण बीमा क्षेत्रलाई अव्यवस्थित र अमर्यादित बनाउन खोज्नेहरू यसबाट तर्सिएको अर्थमन्त्री खतिवडाको भनाइ छ।

## 'बीमा मध्यस्थकर्ता र सर्भेयर फरक-फरक हुन्'



शिवश्रचन साखः
सल्लाहकार, सर्भेयर संघ नेपाल

बीमा व्यवसायका लागि बीमा सर्भेयर अभिन्न अंग हुन्। जोखिम न्यूनीकरणका लागि गरिने बीमा गरिन्छ। सर्भेयरबिना बीमा कम्पनीले क्षतिको दावी भुक्तानी दिन सक्दैनन्। घटनास्थलमै पुगेर क्षतिको यथार्थ मूल्यांकनपछि मात्र बीमकले बीमितलाई दावी भुक्तानी गर्ने हो।

नेपालमा बीमा सर्भेयर निकै कम मात्र छन्। बढीमा एक हजारको हाराहारीमा होलान्। भारतलगायत अन्य मुलुकबाट नेपाल आएर सर्भेयरको काम गर्ने पनि धेरै छन्। अहिलेको संसद्मा पठाइएको विधेयकले 'सर्भेयर' को हो भनेर नै चिन्दैन। 'बीमा सम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०७५' मा हामीले आपत्ति जनाउनुको कारण पनि यही हो।

विधेयकमा बीमा सर्भेयरहरूलाई पनि बीमा मध्यस्थकर्ताका रूपमा परिभाषित गरिएको छ। बीमा मध्यस्थकर्ता भन्नाले प्राधिकरणबाट इजाजतप्राप्त बीमा अभिकर्ता, बीमा सर्भेयर, बीमा दलाल, तेस्रो पक्ष सहजकर्ता वा तोकिएबमोजिमका अन्य बीमा मध्यस्थकर्ता भन्ने सम्झनुपर्छ भनेर उक्त विधेयकको दफा २ मा भनिएको छ। तर बीमा सर्भेयर मध्यस्थकर्ताभन्दा बिल्कुलै फरक हो। बीमा सर्भेयरले बीमा गर्नुपूर्व सम्पत्तिको आर्थिक मूल्यांकन गर्ने, क्षतिग्रस्त सम्पत्तिको प्राविधिक र आर्थिक मूल्यांकन गर्ने, बीमा दाबीसम्बन्धी अनुसन्धान गर्ने, बीमासम्बन्धी पाविकि सरसल्लाह दिने व्यक्ति वा संस्था हो। यो विशुद्ध प्राविधिक विषय भएकाले सर्भेयरलाई छुट्टै परिभाषा दिएर ऐनमा समावेश गरिनुपर्छ। बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकको कामको पकृति र बीमा सर्भेयरको कामको प्रकृति फरक रहेकाले एकै ठाउँमा राखि व्याख्या गर्नुहुँदैन।

बीमा सर्भेयरले बीमक र बिमितिबीच कुनै पनि आर्थिक रूपमा संलग्न नरही स्वतन्त्र रूपमा कार्य गर्छ। भारत, बेलायत, भुटानलगायत मुलुकमा सर्भेयरलाई छुट्टै परिभाषित गरिएको छ। तर अहिलेको विधेयकले सर्भेयर भनको को हो भनेर नै चिन्दैन। बीमा ऐन २०४९ का प्रावधानहरूमा निकै हेरफेर गरिएको छ। जुन आवश्यक नै थिएन। भइरहेको व्यवस्थालाई प्रभावकारी कार्यान्वयनमा पो सरकारले ध्यान पुऱ्याउनुपर्ने हो।

विधेयकमा बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकसम्बन्धी व्यवस्था राखी उनीहरूको इजाजतपत्रको अवधि १ वर्षको मात्रै राखिएको छ। तर हामो भनाइ के हो भने इजाजत पत्रको अवधि सीमित नगरी त्यसलाई निरन्तरता दिने व्यवस्था गरिनुपर्छ। इजाजतपत्रको अवधि ५ वर्षको हुनुपर्छ। इजाजतको दायरा संकुचित गर्नुभन्दा विज्ञताको दायरा बढाउने तथा सो कार्यका लागि चाहिने योग्यताका सम्बन्धमा विचार गर्नु उत्तम विकल्प हो।

बीमा सर्भेयरलाई इजाजतपत्र दिँदा निर्जीवन बीमाअन्तर्गत एक प्रकारको बीमाको मात्र सर्भे गर्न पाउने गरी इजाजत दिन पाइने भनिएको छ। तर, जनशक्तिको अभाव, सबै प्रकारको काम जहिले पनि नहुँदा केही प्रकारको बीमाको इजाजतपत्र लिने व्यक्ति नै नहुने वा न्युन हुने अवस्था सृजना हुन्छ। राष्ट्रिय विपत्ति पर्दा सर्भेयरको अभाव हुन्छ। एउटै प्रकारको काम गरी राख्दा नयाँ जनशक्ति तयार नहुने, एउटै बीमा पोलिसिअन्तर्गतको क्षतिमा पनि एकभन्दा बढी विधाका बीमा सर्भेयरको प्रयोग गर्नुपर्ने हुन्छ।

विधेयकको दफा ९४ ले बीमा मध्यस्थकर्ता वा अन्य बीमा सेवा प्रदायकलाई इजाजत दिन तोकिएबमोजिमको परीक्षा उतीर्ण गर्नुपर्ने प्रावधान राखिएको छ। तर बीमा सर्भेयरको भूमिका नै फरक रहेकाले इजाजत प्राप्तिका लागि बीमा मध्यस्थकर्ता वा बीमा सर्भेयरलाई एकै ठाउँमा राखी परीक्षाको व्यवस्था गरिनु अव्यवहारिक हो। बीमा सर्भेयरइजाजत पाप्तिका लागि इन्जिनियर, चार्टर्ड एकाउन्टेन्ट, बीमा विषयमै स्नातक वा बीमा कम्पनीमा अधिकृतस्तरमा १० वर्षको कार्य अनुभव हासिल गरेका व्यक्ति जान्छन्। तर बीमा मध्यस्थकर्तासँगै एकै ठाउँमा राखि परीक्षाको व्यवस्था गरिनु कुनै पनि दृष्टिकोणबाट व्यवहारिक छैन।

त्यसैगरी दफा ९७ अनुसार प्राधिकरणले तोकेको आचारसंहिता तीन पटक वा सोभन्दा बढी उल्लंघन गरेमा इजाजत पत्र खारेजी हुने भन्ने व्यवस्था रहेकोमा पहिलोपटक सचेत गराउने, दोस्रोपटक आर्थिक जरिवाना गराउने र तेस्रोपटक निलम्बन गराएपछि मात्र खारेजी हुने व्यवस्था गरिनुपर्छ। दफा ९९ मा बीमा सर्भेयरले तोकिएको अवधिभित्र सम्बन्धित बीमकसमक्ष सर्भे प्रतिवेदन बुझाउनुपर्नेछ भन्ने व्यहोरालाई पनि संशोधन गर्नुपर्छ। बीमा सर्भेयरले तोकिएको अवधिभित्र सम्बन्धित बिमकसमक्ष प्रतिवेदन बुझाउनुपर्नेमा 'तोकिएको अवधिभित्र बिमितले आवश्यक सम्पूर्ण कागजात बुझाएपछि' भनी थपिनुपर्छ। होइन भने त्यहाँ प्रारम्भिक सर्भे प्रतिवेदन बुझाउनुपर्छ भनी उल्लेख गरिनुपर्छ। बिमितले क्षतिसम्बन्धी जानकारी, बीमा दाबी नगरुञ्जेल तथा दाबी प्रकृयाका लागि चाहिने सम्पूर्ण आवश्यक कागजात उपलब्ध नभएसम्म सर्भे कार्य र सर्भे प्रतिवेदन बनाउन नसकिने भएकाले आवश्यक प्रकृया पुऱ्याएपछिको मात्रै अवधि कायम गरिनुपर्छ।

विधेयकको दफा १४० को उपदफा ११ मा कसैको उजुरी परी अनुसन्धान वा जाँचबुझ गर्दा प्राधिकरणबाट भएको नियमन, निरीक्षण, वा अनुगमनको क्रममा कुनै बीमा सर्भेयरले क्षतिको गलत मूल्यांकन गरी प्रतिवेदन बुझाएमा प्राधिकरणले पहिलोपटक भए सचेत गराउने वा १ लाख रुपियाँ जरिवाना गर्ने वा दुवै सजाय गर्न सक्ने र सोही कार्य पुन: दोहोऱ्याइएमा निजको इजाजतपत्र खारेज गरी दशलाख रुपियाँसम्म जरिवाना गरी बीमितलाई पुग्न गएको क्षतिबराबरको रकम निजबाट असुलउपर गरी बीमितलाई भराइने भनिएको छ। यसमा संशोधन गरिनुपर्ने कारण के देखिन्छ भने बीमा भनेको बिमित र बीमकबीच भएको लिखित करार हो र क्षति मूल्यांकन गर्ने गर्दा कसैले उजुरी परी' भन्ने वाक्यांशको ठाउँमा पीडित स्वयंले ३५ दिनभित्र प्रमाणसहित उजुरी गरेमा भन्ने वाक्यांश न्यायोचित देखिन्छ।

सर्भेयरले क्षतिको मूल्यांकन गर्दा बदनियतपूर्ण तरिकाले कम, बढी वा गलत हुनेभ भएमा बिगोसहित जेल सजाय रहेकोमा बीमा सर्भेयरको प्रतिवेदन अन्तर्राष्ट्रिय मान्यताअनुरूप अन्तिम निर्णय नभएकाले लिने र दिने बीमक र बिमितबीच सर्भेयरलाई देवानी प्रकृतिको कार्यको लागि फौजदारी प्रकृतिको सजाय तोकिनु न्यायसंगत नभएको देखिन्छ। यदि बीमा सर्भेयरले आर्थिक लाभ लिई क्षति मूल्यांकन कम, बढी वा गलत हुने भएमा नियमानुसार सजाय गरी इजाजतपत्रसमेत रद्द गरिनुपर्छ।

## प्रभु इन्स्योरेन्स र ॐ हस्पिटलबीच सम्झौता

काठमाडौं, (नेस)

प्रभु इन्स्योरेन्स लिमिटेड र ॐ हस्पिटल एन्ड रिसर्च सेन्टरबीच नगदरहित (क्यासलेस्) सेवासम्बन्धी सम्झौता भएको छ। सम्झौताअनुसार प्रभु इन्स्योरेन्सबाट औषधोपचार बीमा गराउने ग्राहकहरूले ॐ हस्पिटल एन्ड रिसर्च सेन्टरमा औषधोपचार गराउँदा साथमा नगद नभए तापनि बीमालेखको सिमासम्म नगदरहित सुविधा प्राप्त गर्न सक्नेछन्। उक्त सम्झौतापत्रमा बुधबार प्रभु इन्स्योरेन्स लिमिटेडको तर्फबाट प्रमुख कार्यकारी अधिकृत सञ्चित वज्राचार्य तथा ॐ हस्पिटल एन्ड रिसर्च सेन्टरको तर्फबाट प्रबन्ध निर्देशक बाबुकाजी कार्कीले हस्ताक्षर गर्नुभयो।

## मेगा बैंक र लाइफ इन्स्योरेन्सबीच बैंकास्योरेन्स सम्झौता



काठमाडौं, (नेस)

मेगा बैंक नेपाल लिमिटेड र लाइफ इन्स्योरेन्स कर्पोरिसनबीच बैंकास्योरेन्स सम्झौता भएको छ। बुधबार मेगा बैंकको प्रधानकार्यालयमा मेगा बैंककी सहायक नायब प्रमुख कार्यकारी अधिकृत रविना देशराज श्रेष्ठ र लाइफ इन्स्योरेन्स कर्पोरेसन (एलआईसी) का कायममुकायम प्रमुख कार्यकारी अधिकृत अविजित घोष दस्टीदरले बैंकास्योरेन्ससम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर गर्नुभयो। उक्त सम्झौतापछि अब ग्राहकहरूले मेगा बैंकका देशभरिका शाखाबाट एलआईसीमा जीवन बीमा गर्नुका साथै प्रिमियम भुक्तानी, दाबी भुक्तानीलगायत सबै सेवा प्राप्त गर्न सक्नेछन्। यो सम्झौताले जीवन बीमा गर्न चाहने र गरिरहेका ग्राहकहरूलाई थप सुविधा प्राप्त हुने विश्वास बैंकले लिएको छ।

## एनआईसी एसिया बैंकको एक साथ ३ शाखा

काठमाडौं, (नेस )

एनआईसी एसिया बैंकको एकसाथ ३ वटा नयाँ शाखा विस्तार गरिएको छ। नयाँ कार्यालयहरूमा धादिङको धुनिबेंसी नगरपालिका वडा नम्बर ७ स्थित खानीखोला शाखा, वडा नम्बर ६ को धार्केस्थित धार्के शाखा र थाक्रे गाउँपालिका वडा नम्बर ६ महादेव बेंसीमा महादेवबेंसी शाखाको बुधबार उद्घाटन गरिएको हो। बैंकले हाल २ सय ३७ शाखा कार्यालयहरू, २ सय ३० एटीएम, १४ वटा एक्स्टेन्सन काउन्टर एवं १७ वटा शाखारहित बैंकिङ इकाइमार्फत् बैंकिङ सेवा प्रदान गरिरहेको छ। बैंकको वासलातको आकार १ खर्ब ८१ अर्ब रुपियाँभन्दा बढी पुगेको छ भने कुल निक्षेप करिब १ खर्ब ५३ अर्ब रुपियाँ पुगेको छ। बैंकको कुल कर्जा १ खर्ब २४ अर्ब रुपियाँ छ। हालसम्म यस बैंकमा ग्राहकको संख्या करिब १२ लाख १९ हजार रहेको छ। बैंकले आफ्नो संस्थागत सुशासन, जोखिम व्यवस्थापन र आन्तरिक नियन्त्रण प्रणालीको उत्कृष्ट अभ्यासलाई पालना गर्दै अघि बढिरहेको जनाएको छ।

## रियल स्कूल अफ नेपाल २०१८ को क्षेत्रीय प्रतिस्पर्धा सम्पन्न



काडमाडौं (नेस)

'रियल स्कूल अफ नेपाल २०१८' अन्तर्गत नवौं क्षेत्रीय फाइनलमा मध्यमाञ्चलको काठमाडौं पूर्वमा अगष्ट १३ मा सम्पन्न भईसकेको छ। यस प्रतियोगिता बाट विजयी विद्यालय ग्यालेक्सी पब्लिक स्कूल घोषित भएको छ।

विजयी विद्यालयका सहभागी विद्यार्थी क्रिस्टोफर राज पौडेल, जिज्ञासा सोनम, सक्षम छत्कुली, निरन्जना मानन्धर, रिचन सरगम यामफु र दिपबहादुर शाह हुन्। यी विजयीविद्यार्थी हरूले काठमाडौंमा सम्पन्न हुने रियल स्कूल अफ नेपाल २०१८ को अन्तिम चरणको प्रतियोगितामा अन्य विजयी विद्यालयका विद्यार्थीहरूसँग प्रतिस्पर्धा गर्नेछन्। सिनियर सिनियर समुहतर्फ एक्सटेम्पोरतर्फ रिलाएन्स इन्टरनेशनल एकेडेमी की स्मृती गौतम, नृत्यतर्फ इस्टपोल सेकेण्डरी स्कूल की डोल्मा शेर्पा, फुटबल जगलिङ तर्फ ग्यालेक्सी पब्लिक स्कूल की सक्षम छत्कुली रहेका छन। त्यसैगरी जुनियर समुहतर्फ पेन्टिङमा ग्यालेक्सी पब्लिक स्कूलका रिचन सरगम यामफु, थ्री मिनेट टु फेममा हिलेरी इङलिस हाई स्कूलकी सुजीता मण्डल, स्कोर द रियल गोलमा टाइमलाइन स्कूलका सुमित थीङ रहेका छन्। यस सँगै प्रतियोगिताको आठौं क्षेत्रिय फाईनल प्रतिस्पर्धा पनि सकिएको छ।

## मुलुकी अपराध (संहिता) ऐनको प्रावधानप्रति महासंघको आपत्ति

नेपाल समाचारपत्र

काठमाडौं

नेपालको सम्पूर्ण निर्माण क्षेत्रलाई नै धराशायी हुने गरी यही भदौ १ गतेबाट लागू हुने भनिएको मुलुकीअपराध (संहिता) ऐनको प्रावधानप्रति नेपाल निर्माण व्यवसायी महासंघले गम्भीर आपत्ति जनाएको छ। महासंघ सचिवालय अनामनगरमा बिहीबार पत्रकार सम्मेलन गरी महासंघका पदाधिकारीहरूले ऐन फिर्ता नभए देशभरका व्यवसायीहरूले आ-आफ्नो लाइसेन्स सरकारलाई बुझाउने चेतावनीसमेत दिए।

महासंघका अध्यक्ष विष्णुभाइ श्रेष्ठले व्यवसायी मैत्री ऐन कानुन नभएसम्म व्यवसायीहरूले कसरी काम गर्छन् भनी प्रश्न गर्नुभयो। निर्माण कार्यमा कमजोरी देखिनुमा व्यवसायीको मात्र दोष नरहेको भन्दै अध्यक्ष श्रेष्ठले दोषीअन्य सबैलाई पनि कानुनी कठघरामा उभ्याउनुपर्ने धारणा राख्नुभयो। महासंघका निवर्तमान अध्यक्ष जयराम लामिछानेले प्रिपेड घुस नदिएसम्म कुनै पनि सरकारी निकायबाट व्यवसायीको काम हुननसक्ने ठोकुवा गर्नुभयो।

घरधनीहरूलाई राज्यले उचित मुआब्जा दिन नसक्दा धेरै निर्माण परियोजना प्रभावित भइरहेको सन्दर्भमा एकोहोरो ढंगले व्यवसायीलाई मात्र आक्षेप लगाउनुको कुनै अर्थ नरहेको लामिछानेको भनाइ थियो। महासंघका सल्लाहकार यक्षध्वज कार्कीले सरकार स्वदेशी निर्माण व्यवसायीलाई निरुत्साहित पारी विदेशी व्यवसायी पोस्न लागेको हो किभन्ने आशंका पैदा भएको बताउनुभयो। महासंघका वरिष्ठ उपाध्यक्ष लक्ष्मणकुमार रानाले नेपाली निर्माण व्यवसायीहरू व्यवसाय नै गर्न नसक्ने अवस्थामा पुगेको धारणा राख्नुभयो। महासचिव रामशरण देउजाले सरकारले अत्यन्त गलत नियत राखी नयाँ ऐन कानुन ल्याउन लागेकाले त्यसको प्रतिवाद गर्नुको विकल्प छैन भन्नुभयो।

## शतवार्षिकीको अवसरमा नेपालमा मुस्कान फैलाउँदै ब्रिटानिया

नेपाल समाचारपत्र

काठमाडौं




सन् १९१८ मा स्थापना भएको ब्रिटानिया इन्डस्ट्रिज लिमिटेडले स्थापनाको सय वर्ष पुरा गरेको छ।

एक दशकभन्दा अघिदेखि नै नेपाली बजारमा उपलब्ध ब्रिटानिया परिचित नाम हो। कम्पनीले राष्ट्रिय व्यवस्थापक एवं देशव्यापी वितरणको साझेदारको रूपमा विशाल ग्रुपसँग काम गरिरहेको छ। शतवार्षिकीको अवसरमा नेपालप्रतिको आफ्नो प्रतिवद्धतालाई अझ सबल बनाउन भन्दै ब्रिटानियाको प्रमुख ब्रान्ड गुड डे को टेलिभिजन विज्ञापनमा नायिका प्रियंका कार्कीलाई ब्रान्ड एम्बेसेडर रूपमा प्रस्तुत गरेको छ। कार्कीलाई राखेर बनाइएको अभियान 'स्माइल मोर फर अ गुड डे' को मनोभाव नै आफ्नो मुस्कान पत्ता लगाउनुहोस र संसारसँग बाँडेर अझ बढाउनुहोस् भन्ने हो।

'सबै भाषा, वर्ण, वर्ग र विचारलाई चिर्ने मुस्कान एउटा विश्वव्यापी ईशारा हो। आजको द्रुतगतिको संसारमा हामी आफ्नैअगाडि उभिएको मानिससँग पनि मुस्कुराउनमा कन्जुस्याइँ गर्छौं। हामीलाई विस्वास छ कि गुड डे ब्रान्डको साथमा हामी विश्वास जति मुस्कुराउँछौं संसार त्यति नै अझ सुन्दर हुनेछ।' ब्रिटानिया इन्डस्ट्रिज लिमिटेडको अन्तर्राष्ट्रिय व्यापारका उपाध्यक्ष अनिन्दय दत्तले भन्नुभयो।





# एन्फाको प्रादेशिक संरचनामा जाने निर्णय

कृष्ण आचार्य, चितवन



अखिल नेपाल फुटबल संघ (एन्फा) को १७औं विशेष साधारणसभाले विधान संशोधनका साथै विभिन्न नियमावली पारित गरेको छ।

बुधबार चितवनको सौराहामा भएको विशेष साधारणसभाले विधान संशोधन गर्दै एन्फालाई प्रादेशिक संरचनामा जाने निर्णय गरेको हो। योसँगै एन्फाको अब ७ वटै प्रदेशमा कमिटि बन्नेछ। विधान संशोधनको एजेन्डा सर्वसम्मतले पारित भएको एन्फाका प्रवक्ता किरण राईले जानकारी दिए।

देश संघीय संरचनामा गइसकेकाले एन्फालाई पनि सोहीअनुरूप लैजान लागिएको एन्फाका अध्यक्ष कर्मा छिरिङ शेर्पाले बताए। 'संघीयता लागू भइसकेको छ, अब एन्फाको पनि प्रदेश कमिटि बन्नेछ। सोहीअनुरूप विधान संशोधन गर्दै छौं' -अध्यक्ष शेर्पाले भने।

यस्तै एन्फाले विधान संशोधन गर्दै 'बी' र 'सी' डिभिजनमा क्लबहरुको संख्या बढाउनुका साथै निर्वाचनमा मताधिकारसमेत वृद्धि गरेको छ। १२ वटा क्लब रहेको 'बी' डिभिजनमा अब १६ वटा क्लबले सहभागिता जनाउने भएका छन्। यस्तै 'सी' डिभिजनमा पनि ११ वटा क्लबबाट बढाएर १८ वटा क्लब बनाइएको छ। 'ए' डिभिजनमा रहेका १४ वटा क्लबलाई भने यथावत राखिएको छ।

### एन्फामा मताधिकार बढ्यो

विधान संशोधन गर्दै एन्फाले १५ मताधिकार बढाएर ९२ पुर्‍याएको छ। यसअघि ७७ मताधिकार रहेको थियो। एन्फाले 'बी' डिभिजनबाट २ मताधिकार थप गरेको हो। क्लब संख्या बढाएसँगै 'बी' डिभिजनबाट मताधिकार थप गरिएको हो। यस्तै 'सी' डिभिजनबाट ४ मताधिकार बढाइएको छ। ७ वटा क्लब थप गरेसँगै ५ बाट मताधिकार बढाएर ९ पुर्‍याइएको छ। यस्तै मोफसलबाट प्रदेशस्तरीय लिगका शीर्ष ४ टोली र ५ नयाँ जिल्लाबाट १/१ मत गरी १५ मत वृद्धि गरिएको एन्फाका प्रवक्ता राईले जानकारी दिए।

### पाँच जिल्लामा शाखा विस्तार

विधान संशोधन गरेपछि एन्फाले प्रदेश ५ को १, प्रदेश ६ का २ र प्रदेश ७ का २ जिल्लामा शाखा थप गरेको छ। योसँगै एन्फाको जिल्लातिर ५० शाखा स्थापित भएका छन्।

विशेष साधारणसभाबाट एन्फाले विभिन्न नियमावलीसमेत पारित गरेको छ। जसमा आर्थिक नियमावली, कर्मचारी नियमावली, एन्फा सञ्चालन नियमवाली, खेलाडी दर्ता नियमावली निर्माण गरिएको छ।

सौराहास्थित होटेल सेभेन स्टारमा भएको विशेष साधारणसभामा ४५ जिल्ला संघका ३/३ जना, १४ वटा 'ए' डिभिजन क्लबका ३/३ जना, ४ संघका ३/३, पर्यवेक्षकलगायतका गरी करिब ३ सय जनाको सहभागिता रहेको थियो। विशेष साधारणसभालाई प्रदेश-३ का मुख्यमन्त्री डोरमणि पौडेलले समुद्घाटन गरेका थिए।

### प्रेसिडेन्ट्स कप हुने

हरेक प्रदेशका विजेताबीच प्रेसिडेन्ट्स कपका रूपमा नयाँ प्रतियोगिता आयोजना गर्ने एन्फाले निर्णय लिएको छ। यसका लागि हरेक जिल्लाले ६ टोली सहभागी गराएर जिल्ला लिग आयोजना गर्नुपर्छ। त्यस्तै सहिद स्मारक लिगका शीर्ष ४ टोलीले राष्ट्रिय लिग खेल्न पाउनेछन्।

यस्तै सहिद स्मारक लिगमा अन्तिम ३ स्थान हासिल गर्ने टोलीलाई अंक र तयारी रकम घटाइने एन्फाले निर्णय लिएको छ। अन्तिममा पर्ने ३ टोलीलाई तयारी खर्च दिइएकोबाट ५/५ लाख रकम कटौती गरिनेछ। एन्फाले रेलिगेसनबिनाकै लिग आयोजना गर्ने प्रस्तावलाई पनि अनुमोदन गरेको छ।

### नेपाली खेलाडीलाई १ सय डलर

मंगलबार नेपालले १८औं एसियाली खेलकुदअन्तर्गत फुटबलतर्फ जापानसँग १-० गोलअन्तरले हार बेहोरेको थियो। प्रतियोगिताकै दाबेदारीमा रहेको टोली जापानसँग १ गोलले मात्रै हार्नु नेपाली युवा खेलाडीका लागि फाइदा भएको छ। हारे पनि नेपाली यू-२३ राष्ट्रिय फुटबल टोलीका हरेक खेलाडीले १ सय डलर पाउने भएका छन्।

चितवनमा भएको एन्फाको साधारणसभा दौरान एन्फा अध्यक्ष कर्मा छिरिङ शेर्पाले खेलाडीलाई रकम दिने घोषणा गरेका हुन्। शेर्पाले बताए- 'जापानसँग ३-० गोलअन्तरले हारेमा १ सय डलर दिने भनेको थिएँ। खेलाडीहरुले राम्रो खेले र १-० को नतिजामा रोक्न सफल भए। अब उनीहरुलाई १ सय डलर बोनसस्वरूप दिनेछु। अब भियतनामविरुद्ध जित हात पारेमा १ सय ५० र पाकिस्तानलाई हराएमा १ सय डलर दिनेछु।'

# मिस्टर एभरेस्ट बडी बिल्डिङ हुने

काठमाडौं, (नेस)



यही शनिबार दोस्रो मिस्टर एभरेस्ट नेसनवाइड बडी बिल्डिङ च्याम्पियनसिप ह्वाइट फिल्ड स्कुल, खुसीबुँ हुने भएको छ।

नेप्लिज फेडेरेसन अफ बडी बिल्डिङ एन्ड फिटनेसको आयोजनमा हुने प्रतियोगितामा नेपालभरिबाट १ सय ५० भन्दा बढी खेलाडी सहभागी हुने जानकारी बुधबार आयोजित पत्रकार सम्मेलनमा संघका उपाध्यक्ष दिनेश अमात्यले दिए। शुक्रबार प्रि जजिङ राउन्ड सञ्चालन हुने र शनिबार फाइनल चरणको खेल राष्ट्रिय खेलकुद परिषद्को कर्भडहलमा सञ्चालन हुनेछ।

प्रतियोगितामा मेन्स बडी बिल्डिङ र मेन्स फिजिक्स तथा वुमेन्स फिटनेसमा खेलाडीले प्रतिस्पर्धा गर्नेछन्। प्रतियोगितामा विजेताले नगद ३ लाख रुपियाँ प्राप्त गर्नेछन्। प्रतियोगितामा विभिन्न समूहका विजेतालाई पनि नगद पुरस्कारको व्यवस्था गरिएको संघका महासचिव अजय बज्राचार्यले जानकारी दिए।

अनुमानित ३० लाख रुपियाँ खर्च हुने सो प्रतियोगितामा सहभागी हुन काठमाडौं बाहिरबाट आउने खेलाडीलाई दैनिक भत्ताको पनि व्यवस्था गरिएको आयोजकले जनाएका छन्। पत्रकार सम्मेलनमा दिइएको जानकारीअनुसार प्रतियोगितामा विजेता हुने खेलाडीले स्पेनमा हुने वर्ल्ड च्याम्पियनसिपमा पनि सहभागी हुने अवसर प्राप्त गर्नेछन्।


# आवश्यकता

कामना न्यूज पब्लिकेसन्स् प्रा.लि. का लागि तल उल्लेखित भाषा विज्ञ तथा पत्रकारहरुको आवश्यकता परेको हुनाले इच्छुक व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ।

**पद: भाषा सम्पादक** (विषय: नेपाली) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा सम्बन्धित विषयमा स्नातक उत्तीर्ण।

**प्राथमिकता** : नेपाली भाषामा शुद्धसँग पुनर्लेखन/सम्पादन गर्न सक्ने। पत्रकारिता विषयमा अध्ययन गरी अंग्रेजी भाषाबाट नेपालीमा अनुवाद गर्न सक्नेलाई विशेष प्राथमिकता।

**पद: संवाददाता** (विषय: अर्थ) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : अर्थशास्त्रको अध्ययन गरी नेपाली भाषामा दखल भएको।

**पद: संवाददाता** (विषय: राजनीति) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : राजनीति शास्त्रमा अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: विकास/समाज) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: स्वास्थ्य) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: अपराध) **संख्या: १**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: संवाददाता** (विषय: मनोरञ्जन) **संख्या: २**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : पत्रकारिताको अध्ययन गरी नेपाली भाषामा दखल।

**पद: सम्पादक** (अनलाइन) **संख्या: १**

**शैक्षिक योग्यता** : कम्तीमा प्रवीणता प्रमाणपत्र तह उत्तीर्ण।

**प्राथमिकता** : अनलाइन सम्बन्धी प्राविधिक ज्ञान भएकोलाई विशेष प्राथमिकता।

**नोट :**

१. राजनीतिक पार्टीको संघसंगठनमा आबद्ध भएका व्यक्तिको दरखास्त स्वीकृत गरिने छैन।
२. कम्प्यूटर सीप अनिवार्य।
३. दरखास्त आइपुग्नुपर्ने अन्तिम मिति २०७५/०५/१५ गते।

**कामना न्यूज पब्लिकेसन्स् प्रा.लि.**
ठेगाना: भीमसेनस्थान, काठमाडौं। फोन नं. ०१-४२६११७९। hrkamana@gmail.com


# उत्कृष्ट गोलकर्ताको सूचीमा रोनाल्डो



लन्डन, (एजेन्सी)

वर्षका उत्कृष्ट गोलकर्ताको सूचीमा क्रिस्टियानो रोनाल्डोको नाम अटाएको छ।

युरोपियन फुटबलको प्रशासकीय निकाय यूईएफएले गरेको वर्षका उत्कृष्ट गोलकर्ताको मनोनयनमा रोनाल्डोको गोललाई समावेश गरेको हो। गत सिजन च्याम्पियन्स लिगको क्वार्टरफाइनलमा रियल मेड्रिडका पूर्वखेलाडी रोनाल्डोले आफ्नो टाउको माथिको बललाई खुट्टाले प्रहार गर्दै गोल गरेका थिए। रोनाल्डोले अहिलेको आफ्नो नयाँ क्लब युभेन्ट्सविरुद्ध उक्त गोल गरेका थिए।

गत सिजन युइएफएका ११ प्रमुख प्रतिस्पर्धाबाट एउटा गोललाई मनोनयन गर्दै युइएफएले ११ उत्कृष्ट गोलकर्ताको मनोनयन सार्वजनिक गरेको हो। यूईएफएका प्राविधिक अनुगमनकर्ताले हरेक प्रतिस्पर्धाबाट उत्कृष्ट एउटा गोल छनोट गरेका हुन्। अब यी ११ गोलमध्येबाट समर्थकहरुको मतका आधारमा उत्कृष्ट गोल छनोट हुनेछ। यसका लागि अगष्ट २७ सम्म युइएफएको वेब साइटमा गएर मत दिन सकिनेछ। रोनाल्डोसँगै यूईएफएले सबै ११ गोलसहित मत दिनका लागि वेबसाइटमार्फत आग्रहसमेत गरेको छ।

### मनोनयनमा परेका ११ उत्कृष्ट गोलकर्ता

*क्रिस्टियानो रोनाल्डो* (युभेन्ट्स ०-३ रियल मेड्रिड)
*रिकार्डिन्हो* (पोर्चुगल ४-१ रोमानिया)
*गोन्सालो रामोस* (स्लोभानिया ०-४ पोर्चुगल)
*ड्रिमिटी पायेट* (मार्सेली ५-२ लिपजिंग)
*इभा नाभारो* (जर्मनी ०-२ स्पेन)
*पाउलो एस्ट्रेला* (पोर्टो ५-१ बेसिक्टास)
*क्रिस्टियन एरिक्सन* (आयरल्यान्ड १-५ डेनमार्क)
*एलियट एम्बलेटन* (टर्की २-३ इंग्ल्यान्ड)
*एलिसेन्ड्रो* (स्पोर्टिङ सिपी २-५ इन्टर एफएस)
*ओल्गा कार्मोनो* (स्विट्जरल्यान्ड ०-२ स्पेन)
*लुसी ब्रोन्जे* (लियोन ०-१ म्यानचेस्टर सिटी)






## धरहरा

### चिडिएका फ्यान



नेपालको अन्तर्राष्ट्रिय व्यापार सहजीकरणका लागि काठमाडौंको चोभारमा सुख्खा बन्दरगाह 'ड्राइपोर्ट' निर्माण गर्ने तयारी अघि बढेको छ। धेरै ठूलो दौडधुपपछि सो पोर्टको बुधबार शिलान्यास गर्ने कार्यक्रमको मिति र समय तय गरियो। पीएम ओलीले पोर्ट शिलान्यास गर्ने भन्दै उद्योग मन्त्रालयले निम्तो पठायो।

मन्त्रालयले कार्यक्रममा सहभागी हुन साढे १० को निम्तो बाँडेको थियो। सोहीअनुसार निम्तालु त्यहाँ पुगे। सञ्चारकर्मीको पनि बाक्लै जमघट थियो। नहोस् पनि कसरी, निम्तो साधारण चिठी, इमेल, फोनकल र एसएसएसबाट हैन, बकाइदा कार्ड बनाएर पठाएपछि। जब सबैको बाक्लो जमघट भयो, सबैका आँखा पीएमको गाडी आयो कि भन्दै सडकतर्फ लम्किए तर ओली पुगेनन्।

अन्ततः ओलीको कार्यव्यस्तता जनाउँदै शिलान्यास कार्यक्रम नै क्यान्सिल भएको जानकारी गराइयो। त्यसपछि 'हात्ती आयो हात्ती आयो फुस्सा' भन्दै ओलीविरुद्धको राम्रै कटाक्ष बर्सिएको धरहराले देख्यो। केही रन्थनिएका सहभागी र पत्रकार भन्दै थिए- 'राम्रै कार्यक्रम होला भनेर धूँवा, धुलो, हिलो छेल्दै यति टाढा आइयो, समय मात्रै बर्बाद भयो।'

एकथरीले भन्दै थिए- 'बुढा कुन-कुन क्षेत्रमा के-कति कर बढाउन सकिन्छ भन्ने बैठकमा विज्ञहरुको जमघटमा जुट्या होलान्, अनि किन आउथे। दुःख दिनुको पनि हद हुन्छ नी।' त्यस्तो भन्नेमा उनका पूर्वकट्टर फ्यानहरु पनि थिए।

कामना न्यूज पब्लिकेसन्स् प्रालिद्वारा प्रकाशित कार्यालय: कामना प्लाजा, भीमसेनस्थान, काठमाडौं, पो.ब.नं. २०४५, फोन: ४-२६११७९, फ्याक्स: ४-२१८९९०, Email: nepalsamacharpatra@gmail.com प्रमुख कार्यकारी अधिकृत तथा प्रबन्ध सम्पादक: दिरेकलाल श्रेष्ठ, प्रधान सम्पादक: पुष्करलाल श्रेष्ठ